# काठ तथा दाउरा संकलन र विक्री वितरणमा संलग्न रहेका संस्था तथा निकायहरुको कामकारवाही र विक्री वितरणमा देखिएका समस्याहरुको अध्ययन र विश्लेषण गरी सुझाव पेश गर्न गठित कार्यदलको प्रतिवेदन २०६९

पेश गरेको निकाय

## वन तथा भू-संरक्षण मन्त्रालय


**प्रतिवेदक**

रेशम बहादुर डाँगी, सह-सचिव (प्रा.), वन तथा भू-संरक्षण मन्त्रालय

तुलसीभक्त प्रजापती (सम्बन्धित क्षेत्रको विज्ञ)

धनञ्जय पौडेल, उप-सचिव (प्रा.), वन तथा भू-संरक्षण मन्त्रालय

प्रकाश चन्द्र अधिकारी, उप-सचिव (कानून), वन तथा भू-संरक्षण मन्त्रालय

मन बहादुर खड्का, जिल्ला वन अधिकृत, काठमाण्डौ

श्री हेमलाल अर्याल, उप-सचिव (प्रा.), वन बिभाग


## १४ जेष्ठ २०६९

## विषय सूचि


अध्याय १ ४

प्रतिवेदनको संक्षिप्त परिचय ४

१.१ पृष्ठभूमि ४

१.२ कार्यसूची: ५

१.३ उद्देश्य: ६

१.४ प्रतिवेदनका आधारभूत तत्वहरु: ६

१.५ अपनाइएको अध्ययन विधि ७

१.६ सीमितता ८

**अध्याय २** ९

**सन्दर्भ सामग्रीको पुनरावलोकन** ९

२.१ वन क्षेत्रको नीति र योजना ९

२.१.१ राष्ट्रिय वन योजना, २०३३ ९

२.१.२ वन विकास गुरु योजना, २०४६ ९

१.२.३ वन क्षेत्रको नीति, २०५७ १०

१.२.४ सान्दर्भिक आवधिक योजना ११

२.२ सान्दर्भिक छानबिन प्रतिवेदनहरु ११

तालिका १: छानविन प्रतिवेदनमा उल्लेखित सुझाव १२

२.३ वनक्षेत्रसंग सम्बन्धित प्रचलित कानून १३

तालिका २: काठ दाउरा उत्पादन तथा विक्री वितरण सम्बन्धी कानूनी व्यवस्था १४

**अध्याय ३** १७

**काठ दाउरा उत्पादनका स्रोत र जिम्मेवार निकायहरु** १७

चित्र १: काठमाडौं उपत्यकामा विभिन्न स्रोतवाट भित्रिएको काठको विवरण १७

तालिका ३: काठ दाउरा उत्पादनका स्रोतहरु तथा जिम्मेवार निकाय १८

**अध्याय ४** २०

**काठ दाउरा संकलन तथा विक्री वितरण प्रकृयामा संलग्न निकायहरु** २०

**अध्याय ५** २२

**काठ दाउराको मूल्य निर्धारण तथा वजार विश्लेषण** २२

तालिका ४: काठ दाउराको मूल्य निर्धारणका आधारहरु २३

तालिका ५: विभिन्न निकायवाट गरिएका काठ दाउरा विक्री वितरण विवरण (घन फिटमा) २५

**अध्याय ६** २६

**संस्थागत विश्लेषण** २६

तालिका नं ६: जि. व. का.को संस्थागत विश्लेषण २७

तालिका ७: सामुदायिक वन उपभोक्ता समूहको संस्थागत विश्लेषण २९

तालिका ८: साझेदारी वन उपभोक्ता समूहको संस्थागत विश्लेषण ३०

तालीका ९: वन पैदावार विकास समितिको संस्थागत विश्लेषण ३१

तालीका १०: द टिम्बर कर्पोरेशन अफ नेपालको संस्थागत विश्लेषण ३२
तालीका ११: जिल्ला वन पैदावार आपूर्ति समितिको संस्थागत विश्लेषण ३३
तालिका १२: निजीवनको संस्थागत विश्लेषण ३४
तालिका १३: काष्ठ व्यावसायीको संस्थागत विश्लेषण ३५
**अध्याय ७** **३६**
**समस्याको विश्लेषण** **३६**
तालिका १४: मूल्य अभिवृद्धि श्रृखलाको विश्लेषण ३८
१) सरकारद्वारा व्यवस्थित वन ३८
२· सामुदायिक वन ३९
३· निजी वन/आवादी क्षेत्रका रुखहरु ४०
४·टिःसिःएनः बाट कटान हुने वन क्षेत्र ४१
५· वन पैदावार विकास समिति मातहतको वन क्षेत्र ४२
६· साझेदारी वन ४३
**अध्याय ८** **४६**
**नया संस्थागत संरचनाको प्रारुप** **४६**
८·१ प्रस्तावित संरचनाको औचित्य ४६
८·२ प्रस्तावित सांगठनिक संरचना ४७
८·४ कर्मचारी व्यवस्थापन ४८
८·५ अन्तरिम व्यवस्था ४९
**अध्याय ९** **५०**
**प्रतिवेदनको निश्कर्ष तथा सिफारिश** **५०**
सन्दर्भ सामग्री ५२
**अनुसूची १** **५३**
संस्थागत विश्लेषण ५३
क) कबुलियती वन ५३
ख) संरक्षण क्षेत्र प्रणाली ५३
ग) स्थानीय निकाय तथा सार्वजनिक जग्गाको वन ब्यवस्थापन गर्ने निकाय ५५
**अनुसूची २** **५७**
मूल्य अभिवृद्धि श्रृंखला ५७
क) दहत्तर वहत्तर ५७
ख) नेपाल सरकारको निर्णयले विभिन्न विकास आयोजना सञ्चालनको लागि कटान गरिने रुखहरु ५८
**अनुसूची ३** **५९**
बहुसरोकारवालाहरुसंगको अन्तरक्रियाको संक्षिप्त टिपोट ५९

# अध्याय १

## प्रतिवेदनको संक्षिप्त परिचय

### १.१ पृष्ठभूमि

नेपालको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा वन क्षेत्रको महत्वपूर्ण भूमिका रहेको हुंदा नेपालको अन्तरिम संविधान २०६३ को धारा ३४ को उपधारा (४) र (५) मा यसको वुद्धिमत्तापूर्ण उपयोग र वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न राज्यले प्राथमिकता दिने प्रष्ट रुपमा उल्लेख भएको छ। नेपालको अधिकांश जनसमुदाय ग्रामीण क्षेत्रमा वसोवास गर्ने हुंदा उनीहरुको जीविकोपार्जनमा वन स्रोतले प्रत्यक्ष वा अप्रत्यक्ष ढंगवाट टेवा पुऱ्याइ रहेको छ। दैनिक जीवनयापनको लागि आवश्यक पर्ने दाउरा एवम् पशुधनलाई आवश्यक पर्ने डालेघांसको ठूलो अंश वन क्षेत्रवाट आपूर्ति हुने हुंदा यसले वनस्रोत र जीविकोपार्जनबीच रहेको अन्योन्याश्रित सम्बन्धलाई स्वतः उजागर गर्दछ।

नेपाल जलविद्युतको लागि अपार सम्भावना रहेको मुलुकको रुपमा चिनिन्छ। स्वच्छ उर्जाको रुपमा जलविद्युतलाई विकास गर्न जलाधार क्षेत्रहरुको प्रभावकारी संरक्षण हुन जरुरी छ। जलाधार संरक्षणमा वन क्षेत्रको महत्वपूर्ण भूमिका रहेकोले जलविद्युत विकासको लागि वन स्रोतको प्रभावकारी संरक्षण एवम् बुद्धिमतापूर्ण उपयोग गर्नु पर्दछ। नेपालमा कृषि क्षेत्र आर्थिक वृद्धिको मेरुदण्ड भए तापनि कृषि भूमिको निरन्तर खण्डीकरण, निर्वाहमुखी खेती प्रणाली, न्यून लगानी, कमजोर वजारको पूर्वाधार आदि कारणले गर्दा कृषि क्षेत्रको उत्पादकत्वलाई सन्तुलन गर्न वन क्षेत्रमा आश्रित हुनु पर्ने वाध्यता रहेको छ।

वन क्षेत्रवाट संकलन गरिने वन पैदावारको परिमाण र गुणस्तर तथा वन क्षेत्रवाट हटाइने जैविक पिण्डले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि क्षेत्रको उत्पादकत्वमा प्रभाव पार्ने हुंदा काठ दाउरा उत्पादन र विक्री वितरण प्रक्रियालाई आम नागरिकको जीविकोपार्जन र खाद्य सुरक्षाको दृष्टिकोणबाट समेत विश्लेषण गर्नु उपयुक्त हुन्छ। वन स्रोतको प्रभावकारी संरक्षण, व्यवस्थापन र उचित सदुपयोगबाट कृषि, जलस्रोत, पर्या-पर्यटन, उद्योग जस्ता आर्थिक रुपले महत्वपूर्ण मानिएका क्षेत्रहरुको दिगो विकासमा सहयोग पुग्दछ। वन स्रोतको निरन्तर विनाश (deforestation) एवम् क्षयीकरण (degradation) ले स्थानीय पारिस्थितिकीय प्रणाली, आर्थिक-सामाजिक अवस्था तथा सांस्कृतिक मूल्य र मान्यतामा नकारात्मक प्रभाव पर्ने भएकोले यसबाट आम जनसमुदायको जीविकोपार्जनमा प्रतिकूल असर पर्दछ। विशेषतः दैनिक जीवनयापनको लागि वन स्रोतमा आश्रित रहेका सीमान्तकृत समुदायहरु वढी जोखिममा पर्दछन्।

विभिन्न छानबिन आयोग/समिति/कार्यदलका प्रतिवेदन एवम् नीतिगत दस्तावेजले वन क्षेत्रको विनाश एवम् क्षयीकरणलाई कम गर्न विभिन्न नीतिगत एवम् संस्थागत सुधारको आवश्यकता रहेको औंल्याएका छन्। ती सुझावहरुको सफल कार्यान्वयन हुन नसकेको कारणवाट वन क्षेत्रमा विभिन्न कमी कमजोरीहरुले निरन्तरता पाएका छन्। काठ दाउरा संकलन तथा विक्री वितरणमा देखिएका कमी कमजोरीलाई हटाउन राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, व्यवस्थापिका संसद, प्राकृतिक स्रोत र साधन समिति जस्ता निकायबाट समेत वन तथा भू-संरक्षण मन्त्रालयलाई पटक पटक निर्देशन प्राप्त हुने गरेको छ।

वन क्षेत्रमा हुने गरेका अनियमितताका सम्वन्धमा आम सञ्चार माध्यमवाट सम्प्रेषण गरिएका सूचनाले आम नागरिकलाई सुसूचित गर्न सहयोग पुगेको भए तापनि यसले समग्रमा वन क्षेत्रमा कार्यरत राष्ट्रसेवकहरुको मनोवललाई हतोत्साहित पारेको छ । आम जनसमुदायमा वन विनाश एवम् वन क्षयीकरणप्रति चासो वढ्दै गैरहेको छ । आम सञ्चार माध्यमवाट वनक्षेत्र संग सम्बन्धित नकारात्मक सूचनाहरुको निरन्तर सम्प्रेषण हुने गरेको तर वन संगठनवाट सम्पादन भएका राम्रा अनुकरणीय कृयाकलापहरुको कमै मात्र सम्प्रेषण गरिने हुंदा आम नागरिकको वन संगठनप्रति पूर्वाग्रही सोंच रहेको पाइन्छ । यस संगठनबाट प्रत्यक्ष रुपमा सेवा प्राप्त गरिरहेका सेवाग्राहीबाट समेत पटक पटक जनगुनासो आउने हुंदा संगठनको कार्यशैलीमा नै परिवर्तन गर्नुपर्ने आवश्यकता रहेको महसुस हुन्छ ।

व्यवस्थापिका संसद, प्राकृतिक स्रोत र साधन समितिले सार्वजनिक गरेको वन संरक्षण समस्या अध्ययन प्रतिवेदन, २०६७ ले समेत वन क्षेत्रमा आमूल परिवर्तनको आवश्यकता रहेको संकेत गरेको छ। फलस्वरुप, वन तथा भू-संरक्षण मन्त्रालयको मिति २०६८।०७।०६ को श्रीमान् सचिवज्यूको अध्यक्षतामा वसेको वैठकले वन क्षेत्रको वन पैदावारको उत्पादन र विक्री वितरण सम्वन्धमा भएका विद्यमान व्यवस्थाको पुनरावलोकन गरी भविष्यमा के कस्तो व्यवस्था गर्न उपयुक्त हुन्छ भन्ने विषयमा अध्ययन गरी तद्अनुसार निर्णय गर्न उपयुक्त हुने निर्णय गरेको थियो । सोही निर्णयलाई कार्यान्वयन गर्ने क्रममा कार्यदल गठन गर्ने गृहकार्य भएको हो ।

नेपाल सरकार (सचिवस्तरको) मिति २०६८।११।२६ को निर्णय अनुसार काठ दाउराको उत्पादन तथा विक्री वितरण कार्यमा संलग्न संस्था र निकायहरुको कार्यप्रणाली र प्रक्रियावारे अध्ययन गरी भविष्यमा के कस्तो गर्न उपयुक्त हुन्छ सो को सुझाव सहितको विश्लेषणात्मक प्रतिवेदन तयार गर्न सह-सचिव (प्रा.) रेशम बहादुर डांगीको संयोजकत्वमा निम्न ६ सदस्यीय कार्यदल गठन गरी २०६८ साल चैत्र मसान्तसम्मको समयावधिभित्र देहायबमोजिमको नौ बुंदे कार्यसूचीको अधिनमा रही प्रस्तुत प्रतिवेदन पेश गर्ने कार्यादेश भएको थियो ।

**कार्यदलको संरचनाः**

| | |
|---|---|
| सह-सचिव (प्रा.) रेशम बहादुर डाँगी, वन तथा भू-संरक्षण मन्त्रालय | संयोजक |
| उप-सचिव (प्रा.) धनञ्जय पौडेल, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| उप-सचिव (कानून) प्रकाशचन्द्र अधिकारी, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| सम्बन्धित क्षेत्रको विज्ञ - तुल्सी भक्त प्रजापती | सदस्य |
| जिल्ला वन अधिकृत मन बहादुर खड्का, जिल्ला वन कार्यालय, काठमाण्डौ | सदस्य |
| उप-सचिव (प्रा.) हेमलाल अर्याल, वन बिभाग | सदस्य-सचिव |

**१.२ कार्यसूचीः**

(क) हाल काठ तथा दाउरा उत्पादन र बिक्री गर्ने निकायहरुको पहिचान गरी तिनीहरुको सवल पक्ष, कमजोरी, अवसर र चुनौतीको विश्लेषण (SWOT Analysis) गरी सुझाव दिने,

(ख) हाल काठ तथा दाउरा उत्पादन र बिक्री गर्ने निकायहरुका साथै अन्य विकल्पको बारेमा नीतिगत तथा संस्थागत संरचना समेत स्पष्ट गरी सुझाव दिने,

(ग) काठ तथा दाउरा उत्पादन र बिक्री गर्नको लागि विभिन्न तहहरु (Tiers) को संस्थागत संरचना र आर्थिक दिगोपना समेत स्पष्ट हुने गरी सुझाव दिने,

(घ) काठ तथा दाउरा बिक्री गर्नका लागि उपभोक्ता समूह, छिमेकी समूह, जिल्लाभित्र र जिल्लाबाहिर कायम गरिने न्यूनतम मूल्य, बिक्री प्रकृया र संस्थागत संरचनाको बारेमा सुझाव दिने,

(ङ) काठ तथा दाउराको अभाव भएका क्षेत्रहरुका जनताको लागि सरल र सुलभ रुपमा काठ तथा दाउरा आपूर्तिलाई सुनिश्चित गर्ने प्रकृया र संस्थागत संरचनाको बारेमा सुझाव दिने,

(च) वैकल्पिक संरचनाको मन्त्रालय, विभाग, कार्यालय, उपभोक्ता समूहसंगको सम्बन्ध र कार्यक्षेत्र निर्धारण प्रस्ताव गर्ने,

(छ) वैकल्पिक संरचना स्थापना भएमा मन्त्रालय, विभाग र कार्यालयको काम, कर्तब्य र अधिकारको निर्धारण गर्ने,

(ज) काठ तथा दाउराको बिक्री बितरण गर्न उपरोक्त अनुसार सिफारिश हुने निकायको संस्थागत संरचना र कानूनी आधार तयार नहुँदा सम्मको लागि वर्तमान निकायहरुबाट काठ तथा दाउराको बिक्री बितरणलाई पारदर्शी, सरल र सुलभ बनाउने बारेमा सुझाव दिने,

(झ) आवश्यकता अनुसार कार्यदलले स्थलगत अध्ययन गरी सम्बद्ध सरोकारवालाहरुको सुझाव समेत लिन सक्ने ।

## १.३ उद्देश्य:

निम्न उद्देश्य राखी प्रस्तुत प्रतिवेदन तयार गरिएको छ :-

क) काठ दाउरा उत्पादन र बिक्री वितरण प्रक्रियामा के कस्ता सवाल र चुनौतीहरु विद्यमान रहेका छन् सो को पहिचान गर्ने,

ख) काठ दाउरा उत्पादन तथा बिक्री वितरण प्रकृयालाई पारदर्शी, प्रतिस्पर्धी र जिम्मेवारपूर्ण वनाउन विद्यमान नीति, संस्थागत संरचना र कार्यान्वयन प्रकृयामा के कस्तो सुधारको आवश्यकता रहेको छ सो को तर्कपूर्ण ढंगवाट विश्लेषण गर्ने,

ग) काठ दाउरा उत्पादन तथा बिक्री वितरण सम्वन्धमा उपलब्ध छानबिन र अध्ययन प्रतिवेदन तथा प्रकाशित अनुसन्धानात्मक कृतिहरुलाई समेत आधार मानी भविष्यको लागि के कस्तो नीतिगत, संस्थागत र प्रक्रियागत सुधारको आवश्यकता पर्दछ सो वारे राय सुझाव प्रस्तुत गर्ने,

घ) हाल काठ दाउरा उत्पादन र विक्रीमा संलग्न रहेका निकाय वा संस्थाहरुवाट सम्पादित कार्यको प्रभावकारिताको आंकलन गरी त्यसमा कार्यरत रहेका दक्ष जनशक्तिहरुको अधिकतम् उपयोग एवम् अनुत्पादक जनशक्तिको व्यवस्थापन गर्ने सम्वन्धमा सुझाव पेश गर्ने,

(ङ) काठ दाउरा विक्री वितरणका लागि आर्थिक रुपले आत्म निर्भर, व्यावसायिक, सेवामुखी, उद्देश्यमूलक र परिणाममुखी नयाँ संस्थागत संरचनाको प्रारुप तयार गरी पेश गर्ने ।

## १.४ प्रतिवेदनका आधारभूत तत्वहरु:

वन क्षेत्रबाट काठ दाउरा संकलन र बिक्री बितरण प्रक्रियामा संलग्न रहेका संस्था तथा निकायहरुको कामकारबाहीमा देखिएका समस्याहरुको अध्ययन र विश्लेषण गर्न निम्न तत्वहरुलाई आधार मानिएको छ :-

- काठ दाउरा उत्पादनका स्रोतहरु,
- काठ दाउरा संकलन तथा विक्री वितरण प्रक्रिया,

- काठ दाउरा उत्पादन एवम् आपूर्तिमा संलग्न निकायहरु,
- न्यूनतम विक्री मूल्य निर्धारणको प्रकृया,
- काठ दाउरा आपूर्तिको अवस्था,
- मूल्य अभिवृद्धि श्रृङ्खलामा संलग्न सरोकारवाला निकाय वा संस्थाहरु,
- उत्पादन र विक्रीमा संलग्न निकाय वा संस्थाको संस्थागत विश्लेषण,
- उत्पादन र विक्री वितरणमा देखिएका सवाल, चुनौती तथा जोखिमहरु,
- वैकल्पिक संस्थागत संरचनाको प्रारुप ।

उल्लेखित तत्वहरुको विश्लेषणका आधारमा वन क्षेत्रवाट आम जनसमुदायलाई काठ दाउरा सरल र सुलभ आपूर्तिको व्यवस्था मिलाई स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने अभिप्रायका साथ प्रस्तुत प्रतिवेदन तयार गरिएको छ । समग्रमा वनको दिगो व्यवस्थापनवाट उत्पादन क्षमता अभिवृद्धि गरी उत्पादित वस्तुको विक्री वितरण प्रकृयालाई पारदर्शी एवम् सेवामुखी वनाउन विद्यमान संस्थागत संरचना एवम् प्रक्रियामा रहेका कमी कमजोरीहरुलाई विश्लेषण गरिएको छ । सोही विश्लेषणको आधारमा कमी कमजोरीलाई हटाउन आवश्यक पर्ने नीतिगत एवम् संस्थागत संरचनाको प्रारुप तयार गरी यस प्रतिवेदनमा समावेश गरिएको छ ।

## १.५ अपनाइएको अध्ययन विधि

यो प्रतिवेदन तयारीको लागि आवश्यक पर्ने तथ्याङ्क, विवरण, जानकारी आदि निम्न स्रोतहरुवाट संकलन गरिएको थियो :-

- वनक्षेत्रसंग सम्बन्धित विभिन्न नीति तथा कानूनी दस्तावेजहरु,
- उपलब्ध छानविन प्रतिवेदनहरु,
- सम्बन्धित निकायहरुवाट प्राप्त अभिलेख,
- बहुसरोकारवालाहरुसंगको अन्तरक्रिया,
- प्रकाशित अनुसन्धानात्मक कृतिहरु,
- विद्युतीय संजालमा अन्तरक्रिया (E-discussion),
- विज्ञहरुसंग अनौपचारिक छलफल,
- कार्यदलको २१ पटक औपचारिक वैठक वसी सघन रुपमा छलफल ।

उपरोक्त स्रोतबाट संकलित तथ्याङ्कहरुको आधारमा चित्र, तालीका र चार्ट तयार गरी विश्लेषण गरिएको छ । नीतिगत तथा संस्थागत संरचनाको विश्लेषणका लागि SWOT एवम् सरोकारवालाको नक्साङ्कन (Stakeholder mapping) विधि अपनाइएको छ । उत्पादन र विक्री वितरणका क्रममा देखिएका विसंगतिको सम्बन्धमा विश्लेषण गर्न बहुसरोकारवालासँगको छलफल, उपलब्ध अध्ययन तथा छानविन प्रतिवेदन, विज्ञहरुको राय सुझाव, यस विषयमा उपलब्ध प्रकाशित अनुसन्धानात्मक लेख रचना आदिको सहयोग लिइएको छ ।

## १.६ सीमितता

- कार्यसूचीमा उल्लेख भएका कार्यहरुको क्षेत्र ज्यादै फराकिलो र स्पष्ट नभएकोले यसले अपेक्षा गरेका क्षेत्रहरुको सुक्ष्मरुपमा अध्ययन गर्न उपलब्ध समय प्रयाप्त नभएको,
- कार्यदलका अधिकांश सदस्यहरु आ-आफ्नो कार्यालयको दैनिक कार्यमा समेत ब्यस्त रहनु पर्ने भएकोले समय व्यवस्थापनमा कठिनाई महसुस गरिएको,
- कार्यदललाई प्राप्त कार्यादेशको कार्यसूचीको बुंदा नं. ४ मा प्रस्तुत प्रतिवेदन तयार गर्नका लागि विविध खर्च वापत रकम उपलब्ध गराउने उल्लेख भए तापनि प्रतिवेदन पेश गर्ने अवस्थासम्म आइपुग्दा पनि सो प्राप्त हुन नसकेकोले कार्यसूचीमा उल्लेख गरिएको काठ दाउरा उत्पादन र बिक्री गर्ने प्रमुख निकायहरुको कार्य क्षेत्रको स्थलगत अध्ययन, अवलोकन र विज्ञहरुसंगको अन्तरक्रिया गर्न सकिएन । तसर्थ, उपलब्ध तथ्य तथ्याङ्कमा सीमित रही कार्यदल सदस्यबीच सघन रुपमा छलफल गरी प्रस्तुत प्रतिवेदन तयार गरिएको,
- स्रोतको सीमितता (आर्थिक / समय) को कारणवाट मुलुकको सवै क्षेत्रलाई प्रतिनिधित्व गर्ने तथ्याङ्क संकलन गर्न नसकिएकोले उपलब्ध तथ्य तथ्याङ्कै आधारमा विश्लेषण गरिएको ।

## अध्याय २

## सन्दर्भ सामग्रीको पुनरावलोकन

### २१ वन क्षेत्रको नीति र योजना

यस अध्यायमा निम्न नीति र योजनाहरुको पुनरावलोकन गरिएको छ :-

### २११ राष्ट्रिय वन योजना, २०३३

वन क्षेत्रको विषयमा पहिलो पटक दोस्रो पञ्चवर्षीय योजना (सन् १९६१-१९६५) ले उल्लेख गरे लगत्तै नेपालमा प्रथम पटक राष्ट्रिय वन योजना, २०३३ प्रादुर्भाव भएको हो । यस योजना मुख्यतयाः निम्न उद्देश्यहरुमा केन्द्रित रहेको थियो :-

- आम नागरिकको जीवनस्तरमा सुधार गर्न दैनिक उपभोग्य वस्तु जस्तैः काठ, दाउरा, डालेघाँस आदिमा आत्मनिर्भर वनाउने,
- प्राकृतिक एवम् पारिस्थितिकीय प्रणालीको सन्तुलन कायम तथा सुधार गर्न जलाधार संरक्षण एवम् स्वस्थ वनको विकास गर्ने,
- वैज्ञानिक वन व्यवस्थापन प्रणालीलाई अबलम्वन गर्ने,
- प्रविधि तथा ज्ञानको विकास गर्ने,
- आम नागरिकको वन व्यवस्थापनमा सहभागिता जुटाउने ।

यो योजनाले लगानी-प्रतिफल (Input-output) एवम् मूल्य अभिवृद्धि प्रकृया (conversion process) लाई आत्मसात् गरेको छ । वन स्रोतवाट उत्पादित वस्तुहरु कच्चा पदार्थको रुपमा निर्यात गर्ने परम्परालाई दुरुत्साहित गरी स्थानीय स्तरमा मूल्य अभिवृद्धि गर्न वनमा आधारित उद्यम/उद्योगको प्रवर्द्धन एवम् विकास गर्न जोड दिएको छ । वन विकास गुरु योजना आउनु भन्दा अगाडिका आवधिक योजनाहरुले यसै योजनालाई मूख्य नीतिगत दस्तावेजको रुपमा अनुसरण गरेको पाइन्छ ।

वनमा हुने अनियमित क्रियाकलापलाई नियमन गर्न काठ ब्यापारीहरुलाई खडारुख कटान गर्ने कार्यमा संलग्न गराउने परिपाटीमा रोक लगाउन यस योजनाले सुझाव दिएको थियो । काठका ब्यापारीहरुको पहुंच कटान मुछानवाट प्राप्त गिण्डाहरु घाटगद्दी गरेको स्थानसम्म मात्र सीमित गर्नु पर्दछ भन्ने मान्यता राखेको थियो । खडारुख लिलामलाई वन्द गरी कटान गरिने रुखहरुको छनोट स्वीकृत कार्ययोजना अनुसार सम्बन्धित जिल्ला वन अधिकृतको प्रत्यक्ष निगरानीमा वन सम्बर्द्धन शास्त्र (Silviculture) को सिद्धान्त अनुसार कटानयोग्य रुखहरु मात्र कटान गरी काठहरु डिपोवाट मात्र स्थानीय तथा वजारको मागलाई आपूर्ति गर्न विक्री वितरण गर्ने व्यवस्था मिलाउन सुझाव दिएको थियो ।

### २१·२ वन विकास गुरु योजना, २०४६

वन विकास गुरु योजना, २०४६ को प्रादुर्भाव भए पश्चात् वन क्षेत्रको सर्वाङ्गीण विकासको लागि तर्जुमा गरिएका दीर्घकालीन नीति, ऐन नियम, संगठन तथा आवधिक योजनाहरु यसै योजनाको सोंच अनुरुप तयार भएका हुन् । मूख्यतयाः जनतालाई दैनिक रुपमा जीवनयापन गर्न आवश्यक पर्ने वन पैदावार (काठ दाउरा) को उत्पादन र सदुपयोगलाई प्राथमिकता दिन निम्न उद्देश्य राखेको छ :-

- सर्वसाधारण जनताको आधारभूत आवश्यकता (काठ, दाउरा, डालेघांस) को परिपूर्ति,
- वन र खेती प्रणालीवीच सामञ्जस्यता,
- पारिस्थितिकीय प्रणालीको सन्तुलन,
- वन पैदावारमा आधारित उद्यम विकास ।

यस योजनामा प्राथमिकतामा समावेश भएका ६ कार्यक्रमहरु मध्ये वनजन्य उद्योग विकास पनि एक हो । यसले वन जन्य उद्योग विकासका लागि निजी क्षेत्रको लगानी आर्कषित गर्न के कस्तो कानूनी र संस्थागत संरचनाको आवश्यकता पर्ने हो सो विषयमा विस्तृत अध्ययनको आवश्यकता रहेको औंल्याएको छ । काठको आपूर्तिमा देखिएका अनिश्चितताले काष्ठ उद्योगको विकासमा वाधा पर्ने र निरन्तर आपूर्तिको प्रत्याभूति नहुंदा निजी क्षेत्रको लगानीलाई आर्कषित गर्न नसकिने तर्क प्रस्तुत गरेको छ जुन अहिले पनि सान्दर्भिक छ ।

सरकारी निकायबाट संरक्षण प्राप्त काष्ठजन्य वन पैदावारमा आधारित व्यवसायिक संस्थाहरुको कार्य क्षमता र प्रभावकारिता संतोषजनक नभएकोले निजी क्षेत्रको संलग्नतालाई अभिवृद्धि गर्दै संस्थाहरुलाई समेत निजीकरण गर्नुपर्ने सुझाव दिएको छ । यी संस्थाहरुलाई निजी क्षेत्रसंग प्रतिष्पर्धाको आधारमा काठ दाउरा आपूर्ति गर्ने व्यवस्थालाई आत्मसात् गर्न सकेमा मात्र त्यस्ता संस्थानको औचित्य पुष्टि हुने उल्लेख गरेको छ । वन विकास गुरु योजनाले सार्वजनिक - निजी क्षेत्रवीच समन्वय र सहकार्यमा सुधार गर्नुपर्ने सुझाव दिए अनुरुप नवौं पञ्चवर्षीय योजना पश्चात्का सवै आवधिक योजनाहरुले यसै रणनीतिलाई आत्मसात् गरेका छन् ।

### १.२.३ वन क्षेत्रको नीति, २०५७

यो नीतिले मुख्यतया निम्न चार उद्देश्यहरु हासिल गर्ने लक्ष राखेको छ :-

- आधारभूत आवश्यकताको परिपूर्ति,
- वन स्रोतको दिगो उपयोग,
- सहभागितामूलक निर्णय प्रक्रिया,
- समन्यायिक लाभांश वितरण तथा आर्थिक सामाजिक विकास ।

यसले वन स्रोत र कृषि प्रणाली बीचको अन्योन्याश्रित सम्बन्धलाई दिगो रुपमा विकास गर्ने दीर्घकालीन उद्देश्य राखी संस्थागत ढांचा र कानूनी सुधारलाई दीर्घकालीन उद्देश्य हासिल गर्ने सहयोगीको रुपमा उल्लेख गरेको छ । जनसहभागितामूलक वन व्यवस्थापन तथा संस्थागत सुदृढीकरणलाई अल्पकालीन उद्देश्यको रुपमा लिएकोले यस नीतिको प्रादुर्भाव पश्चात्का आवधिक योजना तथा कार्यक्रमहरु समुदायमा आधारित वन व्यवस्थापन, संस्थागत विकास र क्षमता अभिवृद्धि तर्फ उन्मुख भएका छन् । यसले हरियो रुख नकाट्ने सुझाव दिएकोले समग्र वन व्यवस्थापनमा सकारात्मक भन्दा नकारात्मक असर वढी परेको वन क्षेत्र व्यवस्थापनमा संलग्न विज्ञहरुको ठहर छ ।

### १.२.४ सान्दर्भिक आवधिक योजना

सातौ पञ्चवर्षीय योजना (सन् १९८५ - १९९०) ले राष्ट्रिय वन योजना, २०३३ लाई आधारपत्रको रुपमा आत्मसात् गरी कार्यक्रम प्रस्ताव गरेको देखिन्छ । फलस्वरुप वृक्षारोपण तथा जलाधार संरक्षणमा लगानी वृद्धि गरी पारिस्थितिकीय सन्तुलन, आर्थिक सम्वृद्धि एवम् आपूर्तिमा सहयोग पुचाउन स्थानीय रुपमा जनसहभागिताको व्यापक रुपमा परिचालन गर्ने सोंच राखेको देखिन्छ ।

आठौं पञ्चवर्षीय योजना (सन् १९९० - १९९५) ले निजी वन, कबुलियती वन तथा सामुदायिक वनमा जोड दिंदै निजी क्षेत्रलाई वन पैदावार विक्री वितरणमा प्रोत्साहन गर्ने उद्देश्य राखेको पाइन्छ । औद्योगिक वनको विकास गर्ने नीति अबलम्वन गरे तापनि यस अवधिमा निजीक्षेत्रको लगानीका लागि खासै प्रोत्साहन हुन सकेको देखिदैन । तत्पश्चात्का आवधिक योजनाहरुले वन विकास गुरु योजनालाई पथ प्रदर्शकको रुपमा आत्मसात् गरी सोही अनुसार नीति, रणनीति र योजना तर्जुमा गरेको देखिन्छ ।

नवौं पञ्चबर्षीय योजना (सन् १९९६-२०००) देखि नेपाल सरकारको स्वामित्वमा रहेका सार्वजनिक संस्थानहरुलाई निजीकरण गर्ने प्रक्रियाले गति प्राप्त गरी नेपाल रोजिन एण्ड टर्पेन्टाइन कम्पनीलाई निजीकरण गरिएको भए तापनि वन तथा भू संरक्षण मन्त्रालय मातहतका अन्य सार्वजनिक संस्थानहरुमा निजीकरणको प्रक्रियाले गति लिन सकेको छैन ।

### २.२ सान्दर्भिक छानबिन प्रतिवेदनहरु

विगत तीन चार बर्ष यता वनको व्यापक विनाश, अतिक्रमण र वन पैदावार चोरी निकासीका घटनाहरु विभिन्न संचार माध्यमवाट निरन्तर सम्प्रेषण हुने गरेका छन् । वि.सं. २०६७ सालमा मात्रै तीनवटा छानविन आयोग तथा समिति गठन भई सम्बन्धित निकायमा प्रतिवेदन पेश गरेका छन् । उपरोक्त प्रतिवेदनहरुमा पूर्व सचिव सुशील भट्टराईको छानविन प्रतिवेदन, पूर्व मूख्य न्यायाधिशको अध्यक्षतामा गठित उच्चस्तरीय तीन सदस्यीय जाँचबुझ आयोगको प्रतिवेदन र व्यवस्थापिका संसद, प्राकृतिक स्रोत साधन समितिको वन संरक्षण समस्या अध्ययन प्रतिवेदन पर्दछन् । यी प्रतिवेदनहरुले वन विनाश, वन अतिक्रमण र सामुदायिक वन सम्बन्धी छानविन गरी दोषी उपर कार्वाही गर्न निर्देशनात्मक सुझावका साथै वन विनाश, काठ दाउरा संकलन एवम् विक्री वितरण प्रक्रियामा देखिएका विसंगतिहरु र निकायपिच्छे देखिएको विक्री मूल्यमा विविधता जस्ता विषयलाई प्रमूख मुद्दाको रुपमा उठाएका छन् । केही उल्लेखनीय मुद्दाहरु निम्नानुसार छन् :-

- वनको अवस्था, उत्पादन क्षमता र कार्ययोजनाले निर्दिष्ट गरेको सिफारिशलाई नजर अन्दाज गरी आर्थिक प्रलोभनमा परेर छानी छानी रुखहरु कटानी, फडानी गरी गैह्र कानूनी प्रक्रियाले बिक्री वितरण गर्ने गरेको,
- लिलाम प्रक्रिया पारदर्शी नहुँदा संकलन स्थलको वन पैदावारको विक्री मूल्य र बजार मूल्यबीच ठूलो अन्तर रहेको,
- स्वीकृत वन कार्ययोजनामा उल्लेखित वार्षिक स्वीकार्य संकलन परिमाण भन्दा बढी संकलन गर्ने गरेको,

- वार्षिक स्वीकार्य परिमाण भन्दा वढी संकलन भएको परिमाणलाई समर्थन गर्ने गरेको,
- विगत बर्षहरुमा कटान नभएका सामुदायिक वनहरुमा वन कार्ययोजनामा स्वीकृत वार्षिक स्वीकार्य संकलन परिमाणलाई एकमुष्ट जोडी एउटै वर्षमा कटान सहमति दिने गरेको,
- काठ विक्री गर्ने उद्देश्यवाट प्रेरित भई एउटै उपभोक्ता समूहलाई अर्को वनहरु समेत अन्य सामुदायिक वनको रुपमा नामाकरण गरी हस्तान्तरण गर्ने गरेको,
- छपान मूल्याङ्कनमा उल्लेख भएको काठ दाउरा संकलन परिमाण भन्दा यथार्थ कटान परिमाण अस्वभाविक रुपमा वढी रहेको देखिएको,
- गोलिया हुने काठलाई दाउरा बनाई बिक्री गरेको,
- अनुगमन व्यवस्था फितलो रहेको ।

वन तथा भू-संरक्षण मन्त्रालयवाट तत्कालीन सहसचिव जमुनाकृष्ण ताम्राकारको संयोजकत्वमा वन क्षेत्रको लोकतान्त्रीकरण, सुशासन र दिगो व्यवस्थापन गर्न सुझाव पेश गर्न गठित कार्यदल, २०६३ ले काठ दाउरा उत्पादन र बिक्री वितरणलाई प्रभावकारी वनाउन निम्न सुझावहरु पेश गरेको छ :-

- वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतका टि.सि.एन.., जिल्ला वन पैदावार आपूर्ति समिति र वन पैदावार विकास समिति जस्ता अर्ध सरकारी निकायहरुको प्रभावकारिताको समीक्षा गरी यिनीहरुले गर्ने गरेको कतिपय कामहरु निजीक्षेत्रलाई जिम्मेवारी दिने,
- राज्यले निजी क्षेत्र तथा समुदायलाई लगानी तथा व्यावसायिक प्रतिस्पर्धाको वातावरण बनाई साझेदारीमा लगानी गर्ने वातावरण निर्माण गर्न सहजीकरण गर्ने,
- वन पैदावारको आपूर्तिमा समेत निजी तथा व्यावसायिक क्षेत्रलाई अवसर दिने तथा यस किसिमका सरकारी निकायको भूमिकामा पुनरावलोकन गर्ने,
- निजी क्षेत्रमा वन विस्तार गर्न निजी जग्गामा उत्पादित वन पैदावार आफूखुसी वेचविखन र ओसारपसार सम्बन्धी प्रावधानलाई सरलीकरण गर्ने जस्ता प्रवर्द्धनात्मक नीति अपनाउने ।

उल्लेखित प्रतिवेदनहरुले दिएको सुझावहरुको विस्तृत विवरण निम्न तालीकामा प्रस्तुत गरिएको छ :-

**तालिका १: छानविन प्रतिवेदनमा उल्लेखित सुझाव:**

| व्यवस्थापिका संसद, प्राकृतिक स्रोत साधन समितिको वन संरक्षण समस्या अध्ययन प्रतिवेदन, २०६७ | वन विनाश, वन अतिक्रमण र सामुदायिक वन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन, २०६७ | पूर्व सचिव सुशील भट्टराईले पेश गरेको प्रतिवेदन, २०६७ |
|---|---|---|
| • वन ऐन, २०४९, वन नियमावली, २०५१ बमोजिम जिल्ला वन कार्यालयले वन पैदावार विक्री गर्ने सबै प्रावधानहरु खारेज गरी वन सेवा अन्तर्गतका कर्मचारीलाई वन व्यवस्थापन र अर्धन्यायिक अधिकार मात्र प्रदान गर्ने गरी ऐन नियम संशोधन गर्ने र वन पैदावार विक्री वितरणको भरपर्दो वैकल्पिक संयन्त्र निर्माण गरी कार्यान्यन गर्ने<br>• काठ खरिद विक्रीको लागि विद्यमान व्यवस्थाको | दीर्घकालीन:<br>• वनको संरक्षण र व्यवस्थापन गर्ने कार्य जिल्ला वन कार्यालयबाट र वनको सदुपयोगको कार्य अर्को छुट्टै निकायबाट हुनुपर्ने<br>• जङ्गलमा निश्चित साइज माथिका रुखको नम्बरिङ्ग गरी लगत अभिलेख राख्ने<br>• भौगोलिक क्षेत्र अनुकूल वनको वर्गीकरण गरी वन व्यवस्थापन पद्धति अपनाइनु पर्ने<br>• वन पैदावारमा आधारित उद्योग प्रर्वद्धनका लागि | • वन ऐन र नियमावली संशोधन गर्नुपर्ने<br>• वन पैदावारमा आधारित उद्योग वनक्षेत्रबाट ५ कि.मी. टाढा राख्ने<br>• काठ ग्रेडिङ्ग र |

| | | |
|---|---|---|
| सट्टामा बहुपक्षीय सरोकारवालाहरु संलग्न एक प्रभावकारी वेग्लै संयन्त्र बनाउने र सामान्यत: स्थानीय आवश्यकता परिपूर्ति गरेपछि मात्र जिल्ला बाहिर पठाइने व्यवस्था गर्ने<br><br>• नेपालका विभिन्न भौगोलिक क्षेत्रहरुमा कुन पद्धतिबाट वनको व्यवस्था गर्नु पर्ने हो स्पष्ट धारणा सहितको राष्ट्रिय वन नीति बनाई कानूनी व्यवस्था गर्ने<br>• हिमाल, पहाड र तराईको वन व्यवस्थापनको अलग अलग मापदण्ड र व्यवस्थापन पद्धति अपनाउनु पर्ने<br>• सामुदायिक वनमा उत्पादित काठ दाउरा कटानी, ढुवानी र बिक्री वितरणको लागि प्रत्येक जिल्लामा जिल्लाभरिका सामुदायिक वन उपभोक्ता समूहहरुको प्रतिनिधित्व रहेको सहकारी संस्था निर्माण गर्ने र समूह स्वयंले आफ्ना उपभोक्तालाई बाहेक बजारमा सोझै काठ दाउरा बिक्री वितरण नगरी खुल्ला र पारदर्शी प्रक्रिया अपनाई यही सहकारी मार्फत गर्ने गराउने<br>• सहकारी संस्थाले जिल्ला भित्र विभिन्न ठाउँमा डिपोको व्यवस्था गरी जिल्लाको काठ दाउराको आपूर्ति व्यवस्था गर्ने<br>• काठ दाउरा विक्री वितरण गर्ने गरी खडा गरिएका टि.सी.एन. एवम्‌वन पैदावार विकास समिति जस्ता निकायहरुको औचित्य र आवश्यकताको आधारमा समेत मूल्याङ्कन गरी तिनीहरुको संगठनात्मक संरचनामा परिर्वतन गर्ने | एवम् आपूर्ति व्यवस्थालाई अनुमानयोग्य बनाउन राष्ट्रिय काठ दाउरा उत्पादन तथा आपूर्ति योजना तयार गरी कार्यान्वयन गर्ने र यसको अनुगमनको छुट्टै संयन्त्र वनाउने<br>• वन तथा भू संरक्षण मन्त्रालयको सांगठनिक संरचनामा सुधार गरी वन पैदावार उपयोग तथा बिक्री वितरणमा संलग्न सबै निकायहरुको समायोजन गराई वन पैदावार उपयोग तथा बिक्री वितरण प्राधिकरण गठन गर्ने र काठ दाउरा बिक्री वितरणको सम्पूर्ण जिम्मेवारी प्राधिकरणलाई दिने<br><br>**अल्पकालीन:**<br>• स्रोत सर्भेक्षणका आधारमा दिगो वन व्यवस्थापन र सदुपयोग नीति कार्यान्वयन गर्ने<br>• अन्य सुरक्षा निकायसंगको समन्वयमा कानून कार्यान्वयनबाट संरक्षण प्रभावकारी गराउने<br>• काठ दाउरा अमानतबाट संकलन गर्ने कार्यमा रोक लगाउने<br>• कटान योग्य रुखको छनोट, छपान, मूल्याङ्कन र नाप पैमाईसका पद्धतिलाई यथार्थपरक बनाउने<br>• फर्निचर उद्योगलाई circular table saw मा सिमित गर्नुपर्ने | दूरीका आधारमा मूल्य निर्धारण गर्ने<br><br>• चुरे वनक्षेत्रबाट रुख काट्न तत्काल रोक लगाउने |

**२.३ वनक्षेत्रसंग सम्बन्धित प्रचलित कानून**

काठ दाउरा संकलन तथा बिक्री वितरणको सन्दर्भमा आकर्षित भएका ऐन, नियमावली र निर्देशिकाहरुमा उल्लेखित प्रावधानहरु निम्न तालिकामा दिइएको छ :-

तालिका २: काठ दाउरा उत्पादन तथा विक्री वितरण सम्बन्धी कानूनी व्यवस्था

| ऐन / नियम / निर्देशिका | सम्बन्धित दफा/नियम | विद्यमान व्यवस्था |
|---|---|---|
| वन ऐन, २०४९ | दफा २२ | १) सरकारद्वारा व्यवस्थित वनको वन पैदावारको स्वामित्व नेपाल सरकारमा रहने<br>२) उपदफा १) बमोजिमको वन पैदावार उपयोग गर्न, हटाउन वा विक्री वितरण गर्न, निकासी गर्न वा ओसार पसार गर्न तोकिएको अधिकारीले तोकिए बमोजिम इजाजत दिन सक्ने<br>३) उपदफा २) बमोजिम इजाजत दिने वन पैदावारको मूल्य वा दस्तुर तोकिए बमोजिम हुने |
| | दफा २५ | सामुदायिक वन उपभोक्ता समूहले स्वतन्त्र रुपले वन पैदावारको मूल्य निर्धारण गरी विक्री वितरण गर्न पाउने |
| | दफा ३६ | धार्मिक वनमा रहेका वन पैदावार सम्बन्धित धार्मिक निकाय समूह वा समुदायले व्यापारिक प्रयोजन वाहेकका अन्य धार्मिक कार्यमा उपयोग गर्न सक्ने |
| | दफा ३८ | निजी वनको धनीले निजी वनको वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी विक्री वितरण गर्न सक्ने |
| | दफा ४० | बसोवास वा पुनर्वास गरिएका जग्गाहरुमा त्यस्तो जग्गा प्रदान गर्दाकै बखत देखी रहेका रुखहरु नेपाल सरकारकै स्वामित्वमा रहने |
| | दफा ४६ | वगाई ल्याएको, किनारा लागेको, अड्केको, डुवेको, सवै काठ टांचा निशानाहरु लागेको वा टांचा निशाना खुर्केको, वदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ र टांचा निशाना नलागेको काठहरु कसैले आफ्नो हकको प्रमाण नपुऱ्याएसम्म नेपाल सरकारको हुने |
| वन नियमावली, २०५१ | नियम ६ | सरकारद्वारा व्यवस्थित वनको कार्ययोजनामा तोकिएको परिमाणको वन पैदावार संकलन तथा विक्री वितरण गर्न पाउने |
| | नियम ६(२) | वाढी, पहिरो, हिमपात, आगजनी जस्ता दैवी प्रकोपको कारणले क्षति भएको वन पैदावार सड्ने वा नासिने अवस्था भएमा सो वन पैदावारलाई संकलन गर्न र विक्री वितरण गर्न पाउने |
| | नियम ७ (१) | सरकारद्वारा व्यवस्थित वनको हकमा जिल्ला वन अधिकृतबाट इजाजत लिएर मात्र वन पैदावार उपलब्ध गर्न, संकलन गर्न, हटाउन, विक्री वितरण गर्न, निकासी गर्न वा ओसार पसार गर्न पाउने |
| | नियम ८ | वन पैदावार प्राप्त गर्न चाहने कुनै व्यक्ति, जिल्ला वन पैदावार आपूर्ति समिति वा निकायले जिल्ला वन अधिकृत समक्ष निवेदन दिनु पर्ने |
| | नियम ९ | सर्वसाधारण जनताले सुविधाको लागि काठ दाउराको विक्री वितरण गर्न नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सो सूचनामा तोकिएको जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समिति गठन गर्न सक्ने |
| | नियम ९(२) | जिल्ला वन पैदावार आपूर्ति समितिले निम्न प्रयोजनको लागि काठ दाउराको विक्री वितरणको व्यवस्था गर्ने<br>(क) ग्रामीण जनताको घरकाजको लागि<br>(ख) जनसहभागिताद्वारा गरिने साना लागतका विकास निर्माण कार्यका लागि<br>(ग) दैवी प्रकोप उद्धार तथा कृषि औजारका लागि |
| | | जिल्ला वन अधिकृतले समितिलाई विक्री वितरणको लागि एकमुष्ठ वा लट लट गरी काठ दाउरा उपलब्ध गराउन सक्ने |
| | नियम ३९ (५) | काठ दाउरा प्राप्त नहुने जिल्लाको हकमा नेपाल सरकारले अन्य काठ दाउरा उपलब्ध हुन |

| | | |
|---|---|---|
| | | सक्ने जिल्लाबाट काठ दाउरा उपलब्ध गराई विक्री वितरणको लागि व्यवस्था मिलाउन सक्ने |
| | नियम ३९ (६) | जुन प्रयोजनको लागि काठ दाउरा विक्री वितरण गरिएको हो सो बाहेक अन्य प्रयोजन तथा सो जिल्ला वाहिर ओसार पसार गर्न नपाइने |
| | नियम १५ | परम्परादेखि चलिआएको धार्मिक कामको लागि काठ दाउरा माग भएमा नेपाल सरकारले निर्धारण गरि दिए बमोजिमको काठ दाउरा जिल्ला वन अधिकृतले विना मूल्य वितरण गर्न सक्ने |
| | नियम २५ | जिल्ला वन अधिकृतले संरक्षित वनबाट स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेको तरिका र परिमाणमा वन पैदावार निकाल्ने अनुमति दिन सक्ने |
| | नियम ३२ | सामुदायिक वन उपभोक्ता समूहले कार्य योजना बमोजिम प्राप्त हुन सक्ने वन पैदावारको मात्र संकलन तथा विक्री वितरण गर्न पर्ने |
| | नियम ३५(२) | उपभोक्ता समूहले विक्री गरेको काठ दाउरा ओसार पसार गर्दा सम्बन्धित जिल्ला वन कार्यालयलाई अग्रिम जानकारी दिनु पर्ने |
| वन पैदावार काठ दाउरा लिलाम विक्री निर्देशिका, २०५७ | दफा २० | छपान मूल्यांकन गरी सकेपछि समिति वा संस्थानबाट माग भै आएमा परिमाण र जात खोली जेष्ठ १५ सम्म समिति वा संस्थानलाई जिल्ला वन कार्यालयले प्लट तोकी हस्तान्तरण गर्न सक्ने । |
| | दफा २० (४) | समिति तथा संस्थानले आफैले वा आफ्नो जिम्मेवारीमा ठेक्कापट्टाबाट काठ दाउरा संकलन गर्न सक्ने |
| | दफा २० (५) | समिति वा संस्थानले सर्वसाधारण जनताको लागि काठ दाउरा विक्री वितरण गर्ने |
| | दफा २० (६) | ग्रामिण जनताको माग पूरा गरेपछि मात्र समिति वा संस्थानले काठ दाउरा व्यापारिक वा औद्योगिक प्रयोजनको लागि विक्री वितरण गर्न पाउने |
| | दफा २० (१०) (ग) | निर्देशिकामा निर्धारण भएको परिमाणमा काठ दाउरा वितरण गर्नु पर्ने |
| | दफा २१ | समिति वा संस्थान नभएको जिल्लाहरुमा जिल्ला वन कार्यालयले नै घरकाज दैवी प्रकोप, कृषि औजार र विकास निर्माण कार्यको लागि काठ दाउरा उपलब्ध गराउने |
| | दफा २२(२) | दुर्गम क्षेत्र भनी तोकेका १३ पहाडी जिल्ला र दुर्गम क्षेत्रमा पर्ने ९ पहाडी जिल्लाका केही गाउ विकास समितिमा फर्निचर उद्योगको लागि जिल्ला वन कार्यालयले काठ दाउरा उपलब्ध गराउने |
| | दफा २३(१) | धार्मिक कार्यको लागि नेपाल सरकारले निर्धारण गरि दिए बमोजिम काठ दाउरा जिल्ला वन अधिकृतले निःशुल्क उपलब्ध गराउने |
| साझेदारी वन व्यवस्थापन निर्देशिका, २०६८ | दफा ७.३.१ | साझेदारी वनबाट उत्पादित काठ दाउरा ५०% समूह तथा बांकी ५०% नेपाल सरकारको हुने |
| | | समूहले प्राप्त गरेको काठ दाउरा साझेदारी वन व्यवस्थापन समितिले विक्री वितरण गर्ने |
| राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ | दफा १६ (क) | राष्ट्रिय निकुञ्ज वा आरक्ष भित्रको तोकिएको वन पैदावार उपलब्ध गराउन सकिने |
| हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ | नियम २४ | घर बनाउन वा मर्मत गर्नको लागि काठ दाउरा लिन चाहने स्थानीय व्यक्तिहरुले नियम बमोजिम दस्तुर बुझाएमा काठ दाउरा पाउने |

| | | |
|---|---|---|
| खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४ | नियम २७ | घर बनाउन वा मर्मत गर्नको लागि काठ दाउरा लिन चाहने स्थानीय व्यक्तिहरुले नियम बमोजिम दस्तुर बुझाएमा काठ दाउरा पाउने |
| मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ | नियम २१ (११) | मध्यवर्ती सामुदायिक वनबाट उत्पादित काठ दाउरा स्थानीय उपभोक्ताहरुले उपयोग गर्न पाउने |
| | नियम २२ (३) | मध्यवर्ती धार्मिक वनबाट उत्पादित काठ दाउरा सम्बन्धित धार्मिक स्थलको धार्मिक कार्यमा मात्र उपयोग गर्न पाउने |
| | नियम २३ (१), (३) र (४) | मध्यवर्ती निजी वनको धनीले निजी वनमा रहेको वन पैदावारको उपयोग तथा विक्री वितरण गर्न पाउने |
| | नियम २५ (५) | मध्यवर्ती क्षेत्र वनबाट उत्पादित वन पैदावार उपभोक्ता समितिले लिन नचाहेमा बोल कबोल प्रथावाट विक्री गरिने । |
| बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ | नियम २९ | अनियमित तरिकाले संकलन गरेको वन पैदावार लिलाम विक्री गर्ने |
| संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ | नियम २५ | संरक्षण क्षेत्र भित्रवाट दैनिक उपभोगको लागि दस्तुर तिरी वन पैदावार उपयोग गर्न पाउने |
| संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ | नियम ३७ | संरक्षण सामुदायिक वनको वन पैदावार दस्तुर तिरी उपभोक्ता समूहले उपयोग गर्न पाउने |
| | नियम ३८ (३) | संरक्षण धार्मिक वनमा रहेको काठ दाउरा धार्मिक स्थलको धार्मिक कार्यमा मात्र उपयोग गर्न सकिने |
| | नियम ४० (१) र (३) | संरक्षण क्षेत्र भित्रको निजी वनको धनीले निजी वनको वन पैदावारको उपयोग तथा विक्री वितरण गर्न पाउने |


## अध्याय ३

### काठ दाउरा उत्पादनका स्रोत र जिम्मेवार निकायहरु

काठ दाउरा उत्पादनका स्रोत भन्नाले स्वामित्व र व्यवस्थापनका आधारले वर्गीकरण गरिएका विभिन्न वन क्षेत्रहरुलाई बुझाउछ । उदाहरणका लागि राष्ट्रिय वन भन्नाले निजी वाहेकका सरकारी स्वामित्वमा रहेका सवै प्रकारका वनहरु पर्दछन् । व्यवस्थापकीय जिम्मेवारीको हिसावले राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, साझेदारी वन, सामुदायिक वन, कवुलियती वन, धार्मिक वन, संरक्षित वन तथा संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको रुपमा वर्गीकरण गरिएको छ ।

राष्ट्रिय वनमा काठ दाउराको संकलन स्वीकृत कार्य योजना वा व्यवस्थापन योजनामा उल्लेख गरिएको परिमाण र तोकिएको प्रक्रियावाट गर्ने गरिन्छ । यस अलावा राष्ट्रिय प्राथमिकता प्राप्त विकास निर्माण सम्बन्धी आयोजना/योजना सञ्चालन गर्ने सन्दर्भमा तथा सो क्रममा वा अन्य कारणबाट विस्थापित परिवारहरुलाई जग्गा सट्टा भर्ना दिनको लागि सरपट कटान हुने राष्ट्रिय वनक्षेत्रवाट समेत काठ दाउराको उत्पादन हुने गर्दछ । परिमाणको हिसावले उल्लेखनीय नभए तापनि केही प्रतिशत काठ दाउरा नदी नालाले वगाई ल्याएका रुख तथा काठ दाउरा (अर्थात दहत्तर वहत्तर), चोरी कटानी जफती, आदिवाट समेत आपूर्ति हुने गरेको छ ।

राष्ट्रिय वनक्षेत्रबाट उत्पादन हुने काठ दाउराको अतिरिक्त निजी वन तथा नम्वरी आवादी क्षेत्रवाट समेत उल्लेख्य परिमाणमा काठ दाउरा उत्पादन हुने गरेको छ । नरम काठ (Soft wood) तथा साना साइजका काठहरु (Small timber) को वजार मागको महत्वपूर्ण अंश निजी क्षेत्रले ओगटेको छ, जुन चित्र १ मा प्रस्तुत गरिएको छ । यसै गरी नहर र सडक किनारा, जिल्ला विकास समिति, गाउं विकास समिति वा नगरपालिका अन्तर्गतको ऐलानी पर्ति जग्गामा रहेका वा लगाई हुर्काएका सार्वजनिक जग्गामा रहेका वनहरुबाट समेत नगण्य परिमाणमा काठ दाउरा उत्पादन हुने गरेको छ । यदाकदा वाणिज्य विभागवाट प्राप्त इजाजत पत्रको आधारमा काष्ठ व्यवसायीले विदेशवाट काठ आयात गरी बजारमा विक्री वितरण गर्ने गरेका छन् ।




| | गोलिया | चिरान | गोलिया | चिरान | गोलिया | चिरान |
|---|---|---|---|---|---|---|
| | सामुदायिक वन | | राष्ट्रिय वन | | निजी आवादी | |
| ■ २०६५।६६ | ६३५२३९ | ५६६२९२ | २४०९६१ | ३२१००५ | ९६६३९। | २५३६८१ |
| ⌧ २०६६।६७ | ९४२६२८ | ७६३२४१ | २५३०६१ | ५४८९०६ | १६२२९६ | २५३३६५ |
| □ २०६७।६८ | १०६६०५ | ९२६५९९ | २८१६०१ | ५३०३३९ | ६५७६३४ | २७२८३९ |

चित्र १: काठमाडौं उपत्यकामा विभिन्न स्रोतवाट भित्रिएको काठको विवरण

सरकारद्वारा व्यवस्थित वनबाट काठ दाउरा उत्पादन गर्दा जिल्ला वन कार्यालयहरुले स्वीकृत वन व्यवस्थापन कार्ययोजनाको अधिनमा रही साधारणतया सुखड खडा र ढलापडा रुखहरु मात्र कटान गरी काठ दाउरा उत्पादन गर्ने गरेका छन् । यसका अतिरिक्त राष्ट्रिय स्तरका विकास निर्माण आयोजना सञ्चालनको लागि कटान गरिने रुख र दैवी प्रकोपको कारणले सड्ने वा नासिने गरी क्षति भएका रुखहरुबाट सङ्कलन गरिने काठ दाउरा कार्ययोजनाको परिमाणभित्र गणना नगर्ने कानूनी प्रावधान छ । फलस्वरुप, यसले दीर्घकालीन रुपमा काठ दाउरा उत्पादन एवम् वनको दीगो व्यवस्थापनमा समेत नकारात्मक असर पार्ने वन विज्ञहरुको भनाई रहेको छ ।

स्थानीय समुदायबाट व्यवस्थापन गरिएका वनबाट काठ दाउरा उत्पादन गर्दा स्वीकृत वन कार्ययोजनाले तोकेको परिमाणको परिधिभित्र रही उत्पादन गर्ने गरिएको छ । नेपाल सरकारले वन पैदावार विकास समितिलाई सघन वन व्यवस्थापनको लागि उपलब्ध गराएको वन क्षेत्रको हकमा स्वीकृत कार्य योजनाले उल्लेख गरेका वन सम्बर्धनका कार्यहरु कार्यान्वयन गर्ने क्रममा काठ दाउरा उत्पादन हुने गर्दछ ।

संरक्षण क्षेत्रको हकमा काठ दाउरा संकलन गर्दा सो क्षेत्रको पारिस्थितिकीय प्रणालीको दिगो संरक्षण एवम् व्यवस्थापनलाई उच्चतम् प्राथमिकता दिई सो क्षेत्रसंग आवद्ध रहेका समुदायको मागलाई समेत मध्यनजर राखी स्वीकृत व्यवस्थापन योजनाले तोके वमोजिमको काठ दाउरा मात्र संकलन गरिन्छ ।

काठ दाउरा उत्पादनका स्रोत तथा जिम्मेवार निकाय सम्बन्धि विस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३: काठ दाउरा उत्पादनका स्रोतहरु तथा जिम्मेवार निकाय**

| स्रोतहरु | अनुमानित कार्य क्षेत्र | जिम्मेवार निकाय | प्रयोजन |
|---|---|---|---|
| **१. राष्ट्रिय वन**<br><br>**क) सरकारद्वारा व्यवस्थित वन** | करिव १९ लाख हेक्टर | जिल्ला वन कार्यालय | १. समिति संस्थान नभएका जिल्लाहरुमा दैवीप्रकोप उद्धार तथा कृषि औजार र जनसहभागितामा गरिने साना निर्माणको लागि<br>२. दुर्गम क्षेत्रमा पर्ने जिल्लाका फर्निचर उद्योगलाई<br>३. धार्मिक कार्यको लागि निशुल्क<br>४. टि.सि.एन.. र जिल्ला वन पैदावार आपूर्ति समितिलाई तोके बमोजिम<br>५. लिलाम विक्री |
| **ख) वन पैदावार विकास समितिले व्यवस्थापन गर्ने क्षेत्र** | करिव १६ हजार हेक्टर | वन पैदावार विकास समिति | १. स्थानीय घरकाज, दैवी प्रकोप, कृषि औजार र विकास निर्माण आयोजना<br>२. व्यापारिक तथा औद्योगिक प्रयोजनको लागि विक्री वितरण |
| **ग) सामुदायिक वन** | करिव १७ लाख हेक्टर | सामुदायिक वन उपभोक्ता समूह (१८ हजार समूह) | उपभोक्ता समूहहरुको आवश्यकता अनुसार समूह भित्र र वाहिर विक्री वितरण |

| स्रोतहरु | अनुमानित कार्य क्षेत्र | जिम्मेवार निकाय | प्रयोजन |
|---|---|---|---|
| | | | |
| **घ) साझेदारी वन** | करिव ३५ हजार हेक्टर | साझेदारी वन व्यवस्थापन समिति | १. उत्पादित काठ दाउराको ५० प्रतिशत समूहले आफ्नो आवश्यकता अनुसार समूह भित्र र वाहिर विक्री वितरण<br>२. वांकी ५० प्रतिशत जि.व.का.ले नियमानुसार विक्री वितरण गर्ने |
| **ङ) संरक्षित वन** | करिव १ लाख २८ हजार हेक्टर | समूह र जि.व.का. | कार्ययोजनाले तोके बमोजिम विक्री वितरण |
| **च) धार्मिक वन** | - | धार्मिक निकाय, समूह वा समुदाय | सो संस्थाको धार्मिक कार्यमा मात्र प्रयोग गर्न पाइने । |
| **छ) विपन्नमूखी कबुलियती वन** | करिव ३७ हजार हेक्टर | क.व. समूह (६ हजार समूह) | लगाई हुर्काएको रुख आफूखुसी गर्न पाइने । |
| **ज) व्यावसायिक कबुलियती वन** | - | सम्बन्धित संस्था | सम्बन्धित संस्थाले स्वीकृत पट्टा / कार्ययोजनामा उल्लेख भए बमोजिम काठ दाउरा उपयोग तथा विक्री वितरण गर्ने |
| २ **निजी वन** | संभावित ३ लाख हेक्टर मध्ये २४०० हेक्टर निजीवन दर्ता | निजी वन / जग्गाको धनी | आफैले प्रयोग गर्ने वा आफूखुसी विक्री वितरण गर्न सक्ने |
| ३ **संरक्षण क्षेत्र** (१० रा.नि., ३ आरक्ष, ६ संरक्षण क्षेत्र र १ शिकार आरक्ष र मध्यवर्ती क्षेत्र समेत) | करिव १७ लाख हेक्टर | प्रमुख/संरक्षण अधिकृत र मध्यवर्ती क्षेत्र व्यवस्थापन परिषद् | मध्यवर्ती क्षेत्रका विभिन्न वनमा उत्पादित तथा वरामदी काठ दाउरा नियमानुसार विक्री वितरण गरिने |
| ३.१ मध्यवर्ती सामुदायिक वन | | मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह | उपभोक्ताहरुको दैनिक आवश्यकता पूरा गर्न |
| ३.२ मध्यवर्ती क्षेत्र वन | | मध्यवर्ती क्षेत्र व्यवस्थापन परिषद् | उपभोक्ताहरुको दैनिक आवश्यकता पूरा गर्न र उपभोक्ताहरुले लिन नचाहेमा समूह बाहिर विक्री गरिने |
| ४ सार्वजनिक जग्गामा रहेका वन | - | जग्गाको स्वामित्व भएको निकाय तथा व्यवस्थापन गर्ने पक्ष | स्थानीय खपत एवम् लिलाम विक्री |

## अध्याय ४

### काठ दाउरा संकलन तथा विक्री वितरण प्रकृयामा संलग्न निकायहरु


साधारणतया सरकारद्वारा व्यवस्थित वनबाट काठ तथा दाउरा विक्री वितरण गर्दा वन क्षेत्र व्यवस्थापन गर्ने जिम्मेवार निकाय - जिल्ला वन कार्यालय (जि.व.का.) तथा वन पैदावार विकास समिति (व.पै.वि.स.) र काठ दाउरा विक्रीका लागि सरकारद्वारा खडा गरिएका निकाय - जिल्ला वन पैदावार आपूर्ति समिति (जि.व.पै.आ.स.) र द टिम्बर कर्पोरेशन अफ नेपाल (टि.सि.एन..) हरुले आर्थिक प्रशासन ऐन तथा वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०५७ ले तोकेको प्रकृया अपनाई आन्तरिक राजश्व कार्यालयमा दर्ता भएका फर्महरु मार्फत रुखहरु कटान मुछान तथा ढुलान कार्य गर्ने गरेका छन् ।

टि.सि.एन.., जि.व.पै.आ.स. मार्फत विक्री भएका गोलिया काठहरु प्रशोधित वा अर्ध प्रशोधित रुपमा सिधै उपभोक्ता वा काष्ठ व्यवसायीहरु कहाँ पुग्दछन् । काष्ठ व्यवसायीहरुले प्राप्त गरेका ती गोलिया काठहरुलाई प्रशोधन गरी वजारमा आपूर्ति गर्ने गर्दछन् । प्रशोधित काठलाई अन्य उद्योगहरु जस्तैः फर्निचर उद्योग, प्लाईउड र फाइवर वोर्ड उद्योग, पार्केट उद्योग आदिले कच्चा पदार्थको रुपमा उपभोग गर्दछन् । समिति र संस्थान नभएका जिल्लाहरुमा वन व्यवस्थापन गर्ने समुदाय, निजी वन धनी र जि.व.का.बाट स्थानीय आपूर्ति हुने गरेको छ । दुर्गम क्षेत्र विकास समितिले तोकेको नौ दुर्गम पहाडी जिल्लाका केही गाउं विकास समितिहरुमा रहेका फर्निचर उद्योगहरुलाई जिल्ला वन कार्यालयले काठ उपलब्ध गराउन सक्ने व्यवस्था वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका, २०५७ ले गरेको छ ।

संरक्षण क्षेत्रमा स्थानीय उपभोक्ताले आन्तरिक खपतको लागि रुख कटान, मुछान र ढुलान स्वयंले गरी उपभोग गर्ने गरेका छन् । स्थानीय समुदायबाट व्यवस्थापन गरिने वनहरु मध्ये सामुदायिक वन, साझेदारी वन र मध्यवर्ती क्षेत्र वनमा स्थानीय उपभोक्ताहरुले आन्तरिक खपतको लागि कटान, मुछान तथा ढुलान स्वयम् वा सामूहिक रुपमा गर्ने गर्दछन् । ती वनहरुमा वाह्य विक्री वितरणको लागि कटान, मुछान तथा ढुलान कार्य काठ व्यवसायीहरुसंग आपसी सहमतिको आधारमा हुने गरेको छ । सो कार्यमा लाग्ने लागत ठेकेदार आफैले व्यहोर्ने हुंदा सो सम्बन्धी विवरण पारदर्शी हुन सकेको छैन । फलस्वरुप, यसरी संकलन गरिएका काठ दाउरा विक्री वितरण गर्दा संकलन खर्च जोडी मूल्य कायम गर्ने प्रचलन नरहेकोले मूल्य अभिवृद्धि कर छलिनुको साथै लगानीकर्ता स्वयंले आपसी मिलोमतोमा काठ दाउरा सकार गर्ने गरेको हुंदा समुदायले उचित मूल्य पाउन सकेका छैनन् ।

निजी वन तथा नम्बरी आवादीका रुखहरु घरायसी प्रयोजनको लागि जग्गाधनी स्वयंले कटान मुछान गर्ने गरे तापनि वाह्य विक्रीको हकमा खरिदकर्ता स्वयंले सम्बन्धित निकायबाट सहमति लिई सो कार्य गर्ने गरेका छन् । सार्वजनिक जग्गामा रहेका वनहरु जस्तै : नहर/सडक किनार र ऐलानी पर्ति जग्गामा लगाई हुर्काएका रुखहरु विक्री वितरण गर्दा खरिदकर्ता स्वयंले कटान, मुछान र ढुलान गर्ने गरेका छन् । नदीले बगाई ल्याएका दहत्तर, बहत्तर काठ, दाउराहरु तोकेको प्रक्रिया अपनाई आन्तरिक राजश्व कार्यालयमा दर्ता भएका फर्महरु मार्फत कटान मुछान तथा ढुलान कार्य हुने गर्दछ । दाउराको हकमा उत्पादनको अधिकांश भाग ग्रामीण क्षेत्रमा घरायसी इन्धनको रुपमा उपभोग हुने र लिलाम विक्री प्रकृयाबाट उपलब्ध दाउराहरु औद्योगिक प्रयोजन जस्तैः इट्टा भट्टा, होटल व्यवसायमा खपत हुने गर्दछ ।

काठ दाउरा उत्पादन तथा विक्री कार्यमा धेरै सरकारी तथा अर्ध सरकारी निकायहरु संलग्न रहे तापनि आम नागरिकले सहज र सरल ढङ्गबाट काठ दाउरा प्राप्त गर्न नसकेको जनगुनासो रहेको सन्दर्भमा हेर्दा विद्यमान आपूर्तिको प्रभावकारी व्यवस्थापन हुन नसकेको पुष्टि हुन्छ । काठ दाउरा सङ्कलन, ओसारपसार तथा विक्री वितरणमा निजी क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने भए तापनि निजी क्षेत्रको व्यवसायिक दक्षता र लगानीको क्षमतालाई उचित ढंगबाट उपयोग गर्न सकिएको छैन । तथापि, काठ दाउरा उत्पादन तथा विक्री वितरण प्रक्रियाको विश्लेषण गर्दा मूल्य अभिवृद्धिका श्रृंखलाहरुः कटान, मुछान, ढुलान, चिरान, प्रशोधन आदिमा निजी क्षेत्रको अत्यधिक संलग्नता रहेको देखिन्छ । काठ दाउरा उत्पादन तथा बिक्रीमा संलग्न सरोकारवालाहरु तथा प्रक्रियागत चरणहरुको विवरण निम्न चित्रमा प्रस्तुत गरिएको छ ।




**चित्र नं. २ः काठ दाउरा उत्पादन तथा बिक्रीमा संलग्न सरोकारवालाहरु तथा प्रकृयागत चरण**

## अध्याय ५

### काठ दाउराको मूल्य निर्धारण तथा वजार विश्लेषण

जिल्ला वन कार्यालयहरुले काठ दाउराको विक्री मूल्य निर्धारण गर्दा प्रचलित कानूनले तोकेको राजश्व दरमा संकलन खर्च जोडी न्यूनतम मूल्य कायम गर्ने गरेका छन् । टि.सि.एन.. र व.पै.वि.स.ले काठ दाउराको मूल्य निर्धारण गर्दा उपरोक्त विक्री मूल्यमा थप केही प्रतिशत शिरोभार र नाफा समेत जोडी न्यूनतम विक्री मूल्य कायम गर्ने गर्दछन् । समयमा विक्री नभई गुणस्तरमा ह्रास आएका काठ दाउराको हकमा विक्री मूल्यमा पुनरावलोकन गरी नयाँ मूल्य कायम गरी लिलाम विक्री गर्ने गरिएको छ ।

सहभागितामूलक वन व्यवस्थापनवाट निस्कने काठ दाउराको हकमा आन्तरिक खपतको लागि कार्य योजनाले तोकेको मूल्यलाई उपभोक्ता मूल्य कायम गर्ने गरिएको छ । समूह बाहिर विक्री वितरण गर्दा संकलन खर्च नजोडी सरकारी राजश्व दरलाई नै न्यूनतम मूल्य कायम गर्ने गरिन्छ । सैद्धान्तिक रुपमा न्यूनतम विक्री मूल्य कायम गर्दा सरकारी राजश्वको दरमा कटान, मुछान र घाटगद्दीको खर्च जोड्नु पर्नेमा सो नगरी ठेकेदारहरुबाट कटान मुछान र घाटगद्दी कार्य गराई सरकारी राजस्व दरलाई नै न्यूनतम मूल्य कायम गरी लिलाम विक्री गर्ने गरेको पाइएको छ । सो को दृष्टान्त व्यवस्थापिका संसद, प्राकृतिक स्रोत साधन समितिको वन संरक्षण समस्या अध्ययन प्रतिवेदन, २०६७ मा समेत उल्लेख भएको छ ।

जि.व.पै.आ.स.वाट ग्रामीण क्षेत्रका उपभोक्तालाई आवश्यक पर्ने कृषि औजार एवम् दैवी प्रकोपमा परेका परिवारका लागि आवश्यक पर्ने काठ रोयल्टीको १० प्रतिशतमा कटान मुछान एवम् केही शिरोभार खर्च जोडी काठको न्यूनतम विक्री मूल्य कायम गरिन्छ । जनसहभागितामा आधारित साना विकास निर्माण कार्य र घर निर्माण तथा मर्मत कार्यको लागि भने सरकारी राजश्व दरमा कटान, मुछान र घाटगद्दी एवम् केही शिरोभार खर्च जोडी विक्री मूल्य कायम गर्ने गरिन्छ ।

विभिन्न निकायले वोलपत्र वा डाँक बढाबढवाट काठ दाउरा विक्री गर्दा काष्ठ व्यवसायीले आपसी मिलोमतो गरी न्यूनतम विक्री मूल्यमा थोरै मात्र अङ्क वढाई कबुल गर्ने गरेका छन् । उपभोक्ता मूल्य र सकार मूल्यबीच ठूलो अन्तर देखिनुको कारण कटान गर्ने रुखको छनोट पश्चात् गरिने कटान, मुछान, घाटगद्दी र बजार सम्मको ओसार पसार गर्ने क्रममा संलग्न हुने गरेका अनधिकृत व्यक्ति वा संस्थाले काष्ठ व्यवसायीबाट असुल गर्ने गरेको अतिरिक्त रकम नै प्रमुख कारक तत्वको रुपमा रहेको सरोकारवालाहरुको भनाइ रहेको छ ।

व्यक्तिको निजी जग्गामा लगाई हुर्काएको निजी वन (दर्ता, बेदर्ता) वा फाट्टफुट्ट रुपमा हुर्काइएका रुखहरुको न्यूनतम विक्री मूल्य निजी जग्गा धनी र क्रेता बीचको आपसी सहमतिमा निर्धारण हुने गरेको पाइन्छ । क्रेता र विक्रेता बीच सहमति वा सम्झौता भए पश्चात् कटान मुछान लगायतका सबै खर्चहरु प्राय: क्रेताबाटै

व्यहोरिने हुंदा निजी क्षेत्रबाट उत्पादन हुने काठ दाउराहरु छोटो समयमै बजारमा पुग्ने गर्दछन् । फलस्वरुप सरकारद्वारा व्यवस्थित वनवाट उत्पादित काठ दाउराको तुलनामा हैसियत खराब हुने जोखिम कम देखिन्छ ।

काठ दाउराको मूल्य निर्धारणका आधारहरु तलको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका ४: काठ दाउराको मूल्य निर्धारणका आधारहरु**

| विक्री गर्ने निकाय | मूल्य निर्धारणका आधार | विद्यमान प्रावधान | हुनु पर्ने | जोखिम | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| जिल्ला वन कार्यालय | • वन नियमावली, २०५१<br>• वन पैदावार (काठ दाउरा) सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०५७<br>• वन पैदावार लिलाम बिक्री कार्यविधि निर्देशिका, २०६० | • राजस्व दरमा कटान मुछान तथा ढुवानी र घाटगद्दी लागत जोडी विक्री मूल्य कायम<br>• मूल्य अभिवृद्धि कर १३ प्रतिशत थप | • बजार मूल्यको आधारमा आवधिक रुपमा राजश्व दरमा समयानुकुल पुनरावलोकन हुनु पर्ने | • स्रोतको अत्यधिक दोहन | • वन तथा भू संरक्षण मन्त्रालय र वन विभाग |
| जिल्ला वन पैदावार आपूर्ति समिति | • वन पैदावार (काठ दाउरा) सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०५७<br>• जिल्ला वन पैदावार आपूर्ति समितिको (कार्यविधि) निर्देशिका, २०६३ | • कृषि औजार एवम् दैवी प्रकोपको हकमा सरकारी मूल्यको १० प्रतिशत, संकलन खर्च र केही शिरोभार खर्च जोडी काठको न्यूनतम विक्री मूल्य कायम<br>• साना विकास निर्माण, घर निर्माण तथा मर्मत कार्यको लागि राजश्व दरमा शिरोभार र संकलन खर्च जोडी विक्री मूल्य कायम<br>• बांकी रहेका काठको हकमा उपरोक्त आधारमा न्यूनतम मूल्य कायम | | प्रभावकारी अनुगमनको अभावमा दुरुपयोग हुने | • जिल्ला वन कार्यालय तथा जिल्ला वन पैदावार आपूर्ति समिति |
| राष्ट्रिय निकुञ्ज / वन्य जन्तु आरक्ष कार्यालय | • रा. नि. तथा व. ज. सं. ऐन, २०२९ तथा रा. नि. तथा व. ज. सं. नियमावली, २०३०<br>• मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ | • वरामद गरिएका काठ दाउरा मात्र लिलाम विक्री गरिने (बर्दिया रा. नि. नियमावली)<br>• मध्यवर्ती क्षेत्रको उ. स. को कार्य क्षेत्रको काठ दाउरा आन्तरिक खपतका लागि समितिले तोकेको दररेटमा विक्री वितरण<br>• मध्यवर्ती क्षेत्र वनको काठ दाउरा राजस्व दरमा विक्री / लिलाम | • मध्यवर्ती सामुदायिक वनमा स्वीकृत कार्ययोजना अनुसार काठ दाउराका विक्री वितरण आन्तरिक र वाह्य दुबै हुनुपर्ने | जैविक विविधता संरक्षणमा भन्दा काठ दाउरा विक्री वितरण तर्फ केन्द्रित हुने | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भू संरक्षण मन्त्रालय |
| गैर सरकारी निकाय मार्फत व्यवस्थापन गरिएका संरक्षण क्षेत्र | • संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ | • उपभोक्ताको आन्तरिक खपतको लागि निर्धारण गरेको दर | | • प्रभावकारी अनुगमनको अभावमा दुरुपयोग हुन सक्ने | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र सम्बन्धित संरक्षण समिति |
| सरकारी निकायद्वारा व्यवस्थापन गरेको संरक्षण क्षेत्र | • संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ | • उपभोक्ताको आन्तरिक खपतको लागि निर्धारण गरेको दरमा विक्री गरिने | | • प्रभावकारी अनुगमनको अभावमा दुरुपयोग हुन सक्ने | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र सम्बन्धित संरक्षण समिति |

| बिक्री गर्ने निकाय | मूल्य निर्धारणका आधार | विद्यमान प्रावधान | हुनु पर्ने | जोखिम | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| द टिम्बर कर्पोरेशन अफ नेपाल | सञ्चालक समितिको निर्णय | • सञ्चालक समितिले काठको गुणस्तर (ग्रेड) एवम् साइजको आधारमा राजश्व, लागत खर्च, शिरोभार, मुनाफा र बजार मूल्यलाई आधार मानी दररेट निर्धारण गर्ने गरेको | | • नाफामुखी प्रवृत्तिले स्रोतको गुणस्तरमा ह्रास | • टि.सि.एन.., सञ्चालक समिति, मन्त्रालय |
| वन पैदावार विकास समिति | • समितिको वन पैदावारको मूल्य निर्धारण तथा बिक्री नियमावली, २०६० | • कोटा निर्धारण गरेको वन पैदावार बाहेक अन्यको संचालक समितिले लागत खर्च, शिरोभार, राजश्व, मुनाफा र बजार मूल्यलाई आधार मानी दररेट निर्धारण गर्ने गरेको | • कोटा निर्धारित वन पैदावारको मूल्य पनि प्रतिश्पर्धी हुनु पर्ने | • कोटा निर्धारणले तोकिएको वन पैदावारको आपूर्ति गर्न उत्पादन योजनामा हेरफेर | • समिति, मन्त्रालय |
| सामुदायिक वन उपभोक्ता समूह | • वन ऐन, २०४९ तथा वन नियमावली, २०५१<br>• सामुदायिक वनको निर्देशिका, २०५२ | • आन्तरिक खपतको लागि समूहको स्वीकृत कार्ययोजनाको परिधिभित्र रही मूल्य निर्धारण गरिने<br>• समूह बाहिर बिक्री गर्दा राजश्व दरलाई न्यूनतम मूल्य कायम गरिने<br>• समूह बाहिर साल र खयरको बिक्री गर्दा राजश्वको १५ प्रतिशत र १३ प्रतिशत भ्याट सरकारले पाउने<br>• अन्य प्रजातिको हकमा १३ प्रतिशत भ्याट मात्र सरकारले पाउने | • आन्तरिक खपतको लागि राजश्वको ३० प्रतिशतमा नघटाई बिक्री गर्नु पर्ने<br>• वाह्य बिक्रीको लागि राजश्व, संकलन खर्च, शिरोभार खर्च तथा बजार मूल्यलाई आधारमानी मूल्य कायम गर्नु पर्ने | • टाठाबाठाको बोलबाला र आर्थिक अनियमितता<br>• व्यवसायिकताको अभाव | • समूह / समिति, जि.व.का. |
| स्थानीय निकाय वा सार्वजनिक जग्गाको वन व्यवस्थापन गर्ने निकाय | • मूल्य निर्धारण तथा बिक्री वितरण गर्दा वन नियमावली, २०५१ लाई आधार मान्ने गरेको | • संकलन खर्च र राजश्व जोडी मूल्य निर्धारण | | | • स्थानीय निकाय: गा.वि.स. / नगरपालिका / संस्था |
| जग्गा धनी (निजी वन दर्ता बेदर्ता) | • वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ | • सोझै वार्ताद्वारा बिक्री वितरण गर्ने<br>• नेपाल सरकारले भ्याट मात्र पाउने | | • बजार बिचलन | • निजी क्षेत्र, स्थानीय निकाय, जि.व.का. |

विभिन्न निकायहरुवाट विगतका वर्षहरुमा विक्री गरेका काठको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ । सो तालिकावाट पछिल्लो दशकमा सरकारद्वारा व्यवस्थित वन भन्दा सामुदायिक वन, निजी वन र आवादीवाट अत्यधिक मात्रामा काठ दाउराको कटान भै व्यापारिक प्रयोजनको लागि विक्री वितरण हुने गरेको देखिएको छ ।

तालिका ५: विभिन्न निकायवाट गरिएका काठ दाउरा विक्री वितरण विवरण (घन फिटमा)

| आ.व. | जि.व.का | जि.व.पै.आ.स | टि.सि.एन | व.पै.वि.स | सा.व.उ.स | साझेदारी. व.स | निजी वन र आवादि |
|---|---|---|---|---|---|---|---|
| ०५४/५५ | ९,०८,५३० | १,२९,४७१ | ५,९१,०८० | १,२९,४७१ | ६,४०,६१९ | | ११,९२,४५२ |
| ०५५/५६ | ८,०६,६८२ | ८५,०६६ | ७,४१,७२३ | ८५,०६६ | ७,९९,०८५ | | ११,१८,०५५ |
| ०५६/५७ | १२,१२,९७१ | ७४,२१४ | ४,६६,७४० | ७४,२१४ | ७,४५,५७५ | | ११,८३,५७२ |
| ०५७/५८ | २०,२४,२७७ | १,२६,३४६ | ५,५०,३७५ | १,२६,३४६ | ७,०३,०२१ | | ११,०४,६५६ |
| ०५८/५९ | १४,८६,९७९ | | १,६७,३२८ | | ४,७६,३२१ | | |
| ०५९/६० | | | | | | | |
| ०६०/६१ | १०,६२,६०० | | ६,३८,९५६ | | | | |
| ०६१/६२ | | | | | | | |
| ०६२/६३ | | | | | | | |
| ०६३/६४ | | | | १,१७,८०० | | ३८,८३१ | |
| ०६४/६५ | ४,०८,८५४ | | | १३४,४५० | | १७,९५४ | |
| ०६५/६६ | ५,७१,६९९ | | | २,६२,७०० | | १७,७४९ | |
| ०६६/६७ | ३,९८,३७८ | ३,२४,३०६ | ४,४८,३१० | २,०६,६०० | ५८,१०,१६४ | | २७,११,३७६ |

स्रोत: हाम्रो वन २०५९, २०६१ र २०६८, वन विभाग

# अध्याय ६

## संस्थागत विश्लेषण

काठ दाउरा उत्पादन र विक्रीमा संलग्न रहेका संस्था वा निकायहरुले एकल वा दोहोरो भूमिका निर्वाह गर्ने गरेका छन् । जिल्ला वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह, साझेदारी वन व्यवस्थापन समूह, कबुलियती वन समूह वा संस्था, वन पैदावार विकास समिति, संरक्षण क्षेत्रका कार्यालय, संरक्षण समिति, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, स्थानीय निकाय र निजी वन वा रुखहरु रहेको जग्गा धनीहरुले काठ दाउरा उत्पादनको साथै विक्री वितरण गर्ने गर्दछन् । जिल्ला वन पैदावार आपूर्ति समिति, टि. सि. एन्. र काष्ठ व्यवसायीहरुसंग काठ दाउरा उत्पादनको आफ्नो स्रोत नभएकोले विक्री वितरण कार्यमा मात्र संलग्न रहेका छन् ।

स्थानीय उपभोक्ता, वाह्य बजार वा दुवैका लागि काठ दाउरा आपूर्ति गर्ने सबै संस्था एवम् निकायको SWOT विश्लेषण गरिए तापनि यस प्रतिवेदनको उद्देश्यलाई मनन् गरी बजार आपर्तिको ठूलो हिस्सा ओगटेका मुख्य संस्था वा निकायको विस्तृत विश्लेषण तालिकाहरु मात्र यस अध्यायमा प्रस्तुत गरिएको छ । अन्य संस्था र निकायहरुको SWOT विश्लेषण अनुसूची १ मा समावेश गरिएको छ ।

देशको ७४ जिल्लामा इलाका र रेञ्जपोष्ट तहसम्म संरचना रहेका जिल्ला वन कार्यालयहरुले सरकारद्वारा व्यवस्थित वनको संरक्षण र सम्बर्द्धन गरी उत्पादन भएका वन पैदावारको सदुपयोग गर्न तथा सहभागितामूलक वन व्यवस्थापन (सामुदायिक वन, साझेदारी वन, कवुलियती वन) र निजी वनका लागि प्रबर्द्धनात्मक, सहजीकरण र नियमनको प्रमुख भूमिका निर्वाह गर्दै आएका छन् । वन स्रोतको दिगो व्यवस्थापनबाट वनको उत्पादन क्षमता र उत्पादकत्व वृद्धि गरी निरन्तर काठ दाउरा उत्पादन र आपूर्तिको व्यवस्थापन गर्ने दक्ष प्राविधिक जनशक्ति रहे तापनि यस संस्था एवम् संस्थामा आवद्ध प्राविधिक जनशक्तिको अधिकांश समय र स्रोतहरु वैज्ञानिक वन व्यवस्थापनका क्रियाकलापहरु भन्दा वन संरक्षण र प्रशासनिक कार्यमा व्यतित गर्नु परेकोले संस्थाले परिकल्पना गरेको वन व्यवस्थापनको लक्ष्य हासिल गर्न सकेको छैन । यस संस्थाको सवल र दुर्वल पक्षहरुको विश्लेषण र भविष्यको लागि उपलब्ध अवसर र व्यवस्थापन गर्नुपर्ने जोखिमहरुको विवरण निम्न तालिकामा दिइएको छ ।

तालिका नं ६: जि· व· का· को संस्थागत विश्लेषण

| निकाय | सवल पक्षहरु | कमजोर पक्ष | अवसरहरु | जोखिमहरु |
|---|---|---|---|---|
| जि.व.का. | • वन ऐन, २०४९, वन नियमावली, २०५१<br>• वन पैदावार (काठ दाउरा) संकलन तथा विक्री वितरण निर्देशिका, २०५७ र वन पैदावार लिलाम बिक्री कार्यविधि निर्देशिका, २०६०<br>• स्वीकृत पञ्चवर्षीय जिल्ला वन व्यवस्थापन कार्ययोजना<br>• तहगत साङ्गठनिक संरचनाहरु<br>• दक्ष एवम् अनुभवी प्राविधिक जनशक्ति<br>• कुल काठ दाउरा आपूर्तिको करिब एक तिहाइ अंश ओगटेको | • दीर्घकालीन नीतिको अभाव<br>• कानूनको फितलो कार्यान्वयन र कमजोर सुशासन पद्धति<br>• वन व्यवस्थापनमा न्यून लगानी<br>• दिगो वन व्यवस्थापनको सिद्धान्त अनुरुप काठ दाउराको उत्पादन कार्य हुन नसक्नु<br>• सुखड खडा र ढलापडा रुखको सदुपयोगलाई मात्र प्राथमिकता दिएको<br>• वनको क्षेत्रफलको अनुपातमा जनशक्ति, स्रोत र साधनको कमी<br>• प्राविधिक जनशक्तिलाई वन व्यवस्थापनमा केन्द्रित गर्न नसक्नु<br>• आन्तरिक अस्वस्थ प्रतिस्पर्धाका कारण योग्य व्यक्तिले उपयुक्त स्थान (Right person in right place) नपाउनु<br>• काठ दाउरा संकलन कार्यमा तोकिएको जिम्मेवारीबाट विमुख<br>• कटान, मुछान कार्यमा असम्बन्धित व्यक्ति वा निकायको प्रभाव<br>• काठ दाउरा विक्री वितरण प्रकृयाको प्रभावकारी अनुगमन र पृष्टपोषण हुन नसक्नु<br>• न्यूनतम ज्ञान, सीप, दक्षता र गुणस्तरिय औजार नभएका व्यक्तिहरु अमानतमा काठ दाउरा संकलनमा संलग्न<br>• वनकर्मीको कठिन श्रम वापत न्यून वेतन र वन प्राविधिकको गिर्दो मनोवल | • काठ दाउराको मागमा निरन्तर वृद्धि (राष्ट्रिय र अन्तरराष्ट्रिय)<br>• पारिस्थितिकीय सेवाको बजार बिस्तार।<br>• ग्रामीण क्षेत्रमा हरित स्वरोजगार<br>• वन र वातावरण प्रति राष्ट्रिय र अन्तरराष्ट्रिय चासो<br>• नेपालको अर्थिक विकासमा सेवा क्षेत्रको वढ्दो योगदान<br>• वनको संरक्षण र व्यवस्थापनमा व्यापक जनचासो<br>• स्वदेश तथा विदेशबाट उच्च शिक्षा प्राप्त प्राविधिक जनशक्ति प्रयाप्त उपलब्ध | • राष्ट्रिय वन खण्डित हुँदै जानु<br>• भूमाफिया र सुकुम्वासीका नाममा वन अतिक्रमण हुनु<br>• हरियो रुख काट्न हुन्न भन्ने मान्यता<br>• गुणस्तरीय रुख छानी छानी कटानी हुंदा भावी वनको उत्पादकत्व र स्वास्थ्यमा ह्रास<br>• स्वतन्त्रपूर्वक ज्ञान, सीप र दक्षताको विवेकपूर्ण उपयोग गर्न अनुमानयोग्य (Predictable) प्रशासनिक तथा नीतिगत बातावरण नहुनु<br>• कमजोर सुरक्षाको अवस्था<br>• राजनैतिक प्रतिबद्धताको अभाव |

तालिका ६ मा उल्लेखित पक्षहरुको विश्लेषण गर्दा जिल्ला वन कार्यालय र यस संस्थासंग आवद्ध जनशक्तिहरुमा अन्तरनिहित रहेको प्रतिश्पर्धी तथा तुलनात्मक लाभको क्षेत्र (area of competency and comparative advantage) जस्तैः दक्ष एवम् अनुभवी प्राविधिक जनशक्ति, लिखित वन व्यवस्थापन कार्ययोजना, संस्थागत सञ्जाल, संस्थागत क्षमता आदिवाट यथोचित लाभ लिन सकेको पाइदैन । फलस्वरुप, दुर्वल पक्षहरु सवल पक्षहरुको तुलनामा वढी प्रभावशाली एवम् सशक्त हुन गएकोले वन संगठनले जोखिमलाई व्यवस्थापन गर्न र उपलब्ध अवसरहरुबाट अपेक्षित लाभ लिन सकेको छैन ।

वनक्षेत्रको नीति, २०५७ पश्चात् नेपाल सरकारले हरियो रुख कटानमा प्रतिवन्ध लगाएकोले जि. व. का. हरुले आफ्नो पञ्चवर्षीय वन कार्ययोजनामा सुखड खडा र ढलापडा मात्र संकलन गर्ने गरी समावेश गरी सोही बमोजिम कार्यान्वयन गर्ने गरेका छन् । यसले लामो समयसम्म घामपानी खप्ने खालका कडा प्रजातिबाट मात्र

काठ दाउरा संकलन गर्ने प्रवृत्ति वढेको छ । फलस्वरुप नरम काठको बजार माग राम्रो भए तापनि सरकारद्वारा व्यवस्थित वनबाट सो को आपूर्ति हुन सकेको छैन ।

देशभर व्यापक रुपमा विस्तार हुदै गएको सामुदायिक वन विकास कार्यक्रम उच्च तथा मध्य-पहाडी जिल्लाहरुमा वन संरक्षण गर्न सफल रहेको छ । प्रजातान्त्रिक प्रक्रियावाट गठित उपभोक्ता समितिले समूहहरुलाई परिचालन गरी वनको संरक्षण, व्यवस्थापन, सामुदायिक विकास र आन्तरिक वन पैदावारको आपूर्तिमा सकारात्मक भूमिका निर्वाह गरेकोले यसको अन्तरराष्ट्रियस्तरमा राम्रो छवि वनाएको छ । सामुदायिक वनबाट प्राप्त हुने अनुमानित काठ दाउराको आँकलन एवम् नाप पैमाइस गर्नका लागि जिल्ला वन कार्यालयमा निर्भर रहने गरेकोले समूहको व्यवसायिक क्षमता कमजोर रहेको देखिन्छ । तराई तथा भित्री मधेश र यी क्षेत्रसंग जोडिएका केही पहाडी जिल्लाहरुमा समेत काठ दाउरा संकलन र बिक्री वितरण कार्यमा देखिएका विसंगतिका कारणले समग्र सामुदायिक वनको छविलाई धमिल्याएको छ ।

तालिका ७: सामुदायिक वन उपभोक्ता समूहको संस्थागत विश्लेषण

| निकाय | सवल पक्षहरु | कमजोर पक्ष | अवसरहरु | जोखिमहरु |
|---|---|---|---|---|
| सामदायिक वन उपभोक्ता समूह | • वन ऐन, २०४९ तथा नियमावली, २०५१ बमोजिम गठित समूह<br>• स्वीकृत विधान र वन व्यवस्थापन कार्य योजना<br>• सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५ को प्रकृयाबाट समूह गठन र परिचालन<br>• सामुदायिक वन पैदावार मापन मार्गदर्शन बमोजिम मौज्दात संचितिको आंकलन र वार्षिक कटानको प्रक्षेपण<br>• सहभागितामूलक अनुगमन, सार्वजनिक सुनुवाई तथा लेखा परीक्षणको प्रावधान<br>• सामुदायिक वन उपभोक्ता समूहलाई स्वशासित अविछिन्न उत्तरधिकारवाला संस्थाको रुपमा कानूनी मान्यता<br>• वन पैदावारमा आधारित उद्योग स्थापना गर्न सक्ने व्यवस्था<br>• वन पैदावारको स्वतन्त्र रुपले दर रेट कायम गरी विक्री वितरण गर्न पाउने<br>• वनस्रोतमा स्थानीय समुदायको पहुंचमा वृद्धि र काठ दाउरामा सहज आपूति<br>• ग्रामीण क्षेत्रमा सामुदायिक विकासमा योगदान<br>• काठ दाउराको राष्ट्रिय आपूर्तिमा उल्लेखनीय योगदान | • वनको वार्षिक उत्पादन वृद्धिदर र संकलन परिमाणमा तादम्यता नरहेको<br>• कार्ययोजनामा उल्लेख गरिएको भन्दा वार्षिक कटान परिमाण, स्थान, प्रजाति र कटान योग्य रुख छनौटमा अन्यथा हुने गरेको<br>• काठ दाउरा संकलन तथा विक्री कार्यमा पारदर्शिता, व्यावसायिक संस्कार, अनुगमन र उत्तरदायित्वको अभाव<br>• काठ दाउराको मूल्य निर्धारण तथा विक्री वितरण प्रतिस्पर्धि एवम् बजारमूखि हुन नसकेको<br>• वन स्रोत कब्जा गर्ने उद्देश्यले सामुदायिक वन क्षेत्र निर्धारण हुने गरेको<br>• काठ दाउरा संकलनमा आन्तरिक श्रम र स्रोतको उपयोग गर्नुको अलावा ठेकेदारमा निर्भर हुने गरेको<br>• आम उपभोक्तालाई सामुदायिक वनको विधान र कार्ययोजनाको अन्तरवस्तुबारे स्पष्ट जानकारी नहुनु<br>• सामुदायिक कोषबाट वन विकासको लागि निर्धारित रकम लगानी नहुनु<br>• स्थानीय निकाय र वन उपभोक्ता समूहवीच सहयोग र समन्वयको अभाव<br>• उत्पादित काठ दाउरा विक्री वितरणमा प्रभावशाली वर्गको प्रभुत्व र टाढाका उपभोक्ताहरुको मागलाई सम्बोधन नगरिनु | • स्वीकृत कार्य योजना बमोजिम सक्रिय वन व्यवस्थापन गर्न सक्ने<br>• लोकतान्त्रीकरण र शसक्तीकरणको माध्यमबाट आर्थिक र सामाजिक रुपान्तरण<br>• पारिस्थितिकीय सेवाबाट लाभ लिन सक्ने<br>• ग्रामीण क्षेत्रमा हरित स्वरोजगार सिर्जना<br>• समुदायमा आधारित वन व्यवस्थापन प्रणालीको अन्तरराष्ट्रिय क्षेत्रमा नेपालको विशेष पहिचान | • छानी छानी मूल्यवान जातका राम्रा र ठूल्ठूला रुखहरु कटान गरी बिक्री गर्नाले वनको हैसियत र प्रजातीय संरचनामा क्षयीकरण<br>• सामुदायिक विकासको लागि आर्थिक स्रोत जुटाउन वन स्रोतको अत्याधिक दोहन<br>• वातावरणीय प्रभाव अध्ययन विना नै पूर्वाधार विकासको लागि वन क्षेत्र उपलब्ध गराउने<br>• सामुदायिक वनका प्रतिनिधि र सञ्जाल सामुदायिक वन र समूहको विकास भन्दा राजनीतिक प्रभावबाट प्रेरित<br>• वन उपभोक्ता समूह र स्थानीय निकायवीच समन्वय हुन नसक्दा सामुदायिक विकासमा गरेको लगानी दोहोरो हुनसक्ने |

तालिका ७ को विश्लेषण गर्दा सामुदायिक वन उपभोक्ता समूह एक स्वशासित, अविछिन्न, उत्तराधिकारवाला संस्थाको रुपमा कानूनी मान्यता प्राप्त संस्था भएकोले वनको सक्रिय व्यवस्थापन, स्थानीय समुदायको स्रोत माथिको पहुंचमा अभिवृद्धि, सहज आन्तरिक आपूर्ति र सामाजिक-आर्थिक रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्षम रहेको छ । तथापि, समूहको कमजोर आन्तरिक सुशासन, व्यवसायिक संस्कृतिको अभाव, फितलो अनुगमन, विधान र कार्ययोजना सम्बन्धी आम उपभोक्तालाई कम जानकारी र अपेक्षित रुपमा प्राविधिक ज्ञान र सीप हस्तान्तरण हुन नसक्दा सामुदायिक वन उपभोक्ता समूहको व्यवसायिक क्षमता कमजोर छ ।

सरकार, स्थानीय निकाय र स्थानीय उपभोक्तावीचको त्रिपक्षीय सहकार्य र साझेदारीमा आ.व. २०६१/६२ देखि हाल सम्म तराई र भित्री मधेशका आठ जिल्लामा १३ वटा साझेदारी वन समूहबाट करिव २९,८०० हेक्टर वनको व्यवस्थापन भई वन क्षेत्रवाट टाढा रहेका समेत गरी करिव ३,७५,००० घरधुरीलाई काठ दाउरा आपूर्ति भइरहेको छ । साझेदारी वन व्यवस्थापन सम्बन्धी प्रावधान वन ऐन र नियममा नभएकोले यसको कार्यान्वयनमा विभिन्न चुनौतीहरु सामना गर्नु परेको छ । यसको संस्थागत विश्लेषण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८: साझेदारी वन उपभोक्ता समूहको संस्थागत विश्लेषण**

| निकाय | सवल पक्षहरु | कमजोर पक्ष | अवसरहरु | जोखिमहरु |
|---|---|---|---|---|
| साझेदारी वन व्यवस्थापन समूह/समिति | • वन नीति, २०५७ ले व्यवस्था गरेको<br>• साझेदारी वन व्यवस्थापन निर्देशिका, २०६८<br>• जिल्ला वन क्षेत्र समन्वय समितिको स्थापना र सञ्चालन निर्देशिका, २०६८<br>• जिल्ला वन क्षेत्र योजना बमोजिम तयार भएको वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनमा रहेको<br>• टाढाका उपभोक्ताहरुको वन स्रोतको पहुंच तथा अपनत्वमा वृद्धि<br>• साझेदारी वन व्यवस्थापन समूह र अन्तर्गतका संरचनाहरुमा समावेशी प्रतिनिधित्व<br>• वन सम्वर्द्धनबाट प्राप्त हुने सहायक उत्पादन (हांङ्गा विङ्गा, टुप्पा टुप्पी) आन्तरिक खपतको लागि निःशुल्क वितरण<br>• डिपो मार्फत काठ दाउरा बिक्री वितरण व्यवस्था | • नीति अन्तर्गत व्यवस्था भएको तर ऐनमा व्यवस्था नभएको<br>• उपभोक्ता घरधुरीको अनुपातमा न्यून वन क्षेत्र<br>• एउटा समूहमा धेरै साझेदार र सरोकारवाला निकाय रहदा निर्णय प्रकृया तथा व्यवस्थापन योजना कार्यन्वयनमा ढिलाइ | • स्थानीय निकायसंगको साझेदारी र समन्वयले वन विकासमा लगानी र आपूर्ति व्यवस्थापनमा सहज<br>• ठूला चक्ला वनलाई सहभागितामूलक सकृय वन व्यवस्थापन प्रणालीमा व्यवस्थापन गर्न सकिने<br>• पारिस्थितिकीय सेवाको बजार बिस्तार<br>• ग्रामीण क्षेत्रमा हरित स्वरोजगार<br>• वन पैदावारमा आधारित उद्योगलाई कच्चा पदार्थ आपूर्ति<br>• बहुसरोकारवालाहरु संलग्न हुने भएकोले क्षेत्रगत कार्यक्रमहरु एकीकृत रुपमा कार्यान्वयन हुने हुंदा स्रोतको यथोचित उपयोग हुने | • सामुदायिक वनको पूरक वन व्यवस्थापन पद्धति हुनुपर्नेमा प्रतिद्वन्दीको रुपमा लिने गरेको<br>• लामो समय सम्म ऐन कानूनमा नसमेटिंदा अन्योल सिर्जना |

गरिबीको रेखामुनि रहेका परिवारलाई समावेश गरी गठन गरिएका कवुलियति वन समूहहरुमा हाल सम्म करिव ४५ हजार घरधुरीहरु समावेश भएका छन् । तिनीहरुले हैसियत बिग्रेको करिव ३३,००० हेक्टर वन क्षेत्रलाई कवुलियति वनको रुपमा व्यवस्थापन गरी वनको हैसियतमा क्रमिक सुधार ल्याउदै घरायसी खपतको लागि

आवश्यक पर्ने दाउरा, घाँस र साना काठको आपूर्ति गर्न सफल भएका छन् । बजार आपूर्तिमा उल्लेखनीय भूमिका नरहेकोले यसको विस्तृत विश्लेषण गरिएको छैन ।

वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ अनुसार स्थापना भएको वन पैदावार विकास समितिले हाल करिव १६,००० हेक्टर वन क्षेत्रलाई दुई आयोजना (झापा जिल्लाको रतुवामाई र महोत्तरी, सर्लाही र रौतहट जिल्लामा फैलिएको सागरनाथ वन विकास परियोजना मार्फत वैज्ञानिक वन व्यवस्थापनको माध्यमबाट उद्योग समेतलाई काठ दाउरा आपुर्ती गर्दै आएकोछ । यस समितिले आयोजना मार्फत सरपट कटान र वृक्षारोपण प्रणाली अबलम्बन गरी छिटो बढ्ने प्रजातिका स्वस्थ विरुवाहरुको उत्पादन, वृक्षरोपण र सम्बर्द्धन गरी वजारमा काठ दाउरा र पोलको आपूर्ति गर्दै आएको छ । वनको बढ्दो क्षयीकरण (forest degradation) को वर्तमान सन्दर्भमा यस्ता प्रकृतिका आयोजनाहरुको प्रचुर सम्भावना रहे तापनि समन्वयको अभाव, कमजोर व्यवस्थापकीय पक्ष, चरम राजनैतिक हस्तक्षेप, कमजोर सुरक्षा अवस्था, चोरी निकासी तथा अतिक्रमणको कारणबाट लक्षित कृयाकलापहरु जस्तै - वृक्षारोपण, सम्बर्द्धन कार्य अपेक्षा गरे अनुरुप हुन सकेको छैन । मौजुदा उत्पादन र विक्रीको अवस्थालाई विश्लेषण गर्दा यी आयोजनाहरुले विद्युत पोल बाहेक उल्लेख्य मात्रामा काठ दाउराको आपूर्ति गर्न सकेका छैनन् । यसको संस्थागत विश्लेषण तालिका नं. ९ मा प्रस्तुत गरिएको छ ।

**तालीका ९: वन पैदावार विकास समितिको संस्थागत विश्लेषण**

| निकाय | सवल पक्षहरु | कमजोर पक्ष | अवसर | जोखिम |
|---|---|---|---|---|
| वन पैदावार विकास समिति | • वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ अनुसार स्थापना<br>• समितिको वन पैदावरको मूल्य निर्धारण तथा बिक्री नियमाबली, २०६० अनुसार वनसम्बर्द्धन लगायतका कार्यहरुवाट उत्पादित वन पैदावार स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी विक्री गर्न पाउने<br>• विशेष परिस्थितिमा बार्ताबाट समेत सोझै काठ दाउरा बिक्री गर्न सक्ने<br>• नेपाल सरकारलाई अतिरिक्त भार बिना राजस्व प्राप्त<br>• वन व्यवस्थापन प्रणालीको सफल अभ्यासबाट काठ दाउरा उत्पादन र विक्री वितरण | • व्यवस्थापकिय कमजोरीको कारण समितिको जिम्मा रहेको वन क्षेत्रको हानी नोक्सानी र अतिक्रमण नियन्त्रण गर्न नसक्नु<br>• वृक्षारोपण क्षेत्रमा अपनाइएको अस्थायी कृषि वन प्रणाली व्यवस्थित गर्न नसकिएको<br>• जनसहभागितालाई व्यवस्थित गर्न सहुलियत दरमा काठ दाउरा विक्री वितरण गर्ने प्रकृयालाई व्यवस्थित गर्न नसक्नु<br>• दक्ष प्राविधिक कर्मचारीहरुको कमी<br>• अधिकांश फिल्ड कर्मचारी लामो समय देखि ज्यालादारीमा रहेको हुंदा जवाफदेहिताको कमी<br>• पुराना मेशिनरी औजार समयमा प्रतिस्थापन हुन नसक्नु<br>• संकलन गरिएका काठ दाउराहरु अनिर्णयको बन्दीको कारण समयमा विक्री वितरण हुन नसक्दा गुणस्तरमा ह्रास एवं सम्पतिको क्षती<br>• व्यवसायिक मनोवृत्ति भन्दा नोकरशाही प्रवृति हावी | • औद्योगिक वन व्यवसाय र निजी वन प्रवर्द्धनको लागि सहयोगी<br>• वैज्ञानिक वन व्यवस्थापनको अभ्यासको विस्तार र सिकाइ<br>• छोटो समयमा छिटो बढ्ने प्रजातिको वृक्षारोपण र यसको उत्पादनमा आधारीत वनजन्य उद्योगको विकास<br>• कार्वन व्यापारबाट लाभ लिन सकिने<br>• ग्रामीण क्षेत्रमा हरित स्वरोजगारको वृद्धि | • एकल र आयातीत प्रजातिको व्यवस्थापनले जैविक विविधता तथा पारिस्थितिकीय प्रणालीमा नकारात्मक प्रभाव पर्न सक्ने<br>• राजनैतिक संरक्षणको कारण अस्थायी कृषि वन प्रणाली स्थायी कृषि भूमिमा रुपान्तरण हुन सक्ने<br>• यथास्थितीमा रहंदा सवै सम्भावनाको ढोका वन्द हुने |

कम्पनी ऐन अन्तर्गत स्थापित द टिम्बर कर्पोरेशन अफ नेपाल (टि.सि.एन..), नेपाल सरकारको पूर्ण स्वामित्वमा सञ्चालन भईरहेको छ। तराई तथा भित्री मधेशका वन क्षेत्र भित्रका प्लटहरुहरुवाट सङ्कलन गरिने कूल काठ दाउराको पचास/पचास प्रतिशत परिमाण टि.सि.एन.. र जिल्ला वन कार्यालय बिच आपसी सहमतीमा बाडफाड गर्ने प्रावधान छ। यसरी प्राप्त गरेको केही गोलिया काठ टि.सि.एन.. ले आफ्नै सः मिलमा चिरान गरी संस्थाका शाखा कार्यालयहरु मार्फत सर्वसाधारणलाई विक्रि वितरण गर्ने गरेको छ। बाँकी रहेका गोलिया काठ काष्ठ व्यवसायीलाई लिलाम बिक्री गर्ने गर्दछ। दाउराको हकमा पशुपती आर्यघाटमा दाह संस्कार तथा शिवरात्री पर्वको लागि आपूर्ति गर्नुको साथै लिलाम विक्री समेत गर्ने गर्दछ। राजनैतिक हस्तक्षेपका कारण सञ्चालक समिति अस्थायी प्रकृतीको रहने र अनुभवी जनशक्ति एवम् प्रशोधन मिलहरुको व्यवस्थाको बाबजुद कमजोर व्यवस्थापकीय कारणबाट राम्रोसंग सञ्चालन हुन सकेको छैन। यसको संस्थागत विश्लेषण तालिका नं. १० मा प्रस्तुत गरिएको छ।

**तालीका १०: द टिम्बर कर्पोरेशन अफ नेपालको संस्थागत विश्लेषण**

| संस्था | सवल पक्ष | कमजोर पक्ष | अवसर | जोखिम (Threats) |
|---|---|---|---|---|
| द टिम्बर कर्पोरेशन अफ नेपाल लि. | • नेपाल सरकारको पूर्ण स्वामित्व रहने गरी कम्पनी ऐन अन्तर्गत स्थापित<br>• तराई तथा भित्री मधेशका ३४ जिल्लामा कार्य क्षेत्र तोकिएको<br>• नेपाल सरकारको निर्णयले तोकिएको परिमाणको काठ दाउरा उपलब्ध गराउने सुनिश्चितता<br>• राजस्व दरमा नघटाई काठ दाउराको न्यूनतम विक्री मूल्य कायम गरी विक्री वितरण गर्ने स्वतन्त्रता<br>• भौतिक पूर्वाधार एवं अचल सम्पती (६ सः मिल र १ कैमिकल ट्रिटमेण्ट प्लाण्ट, तराईमा २६ विगाहा र पहाडमा २९ रोपनी जग्गा) रहेको<br>• केन्द्रदेखि जिल्ला तह सम्म संस्थागत संरचना र अनुभवी जनशक्ति रहेको | • समाजमा राम्रो छवि बनाउन नसकेको<br>• सर्वसाधारणलाई काठ दाउरा सरल र सहज रुपले उपलब्ध गराउने व्यवस्था गर्न नसकेको<br>• नरम काठको बढ्दो वजार मागलाई पहिचान गर्न नसकेको<br>• प्राविधिक जनशक्तिको अभावका साथै कार्यरत जनशक्तिलाई समयानुकुल ज्ञान र सीप दिन नसकिएको<br>• कार्यक्षेत्र निरन्तर संकुचन भैरहेको सन्दर्भमा वैकल्पिक उपायको खोजी गर्न नसकेको<br>• व्यवसायिकताको अभाव<br>• गोलिया काठको मूल्य अभिवृद्धि गर्न उपलब्ध सः मिलहरु संचालनमा नल्याएको।<br>• संकलन गरिएका काठ दाउराहरु अनिर्णयको बन्दीको कारण समयमा विक्री वितरण हुन नसक्दा गुणस्तरमा ह्रास एवं सम्पतीको क्षती | • काठ दाउराको बजार मागमा निरन्तर वृद्धि।<br>• लगिङ्ग कम्पनीको रुपमा स्थापित भई कार्य क्षेत्र र व्यवसाय विस्तार गर्न सक्ने<br>• ग्रामीण विद्युतीकरणका लागि पोलको मागमा वृद्धि।<br>• आधुनिक /विधिको उपयोग गरी काठ दाउराबाट विविध वस्तुको उत्पादन गर्ने प्रचुर सम्भावना<br>• अनुभवी र दक्ष प्राविधिक जनशक्तिको उचित परिचालनवाट संस्थालाई दिगो रुपमा संचालन गर्न सकिने | • अस्थिर सञ्चालक समिति<br>• प्रतिस्पर्धी निकायहरुको वृद्धि<br>• यथास्थितिमा रहंदा सबै सम्भावनाको ढोका वन्द हुने<br>• संरक्षण क्षेत्रको विस्तार |

वन नियमावली, २०५१ वमोजिम गठित जिल्ला वन पैदावार आपूर्ति समितिहरु ग्रामीण समुदायको लागि आवश्यक कृषि औजार, घर काज, दैवी प्रकोप, धार्मिक प्रयोजन र साना विकास आयोजनाको लागि काठ दाउरा स्थानीय स्तरमा सरल र सुलभ ढङ्गबाट आपूर्ति गर्ने उद्देश्यले तराई तथा भित्री मधेशका २६ जिल्लामा स्थापना

भई सञ्चालनमा रहेका छन् । माग र आपूर्तिको यथार्थपरक योजना विना विगतका खपतको आधारमा जिल्ला वन कार्यालयवाट काठ दाउरा प्राप्त गरी विक्री वितरण गर्ने गरिन्छ । समितिहरु औचित्यपूर्ण रहे तापनि औपचारिक सांगठनिक संरचनाको अभावले आशातित सेवा पुऱ्याउन सकेको छैन । यसको संस्थागत विश्लेषण तालिका नं. ११ मा प्रस्तुत गरिएको छ ।

**तालीका ११: जिल्ला वन पैदावार आपूर्ति समितिको संस्थागत विश्लेषण**

| निकाय | सवल पक्षहरु | कमजोर पक्ष | अवसरहरु | जोखिमहरु |
|---|---|---|---|---|
| जिल्ला वन पैदावार आपूर्ति समिति | • वन नियमावली, २०५१ वमोजिम गठित समितिको (कार्यविधि) निर्देशिका,२०६३ रहेको<br>• स्थानीय जनतालाई आवश्यक पर्ने कृषि औजार, घर काज, दैवी प्रकोप, धार्मीक प्रयोजन र साना विकास आयोजनाका लागि काठ दाउरा आपूर्तिमा लक्षीत<br>• प्रयोजन बमोजिम विक्री मूल्य निर्धारण गर्ने समितिलाई स्वतन्त्रता<br>• विक्री डिपो स्थापना गर्न सक्ने प्रावधान<br>• समितिको संरचना औचित्यपूर्ण | • उद्देश्य अनुरुप काम नहुनु<br>• समितिमा समाजसेवीको प्रतिनिधित्व हुनु पर्नेमा राजनैतिक नियुक्ति हुने गरेको<br>• समितिमा लक्षीत वर्ग (सामुदायिक उपभोक्ता समूह र कृषक) को पहुंच नहुनु<br>• समितीको कार्यालयमा छुट्टै प्रशासनिक संयन्त्र नहुनु<br>• तराई र भित्री मधेशका जिल्लाहरुमा मात्र संयन्त्र सिमित हुनु<br>• चार फिट गोलाई सम्मको काठ मात्र दैवी प्रकोप प्रयोजनका लागि उपलब्ध गराउने प्रावधान<br>• आवश्यक वन स्रोत उपलब्ध हुन नसक्ने जिल्लामा आप”र्तिको लागि वैकल्पिक व्यवस्था नहुनु ।<br>• आपूर्ति व्यवस्था ग्रामीणमूखी नभई शहरमूखी हुनु<br>• प्रयोजन बमोजिम उपयोग भए नभएको र यथार्थ माग बारे प्रयाप्त अनुगमन नहुनु | • ग्रामीण आवश्यकताका कृषि सामग्री उत्पादनका लागि कुँीर उद्यम विकास गर्न योगदान पुग्ने<br>• आपूर्ति व्यवस्था सरल र सुलभ हुन सके अवैध चोरी निकासी नियन्त्रण हुन सक्ने<br>• ग्रामीण क्षेत्रमा सेवा विस्तार गर्ने | • प्रयोजन विपरीत काठ दाउराको चुहावट र प्रयोग |

संरक्षण क्षेत्रबाट उत्पादन हुने काठ दाउराको उपयोगिता स्थानीयस्तरको आन्तरिक खपतमा सिमित रहेको देखिंदा यसको विस्तृत संस्थागत विश्लेषण अनुसूचि १ मा दिईएको छ ।

काठ दाउरा उत्पादन तथा विक्री वितरण कार्यमा निजी वन (दर्ता/वेदर्ता) को महत्वपूर्ण भूमिका रहेको छ । आधुनिक प्रविधिको विकास एवम् विस्तारले वजारमा नरम काठ (soft wood) को मांगमा निरन्तर वृद्धि भैरहेको हुंदा निजी जग्गामा बृक्षारोपण गर्न आकर्षण बढ्दै गएको छ । वेदर्तावाल निजी वनको क्षेत्रफल दर्ता गरिएका निजी वन भन्दा निकै बढी रहेकोले त्यस्ता आवादीका रुखहरुवाट उत्पादन गरिएका काठ दाउराले वजारको ठुलो हिस्सा आगटेको तथ्याङ्कले पुष्टि गर्दछ ।

सरकारी तथा समुदायमा आधारित वन व्यवस्थापन प्रणालीवाट काठ दाउरा उत्पादन र विक्री गर्दा तोकिएको प्रकृया अनिवार्य रुपमा पालना गर्नु पर्ने हुंदा यसले वढी समय लिने र लगानीकर्ताले वढी जोखिम मोल्नु पर्ने

अवस्था रहेको देखिन्छ । तुलनात्मक रुपमा निजी क्षेत्रवाट उत्पादन हुने काठ दाउराको विक्री प्रकृया सरल र सहज भएकोले यस प्रति लगानीकर्ताको आकर्षण वढ्दो छ । प्रक्रियागत सहजताको कारण निजी क्षेत्रवाट उत्पादित काठ दाउरा छोटो समयमा वजार पुग्ने हुंदा निजीवन धनी एवम् काष्ट व्यावसायीहरु लाभान्वित हुनुको साथै यसले आय आर्जनको थप अवसरहरु सृजना गरेको छ ।

मिति २०६८/०९/२४ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट भएको परिपत्रले निजी आवादीको रुख कटान इजाजत दिने प्रकृयामा थप जटिलता सृजना गरेको छ । यसले भविष्यमा आफ्नो हकभोगमा रहेका निजी जग्गामा रुख विरुवा लगाउन हुर्काउन इच्छुक जग्गाधनीलाई दुरुत्साहित गर्न सक्ने सम्भावना छ । निजी वनको प्रबर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने कृयाकलापहरु जस्तै - इच्छाएका, आवश्यक परिमाणका गुणस्तरीय रुख विरुवाका वीऊ विजन, प्रविधि आदि सहज रुपमा उपलब्ध हुन सकेमा स्थानीयस्तरमा काठ दाउरा आपूर्ति एवम् बजार मागलाई समेत सम्बोधन गर्न थप मद्दत पुग्नेछ । निजीवनको संस्थागत विश्लेषण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १२: निजीवनको संस्थागत विश्लेषण**

| निकाय | सवल पक्षहरु | कमजोर पक्ष | अवसरहरु | जोखिमहरु |
|---|---|---|---|---|
| निजी वन धनी (दर्ता, वेदर्ता) | • वन ऐन, २०४९ र नियमावली, २०५१<br>• स्वतन्त्र रुपले व्यवस्थापन गर्न सक्ने<br>• प्राविधिक सेवा उपलब्ध गराउने कानूनी व्यवस्था<br>• संकलन तथा बिक्री वितरणको सरल प्रकृया<br>• स्थानीय आपूर्तिको अतिरिक्त कूल बजार मागको करिव एक तिहाई अंश आपूर्ति गरेको<br>• निजी वन नर्सरीहरु व्यवसायिक रुपमा सञ्चालन | • बजार सम्बन्धी प्रयाप्त जानकारी नहुनु<br>• संकलन तथा बिक्री प्रक्रियाको वारेमा सुसूचित नहुनु<br>• उत्पादित काठ दाउराको वजारको लागि आफै लगानी गर्ने भन्दा पनि काष्ट ब्यावसायीमा निर्भरता<br>• प्रर्याप्त प्राविधिक सेवा उपलब्ध हुन नसकेको<br>• सरकारबाट निजी वन प्रबर्द्धनका लागि सुविधा तथा सहुलियतको व्यवस्था नहुनु<br>• वैज्ञानिक तथ्य बिना सरकारले विभिन्न प्रजातीको संकलन तथा विक्री वितरणमा प्रतिवन्ध लगाउने गरेको<br>• गुणस्तरीय र इच्छाएको प्रजातीको वीऊ, विरुवा र प्रविधि समयमा उपलब्ध नहुंनु<br>• निजी वनको काठ दाउरा विक्री वितरण कार्यविधि कार्यान्वयनमा आउन नसक्नु | • नरम काठको मागमा वृद्धी<br>• आधुनिक प्रविधिको विकास र विस्तारको कारण छोटो समय चक्रमा काठ दाउरा उत्पादन तथा बजारको सुनिश्चितता हुनुका साथै सबै प्रकारका उत्पादित जीव पिण्डको समुचित उपयोग<br>• खरवारी, कान्ला, खोल्सा खोल्सीमा बृक्षारोपण गरी प्रति इकाई जग्गावाट आय वृद्धि गर्न सक्ने<br>• कृषिको लागि अनुत्पादित मानिएका जग्गाहरु जस्तैः नदी उकास, भिरपाखा, सीमान्तकृत जग्गाहरुको अपेक्षित मूल्य (land expectation value) वृद्धि<br>• पारिस्थितिकीय सेवा एवं जैविक विविधतामा टेवा<br>• मुलुकको ४० प्रतिशत भू भागमा वन विस्तार गर्ने राष्ट्रिय अठोटलाई योगदान पुग्ने | • रोग किराको प्रकोप<br>• गुणस्तरिय र इच्छाएको प्रजातीको वीऊ, विरुवा र प्रविधि समयमा उपलब्ध नहुंदा गुणस्तरिय उत्पादन, वन स्वास्थ्य तथा वंशाणुगत गुणस्तरमा ह्रास आई निजीवन विस्थापित हुन सक्ने<br>• स्थिर तथा प्रवर्द्धनात्मक नीति नहुनु<br>• वीमाको अभावमा लगानी उच्च जोखिम |

काष्ठ व्यवसायीहरुले सरकारद्वारा व्यवस्थित वन, समुदायमा आधारित वन र निजी वनबाट काठ दाउरा उत्पादन तथा विक्री वितरण प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गरेका छन् । निजीक्षेत्रसंग लगानीको

लागि यथेष्ठ पूँजि एवं व्यावसायिक क्षमता भए तापनि काठ दाउराको उत्पादन र विक्रीमा विद्यमान अनिश्चितताको कारणले काष्ठ व्यवसायीहरु लगानी गर्न प्रोत्साहित नभएकोले आम उपभोक्ताहरु उचित मूल्यमा सरल रुपमा काठ दाउरा उपभोग गर्नबाट वञ्चित रहेका छन् । यसको विस्तृत संस्थागत विश्लेषण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १३: काष्ठ व्यावसायीको संस्थागत विश्लेषण**

| निकाय | सवल पक्षहरु | कमजोर पक्ष | अवसरहरु | जोखिमहरु |
|---|---|---|---|---|
| काष्ठ व्यवसायी | • उद्योग विभाग/वाणिज्य विभाग वा घरेलु उद्योग कार्यालयवाट ईजाजत प्राप्त<br>• PAN वा VAT मा दर्ता<br>• यथेष्ट पुंजी लगानी गर्ने क्षमता<br>• व्यवसायिक दक्षता<br>• वन क्षेत्रको गुरुयोजना र तत्पश्चातको आवधिक योजनाहरुले निजी क्षेत्रको लगानीलाई वनजन्य उद्यममा लगानी प्रवर्धन गर्न उच्च प्राथमिकता दिएको<br>• शहरी क्षेत्रको अधिकांश मागको आपूर्ति<br>• सहज बिक्री प्रक्रिया<br>• सवै ग्राहकलाई समान व्यवहार | • शहर तथा वजार क्षेत्रमा केन्द्रित<br>• सीमित व्यवसाायीद्वारा बजारमा नियन्त्रण<br>• उत्पादन मूल्य र उपभोक्ता मूल्य वीच ठूलो अन्तर<br>• मूल्य अभिवृद्धि एवं उत्पादित बस्तुको गुणस्तरीय विविधीकरणको लागि प्रविधि एवं अनुसन्धानमा न्यून लगानी<br>• सेवा प्रदायक संस्थाबाट प्राविधिक सहयोग एवं अनुगमन प्रभावकारी नहुनु<br>• सरकारी निकायबाट प्रवर्धनात्मक भन्दा नियन्त्रणात्मक भूमिकामा बढी केन्द्रित | • सडक, सञ्चार र वित्तिय सञ्जाल विस्तारले काठ दाउरा संकलन एवं बिक्रिको लागि क्षेत्रहरु विस्तार हुन सक्ने<br>• फर्निचर उपभोगको बृद्धिले गर्दा नरम काठको बजारमागमा निरन्तर बृद्धी<br>• आधुनिक काष्ठ प्रविधिको विकास एवं विस्तार | • आर्थिक एवं सामाजिक असुरक्षा<br>• व्यवसायीहरुको मिलोमतमा मुल्य बृढी हुने<br>• वैज्ञानीक तथ्य तथा आधार बिना सरकारले समय समयमा काठ दाउरा संकलन तथा विक्री वितरणमा प्रतिवन्ध लगउने निर्णय |

स्थानीय निकायहरुको मातहतमा रहेका सार्वजनिक जग्गा तथा अन्य विकाससंग सम्बन्धित निकायहरु जस्तैः सडक, सिंचाई, विद्युत आदिहरुले उपभोग गरेको जग्गामा लगाई हुर्काएका रुखहरुबाट उत्पादन गरिएका काठ दाउराको परिमाणले बजारको कूल आपूर्तिको ज्यादै न्यून अंश मात्रै ओगटेको छ । यी निकायहरुको विस्तृत संस्थागत विश्लेषण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## अध्याय ७

### समस्याको विश्लेषण

काठ दाउरा उत्पादनको स्रोतको विश्लेषणवाट राष्ट्रिय वन, सामुदायिक वन, निजी वन (दर्ता र वेदर्ता), साझेदारी वन, विभिन्न विकास परियोजनाको लागि सर्पट कटान गरिने वन क्षेत्र, दरीया-बुर्दी, सार्वजनिक वन, धार्मिक वन, चोरी निकासीको क्रममा जफती भएका काठ दाउरा र केही मात्रामा घरमा प्रयोग भएका पुराना काठहरु प्रमूख स्रोतको रुपमा रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अध्याय ३ मा हेर्न सकिन्छ । मध्यवर्ति तथा संरक्षित क्षेत्रबाट व्यापारिक प्रयोजनको लागि काठ दाउरा विक्री वितरण गर्न नपाईने भए तापनि स्थानीय बजारमा दाउरा विक्री वितरण हुने गरेको छ । सरकारी निकायबाट गरिने निर्माण कार्य एवम् व्यवस्थित बसोबास वा पुनर्वास कार्यक्रम तथा विद्युत प्रसारणको लागि आवश्यक पर्ने पोलहरु सागरनाथ वन विकास परियोजना एवम् निजी क्षेत्रबाट उत्पादन हुने गरेको छ ।

काठ दाउरा उत्पादनको मूल्य अभिवृद्धि श्रृङ्खलाको विश्लेषणवाट छपान, कटान, मुछान र घाटगद्दीमा संलग्न हुनु पर्ने जिम्मेवार निकायहरुका अतिरिक्त अनधिकृत व्यक्ति वा निकायहरुको संलग्नता रहेको देखिन्छ । यसले उत्पादनको प्रक्रिया प्रभावकारी र पारदर्शी हुन नसकेको गुनासो बहुसरोकारबालाहरुको रहेको छ । सम्बन्धित बहुसरोकारवालाहरुसंग गरिएको अन्तरक्रियाको पृष्टपोषणवाट समेत यसको पुष्टि हुन्छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूचि ३ मा दिइएको छ । वन क्षेत्रका काठ दाउरा विक्री वितरणमा देखिएका समस्याबारे छानबिन गर्न गठित कार्यदलहरुको अध्ययन प्रतिवेदनहरुले समेत काठ दाउरा उत्पादन तथा विक्री वितरणमा कमी कमजोरी रहेको औंल्याएका छन् । यस सम्बन्धी विस्तृत विश्लेषण अध्याय २ मा प्रस्तुत गरिएको छ ।

काठ दाउरा संकलन कार्यमा वजेट विनियोजन नहुनु, ठेकेदारको लगानीमा संकलन कार्य गरिनु, कटान प्लटहरु स्पष्ट प्राकृतिक सिमानाको आधारमा भन्दा पनि ठेकेदारको संख्या हेरेर कायम गरिनु, फिल्डमा कार्यरत वन प्राविधिकहरुको छपान, कटान, मुछान, ढुवानी तथा घाटगद्धी कार्यमा प्रत्यक्ष निगरानी कम हुनु, कटान मुछानको प्रभावकारी अनुगमन हुन नसक्नु जस्ता कमी कमजोरीले संकलनको अवस्था देखि नै विकृतीको विजारोपण हुने गरेको छ । फलस्वरुप ठेकेदारहरुले आफूलाई अनुकुल पर्ने स्थान र गुणस्तरिय रुखहरुबाट मात्र काठ दाउरा संकलन गर्ने अवसर पाएका छन् । यसबाट समग्र वन व्यवस्थापनमा नकारात्मक प्रभाव पर्न गएको छ ।

काठ दाउरा संकलन पश्चात् उत्पादित काठ र दाउरालाई व्यवस्थित गर्न जिल्ला वन कार्यालयले वन क्षेत्र बाहिर उपयुक्त स्थानमा घाटगद्धी स्थान तोक्ने कानूनी व्यवस्था छ । व्यवस्थित पूर्वाधारको अभाव र तराई तथा भित्री मधेशका कतिपय उत्पादनशिल वनहरुलाई स्थानीय समुदायबाट प्रस्तावित सामुदायिक वनको रुपमा दाबी गर्ने गरेकोले त्यस्ता वनबाट काठ दाउरा संकलन, ढुवानी गरी तोकिएको स्थानमा घाटगद्धी हुन सकेको छैन । अनधिकृत व्यक्ति वा निकायवाट हुने गरेको अवरोधका कारण वन क्षेत्र भित्र घाटगद्दी राख्नु पर्ने वाध्यताले विविध प्रकारका अनियमितता तथा काठ दाउराको हानी नोक्सानी हुने गरेको छ ।

प्रायः अधिकाँश काठहरु जंगलकै छेउछाउमा घाटगद्धी गरिने, नियमानुसार पाईलिग नहुने, काठहरु हराउने तथा स्थानीय क्लव, राजनीतिक दल वा तिनका भातृ संगठनले चन्दा उठाउने, चन्दा नदिए काठ उठाउन नदिने अथवा काठलाई नै आगजनी गराई नष्ट / नोक्सान गर्ने जस्ता घटना घट्ने गरेका छन् ।

घाटगद्धीमा रहेका काठ दाउरालाई काष्ठ व्यवसायीले नियमित प्रकृयाबाट खरीद गरी उठाउदा समेत अनधिकृत व्यक्ती, संस्था वा राजनौतिक संगठनहरुवाट अतिरिक्त रकम मांग हुने हुंदा व्यवसायीहरुले थप झञ्झट व्यहोर्नु परेको छ । फलस्वरुप, यस्ता क्रियाकलापबाट सम्पूर्ण व्यवसाय नै अपराधिक सञ्जालको नियन्त्रणमा सञ्चालन हुने गरेको व्यवसायीहरुको गुनासो छ ।

काठ व्यवसायीहरुले आपसी सहमती र सम्झौतामा व्यवसाय चलाउनु पर्ने भएकोले अदृश्य कोषको व्यवस्था गरी रकम बांड्ने गर्दछन् जसले गर्दा सरकारी कोषमा कम राजश्व जम्मा हुने र अतिरिक्त फाइदा अन्य व्यक्तिहरुले उठाउने गरेका छन् भन्ने व्यवसायसंग सम्बद्ध सरोकारवालाहरुको भनाइ रहेको छ । उपरोक्त भनाई एवम् विश्लेषणलाई निम्न तालिकाले समेत थप पुष्टि गर्दछ ।

तालिका १४: मूल्य अभिवृद्धि श्रृखलाको विश्लेषण

१) सरकारद्वारा व्यवस्थित वन

| विवरण/कार्यहरु | सरोकारवालाहरु | | समस्या/चुनौतिहरु |
|---|---|---|---|
| | तोकिएका निकायहरु | सहभागी हुने गरेका निकायहरु | |
| छपान | • रे. पो., इ. व. का. र जि.व.का.<br>• क्षे. व. नि. | • रे. पो. इ. व. का. र जि. व.का.<br>• क्षे. व.नि.<br>प्रायः थप सहभागी हुने गरेका<br>• प्रस्तावित सामुदायिक वनका उपभोक्ताहरु<br>• पेटी ठेकदार<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | • प्रायजसो प्रस्तावित सामुदायिक वन भएका जिल्ला (तराई र भित्री मधेश) मा चार फिट गोलाईभन्दा कम साइज भएका काठहरु स्थानीय समुदायलाई दिने सहमती पछि मात्र छपान गरिने |
| कटान, मुछान | • रे. पो., इ. व. का.<br>• जि.व.का. वाट कटान गर्ने अनुमति पाएको ठेकेदार | • रे. पो. र इ. व. का. .<br>• ठेकेदार<br>प्रायजसो थप सहभागी हुने गरेका<br>• प्रस्तावित सा. वनका पदाधिकारीहरु<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | • विनियोजित रकमको अभावमा अन्य स्रोतबाट अनौपचारिक रुपमा छपान, कटान, मुछान, ढुलान र घाटद्दीमा लगानी हुने गरेकोले तोकिएको प्रकृया कार्यान्वयन, अनुगमनमा कमजोरी र नियमनमा हेराफेरी हुने गरेको<br>• रुखको छनौट, मूल्याङ्कन (क्लास), कटान, मुछान र मापन कार्यहरुमा लगानीकर्ताको अनुचित प्रभाव पर्ने गरेको<br>• उपरोक्त कार्यहरु वन विभागबाट गुणस्तर प्रमाणित गरिएको औजारहरु (forest equipment) को अभावमा नाप पैमाइस प्रभावित भएको<br>• कमजोर सुरक्षा र अपर्याप्त प्राविधिक जनशक्तिको कारण (१ रे पो मा १ मात्र प्राविधिक) अनुगमन र नियमन प्रभावकारी हुन नसकेको<br>• माथि उल्लेखित शर्त अनुसार चार फिट भन्दा कम गोलाई भएका काठ स्थानीय प्रभावशाली अनौपचारीक संघ संस्था वा व्यक्ति आदि लाई हस्तान्तरण गरी अन्य काठहरु ठेकेदारले ढुवानी गर्ने गरेको<br>• जि. व. का. ले तोकेको स्थानमा घाटगद्दी राख्ने अवस्था नहुंदा काष्ठ व्यवसायीहरुले घाटगद्दी स्थल र बुझाउनु पर्ने अतिरिक्त रकमको अवस्था बुझी मात्र टेण्डर फारम भर्ने गरेको<br>• काठ उठाउने ठेकेदारले सजिलोको लागि स्थानीय ठेकेदारको नाममा टेण्डर पारी केही कमिशन स्थानीय ठेकेदारलाई दिई कम लगानीमा काठ उठाउने गरेको |
| काठको ढुवानी | • रे. पो. इ. व. का.<br>• ठेकेदार | • रे. पो. र इ. व. का.<br>• ठेकेदार<br>प्रायजसो थप सहभागी हुने गरेका<br>• प्रस्तावित सा.वनका पदाधिकारीहरु<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | |
| घाटगद्दी | • रे पो., इ. व. का. र जि. व. का.<br>• ठेकेदार<br>• क्षे. व. नि. | • रे पो., इ. व. का. र जि. व. का.<br>• ठेकेदार<br>• क्षे. व. नि.<br>प्रायजसो थप सहभागी हुने गरेका<br>स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | |
| लिलाम | • इ. व. का. र जि. व. का.<br>• वन विभाग<br>• क्षे. व. नि.<br>• काष्ठ व्यवसायी | • इ. व. का. र जि. व. का.<br>• वन विभाग<br>• क्षे. व. नि.<br>• काष्ठ व्यवसायी<br>• ठेकेदार<br>प्रायजसो थप सहभागी हुने गरेका<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | |

२. सामुदायिक वन

| विवरण/ कार्यहरु | सरोकारवालाहरु | | समस्या/चुनौतिहरु |
|---|---|---|---|
| | तोकिएका निकायहरु | सहभागी हुने गरेका निकायहरु | |
| छपान | • उपभोक्ता समूह<br>• रेन्जपोष्ट/इ.व.का. | • उपभोक्ता समूह<br>• रेन्जपोष्ट/इ.व.का.<br>प्रायजसो थप सहभागी हुने गरेका :<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | • स्वीकृत कार्ययोजना अनुसार मरेको, मर्न लागेको, रोगी र बाङ्गोटिङ्गो रुखहरु छपान हुनु पर्नेमा प्राय गरेर उच्च गुणस्तरका रुखहरु बढी छपान हुने गरेका<br>• व्यापारिक दृष्टिकोणले महत्वपूर्ण प्रजातिहरुको छपान बढी हुने गरेको<br>• धेरैजसो सा.व.हरुमा स्वीकृत कार्ययोजना अनुसार नरम प्रजातिका रुखहरुको छपान कम हुने गरेको<br>• स्वीकृत कार्ययोजना अनुसार वन क्षेत्रभित्रका प्लटहरुको पुरै क्षेत्रमा छपान नभई कटानी तथा ढुवानी सजिलै गर्न सकिने स्थानहरुमा मात्र छपान हुने गरेको |
| कटान, मुछान | • उपभोक्ता समूह<br>• रेन्जपोष्ट/इ.व.का | • उपभोक्ता समूह<br>• रेन्जपोष्ट/इ.व.का<br>प्रायजसो थप सहभागी हुने गरेका :<br>• जिल्ला स्तरीय सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधि ।<br>• समूहबाट काठ दाउरा संकलनको लागि जिम्मा दिएको ठेकेदार ।<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | • संकलन कार्य गर्दा धेरै खेरजाने (Wastage) गरेको ।<br>• गोलियालाई पनि दाउरा बनाउने गरेको<br>• सरोकारवालासंग अन्तरक्रिया गर्दा कटान मुछान तथा घाटगद्दीको लागि जि.व.का.र टि.सि.एन.. को भन्दा तीनगुणा सम्म बढी खर्च लाग्ने गरेको<br>• वार्षिक कटान परिमााण (AAC) भन्दा बढी कटान अनुमती वा समर्थन माग गर्ने गरेको<br>• विगत र आगामी वर्षको कटान परिमाण समेतलाई मिलान गरी चालु आ.व. मा कटान सहमति माग गर्ने गरेको |
| घाटगद्दी | • उपभोक्ता समूह<br>• रेन्जपोष्ट/इ.व.का | • उपभोक्ता समूह<br>• रेन्जपोष्ट/इ.व.का<br>प्रायजसो थप सहभागी हुने गरेका निकायहरु :<br>• जिल्ला स्तरीय सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधि ।<br>• समूहबाट काठ दाउरा संकलनको लागि जिम्मा दिएको ठेकेदार ।<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | • प्रायजसो घाटगद्दीमा काठ दाउराहरु व्यवस्थित किसिमले पायलिङ्ग र चट्टा नलगाउने गरेको<br>• समूह भित्र आन्तरीक खपत गर्ने काठ दाउरा र लिलाम विक्री गर्ने काठ दाउरा अव्यवस्थित तरीकाले घाटगद्दी गर्ने गरेको |
| लिलाम | • रेन्जपोष्ट/ इ.व.का/ जि व का<br>• उपभोक्ता समूह<br>• काष्ठ व्यवसायी<br>• सार्वजनिक | • रेन्जपोष्ट/इ.व.का/जि. व. का.<br>• उपभोक्ता समूह<br>• काष्ठ व्यवसायी<br>प्रायजसो थप सहभागी हुने गरेका निकायहरु :<br>• जिल्ला स्तरीय सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधि ।<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | • कतिपय सा.व.ले आन्तरिक खपत नगरी समूह बाहिर विक्री गर्ने गरेको<br>• लिलाम पारदर्शि नभएको र व्यवसायिक संस्कार (corporate culture) को अभाव रहेको<br>• संकलन खर्च बढी हुनाले प्रायः गरेर संकलनकर्ताले नै खरिद गर्ने गरेको<br>• काठ उठाउने ठेकेदारले सजिलोको लागि स्थानीय ठेकेदारको नाममा टेण्डर पारी केही कमिशन स्थानीय ठेकेदारलाई दिई कम लगानीमा काठ उठाउने गरेको<br>• लिलामको न्यूनतम विक्री मूल्य बजार भाऊ भन्दा निकै कम तोक्ने गरेको |

३. निजी वन/आवादी क्षेत्रका रुखहरु

| विवरण/ कार्यहरु | सरोकारवालाहरु | | समस्या/चुनौतिहरु |
|---|---|---|---|
| | तोकिएका निकायहरु | सहभागी हुने गरेका निकायहरु | |
| छपान | • जग्गाधनी/ प्रतिनिधि<br>• रे पो, इ व का<br>• नापी कार्यालय<br>• भूमि सुधार कार्यालय<br>• गा.वि.स. | • जग्गाधनी/प्रतिनिधि<br>• रे पो, इ व का<br>• नापी कार्यालय<br>• भूमि सुधार कार्यालय<br>• गा.वि.स. | • अख्तियार दुरुपयोग अनुसुन्धान आयोगको मिति ०६८।९।२४ को च.नं. १०९३ को परिपत्रले फाट्टपुट्ट रुख रहेका निजी वन धनीहरुलाई रुख कटान तथा विक्री वितरणमा जटिलता ल्याएको |
| कटान, मुछान | • जग्गाधनी/प्रतिनिधि<br>• रे पो इ व का<br>• ठेकेदार | • जग्गाधनी/प्रतिनिधि<br>• रे पो इ व का<br>• ठेकेदार | • कमजोर अनुगमनका कारण सार्वजनिक/वन क्षेत्रबाट चोरी निकासी सम्भावना रहेको |
| ढुवानी एवम् घाटगद्दी | • जग्गाधनी/प्रतिनिधि<br>• रे पो इ व का<br>• ठेकेदार | • जग्गाधनी/प्रतिनिधि<br>• रे पो इ व का<br>• ठेकेदार | |
| विक्री | • जग्गाधनी/प्रतिनिधि<br>• ठेकेदार | • जग्गाधनी/प्रतिनिधि<br>• ठेकेदार | |

## ४· टि·सि·एन· बाट कटान हुने वन क्षेत्र

| विवरण/ कार्यहरु | सरोकारवालाहरु | | समस्या/चुनौतिहरु |
|---|---|---|---|
| | तोकिएका निकायहरु | सहभागी हुने गरेका निकायहरु | |
| छपान | • जि.व.का.<br>• टि.सि.एन.<br>• क्षे. व. नि., | • जि.व.का.<br>• टि.सि.एन.<br>• क्षे. व. नि.,<br>प्रायजसो थप सहभागी हुने गरेका निकायहरु :<br>• काष्ठ व्यवसायी<br>• पेटी ठेकेदार<br>• प्रस्तावित सा.व.का पदाधिकारीहरु ।<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | • प्रायजसो प्रस्तावित सामुदायिक वन भएका जिल्ला (तराई र भित्री मधेश) मा चार फिट गोलाईभन्दा कम साइज भएका काठहरु स्थानीय समुदायलाई दिने सहमती पछि मात्र छपान गरिने गरेको |
| कटान, मुछान | • रे. पो, इ व का<br>• टि.सि.एन.<br>• ठेकेदार | • रे पो, इ व का<br>• टि.सि.एन.<br>• ठेकेदार<br>प्रायजसो थप सहभागी हुने गरेका निकायहरु :<br>• काष्ठ व्यवसायी<br>• पेटी ठेकेदार<br>• प्रस्तावित सा. व. का पदाधिकारीहरु<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | • प्राय गरेर प्रस्तावित सा. वनका उपभोक्ताहरु मध्येबाट नै कटान इजाजत लिने गरेको वा त्यस क्षेत्रसंग परिचित वाह्य ठेकेदारले कटान इजाजत पाउने गरेको |
| ढुवानी | • ठेकेदार<br>• जि.व.का.<br>• टि.सि.एन | • ठेकेदार<br>• जि.व.का.<br>• टि.सि.एन.<br>• क्षे. व. नि.,<br>प्रायजसो थप सहभागी हुने गरेका निकायहरु :<br>• प्रस्तावित सा.व.का पदाधिकारीहरु<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था<br>• अन्य ठेकेदारहरु | |
| घाटगद्दी | • रे पो, इ व का जि.व.का.<br>• टि.सि.एन<br>• ठेकेदार<br>• क्षे. व. नि. | • रे पो, इ व का जि.व.का.<br>• टि.सि.एन<br>• ठेकेदार<br>• क्षे. व. नि.<br>प्रायजसो थप सहभागी हुने गरेका निकायहरु :<br>• प्रस्तावित सा.व.का पदाधिकारीहरु<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | • स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था र प्रस्तावित सामुदायिक वनका केहि प्रभावशाली पदाधिकारीको प्रभावमा घाटगद्दी गर्ने गरेको |
| लिलाम | | • टि.सि.एन<br>• काष्ठ व्यवसायी<br>प्रायजसो थप सहभागी हुने गरेका निकायहरु :<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | • काठ उठाउने ठेकेदारले सजिलोको लागि स्थानीय ठेकेदारको नाममा टेण्डर पारी केही कमिशन स्थानीय ठेकेदारलाई दिई कम लगानीमा काठ उठाउने गरेको |

## ५· वन पैदावार विकास समिति मातहतको वन क्षेत्र

| विवरण/ कार्यहरु | सरोकारवालाहरु | | समस्या/चुनौतिहरु |
|---|---|---|---|
| | तोकिएका निकायहरु | सहभागी हुने गरेका निकायहरु | |
| छपान | • वन पैदावार विकास समिति<br>• क्षे. व. नि., | • वन पैदावार विकास समिति<br>• क्षे. व. नि., | • उद्योगहरु (प्लाइउड, बोर्ड बनाउने आदि) को लागि सम्झौता अनुसार दाउरा उपलब्ध गराउदा पोल साईजका रुखहरुलाई दाउरामा परिणत गर्ने गरेको<br>• कमजोर अनुगमन, वैज्ञानिक वन व्यवस्थापनको निरन्तरता हुन नसक्दा उत्पादकत्वमा ह्रास, राजश्वमा कमी र चुहावट हुने गरेको |
| कटान, मुछान | • वन पैदावार विकास समिति<br>• समितिवाट इजाजत प्राप्त ठेकेदार | • वन पैदावार विकास समिति<br>• समितिवाट इजाजत प्राप्त ठेकेदार | |
| काठको ढुवानी | • वन पैदावार विकास समिति<br>• समितिवाट इजाजत प्राप्त ठेकेदार | | |
| घाटगद्दी | • वन पैदावार विकास समिति<br>• समितिवाट इजाजत प्राप्त ठेकेदार | • वन पैदावार विकास समिति<br>• समितिवाट इजाजत प्राप्त ठेकेदार | |
| लिलाम तथा विक्रि | • वन पैदावार विकास समिति | • वन पैदावार विकास समिति<br>• काष्ठ तथा उद्योग व्यवसायी/ठेकेदार<br>प्रायजसो थप सहभागी हुने गरेका :<br>• स्थानीय प्रभावशाली अनधिकृत व्यक्ति वा संघ संस्था | |

६· साझेदारी वन

| विवरण / कार्यहरु | सरोकारवालाहरु | | समस्या/चुनौतिहरु |
|---|---|---|---|
| | तोकिएका निकायहरु | सहभागी हुने गरेका निकायहरु | |
| छपान | ● व्यवस्थापन समूह/इकाई<br>● रे. पो.<br>● इ.व.का.<br>● जि.व.का.<br>● क्षे. व. नि., | ● व्यवस्थापन समूह/इकाई<br>● रे. पो.<br>● इ.व.का.<br>● जि.व.का.<br>● क्षे. व. नि.<br>प्रायजसो थप सहभागी हुने गरेका<br>● साझेदारी वन उपभोक्ता महासंघ<br>● ठेकेदार | ● साझेदारहरुलाई तोकिएको जिम्मेवारी प्रभावकारी रुपमा पालना हुन नसकेको<br>● वितरण प्रकृया पारदर्शि नभएको |
| कटान, मुछान | ● व्यवस्थापन समूह/इकाई<br>● रे. पो.<br>● इ.व.का.<br>● जि.व.का.<br>● ठेकेदार | ● व्यवस्थापन समूह/इकाई<br>● रे. पो.<br>● इ.व.का.<br>● जि.व.का.<br>● क्षे. व. नि., | |
| काठको ढुवानी | ● व्यवस्थापन समूह/इकाई<br>● रे. पो.<br>● इ.व.का.<br>● ठेकेदार | ● व्यवस्थापन समूह/इकाई<br>● रे. पो.<br>● इ.व.का.<br>● ठेकेदार | |
| घाटगद्दी | ● व्यवस्थापन समूह/इकाई<br>● रे.पो./इ.व.का./जि.व.का<br>● क्षे.व.नि.<br>● ठेकेदार | ● व्यवस्थापन समूह/इकाई<br>● रे.पो./इ.व.का./जि.व.का<br>● क्षे.व.नि<br>● ठेकेदार | |
| लिलाम | ● व्यवस्थापन समूह/इकाई<br>● रे.पो./इ.व.का./जि.व.का<br>● क्षे. व. नि.,<br>● काष्ठ व्यवसायी | ● व्यवस्थापन समूह/इकाई<br>● रे.पो./इ.व.का./जि.व.का<br>● क्षे. व. नि.,<br>● काष्ठ व्यवसायी | |

विगतमा सरकारद्वारा व्यवस्थित वन काठ/दाउरा उत्पादन गर्ने प्रमुख स्रोत भए तापनि गत तीन वर्षको अवधिमा थानकोट नाका भई काठमाडौं उपत्यकामा भित्रिएका काठ/दाउराको लगत विश्लेषण गर्दा सामुदायिक वन र निजी वनले आपूर्तिको उल्लेख्य भाग ओगटेको पाइन्छ । सामुदायिक वनबाट व्यापारिक प्रयोजनको लागि काठ/दाउरा विक्री वितरण गर्दा समूहको कोषमा वृद्धी भई स्थानीय स्तरमा विभिन्न सामाजिक एवम् वन विकासका कार्यमा लगानी गर्ने थप अवसरहरु उपलब्ध भए तापनि काठ दाउरा संकलन एवम् विक्री वितरण प्रकृया पारदर्शी नहुंदा यसले सामुदायिक वन उपभोक्ता समूहको आन्तरिक सुशासनमा गम्भीर प्रश्न खडा गरेको छ ।

विगत दुई वर्षमा गठन भएका विभिन्न छानबिन आयोगको प्रतिवेदनहरुले अनुगमनको संयन्त्र कमजोर रहेको कारणबाट यदाकदा आन्तरिक खपतको लागि कटान भएका काठ/दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री हुने गरेको औंल्याएका छन् । मध्य र उच्च पहाडमा अत्यन्त सफल मानिएको सामुदायिक वनलाई तराई तथा भित्री मधेशमा देखिएका विसङ्गतिले समुदायमा आधारित वन व्यवस्थापन प्रणालीले हाल सम्म कमाएको लोकप्रियता, मान्यता र पहिचानलाई गम्भीर आघात पुऱ्याएको छ ।

यस विषयमा भएका केही समसामयिक अध्ययनहरुले सामुदायिक वन उपभोक्ताहरुलाई वन पैदावारमा आत्मनिर्भर बनाउनको लागि आवश्यक पर्ने नीति एवम् संस्थागत संरचनाहरुको मात्र निर्माण गरिएकोले उपभोक्ता समितिहरुमा सोंचे जस्तो व्यावसायिक संस्कृति र क्षमता (corporate culture and capacity) को विकास हुन नसकेको तर्क प्रस्तुत गर्ने गरेका छन् । परन्तु, आन्तरिक खपतको लागि मात्र व्यवस्थापन भई रहेका सामुदायिक वनहरुमा प्रभावकारी संरक्षण र सम्बर्द्धन गर्न समूहहरु सक्षम रहेको विज्ञहरुको ठम्याई छ ।

काठ दाउराको न्यूनतम विक्री मूल्य निर्धारण एवम् लिलाम विक्री वितरण प्रक्रियामा विभिन्न निकायहरु बीच विविधता रहेको छ । बजारको मागलाई मध्यनजर राखी काठ दाउराको राजस्व दर निर्धारण हुन नसक्दा वन क्षेत्रबाट प्राप्त हुन सक्ने अत्यधिक आय समेत गुम्न गएको छ । उपभोक्ता मूल्य र लिलाम विक्री मूल्य बीच देखिएको ठूलो अन्तरले केही निहित व्यवसायीहरुलाई ठुलो परिमाणमा आर्थिक लाभ लिने अवसर प्राप्त भएको देखिन्छ । काष्ठ व्यावसायीहरुका अनुसार अनधिकृत निकाय/व्यक्तिहरुको काठ दाउरा संकलन एवम् बिक्रीमा गैर कानूनी हस्तक्षेपले गर्दा थप लगानी गर्नु परेको कारणबाट उपभोक्ता मूल्य र उत्पादन मूल्यको बीच ठुलो अन्तर हुन गएको हो भन्ने भनाई रहेको छ ।

विभिन्न उत्पादन ईकाइबाट उत्पादन गरिने काठ दाउरा बिक्री वितरणमा कायम गरिने न्यूनतम मूल्यमा एकरुपता नभएको कारणबाट काठ दाउराको बजार बिचलित (market distortion) हुन गई कुनै वन क्षेत्रको अत्यधिक दोहोन हुने र कुनै वन क्षेत्रमा उत्पादन क्षमता भन्दा न्यून उपयोग हुन गई वनको सन्तुलित र दिगो व्यवस्थापनमा नकारात्मक प्रभाव परेको छ । वन क्षेत्रको भौगोलिक अवस्था र बजार व्यवस्थापनको पूर्वाधार समान रहेका स्थानमा समान न्यूनतम मूल्य कायम गर्न सकेमा वजार मूल्य र आपूर्तिमा नियमन गर्न सहयोग पुग्ने छ । तसर्थ काठ दाउराको राष्ट्रिय उत्पादन योजना तयार गरी वजार मागको आकृति एवम् मूल्य संकेत (price signal) को आधारमा विक्री मूल्य निर्धारण गरी आपूर्ति व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ । यसले

बजार मूल्य बिचलनलाई नियमन गर्नुको साथै उत्पादन योजनालाई बजारको मागसंग एकीकृत गरी वनको दिगो व्यवस्थापन गर्न सहयोग पुग्ने छ ।

उपरोक्त विश्लेषणले वनको व्यवस्थापन र व्यवसायलाई पृथक रुपमा हेर्नु पर्ने तर्फ स्पष्ट संकेत गर्दछ । विगतमा उत्पादन र विक्रीमा संलग्न रहेका कतिपय सरकारी स्वामित्वमा रहेका निकायहरु धरासायी भएको घटनाले समेत यसलाई पुष्टि गर्दछ । तसर्थ, वन स्रोतको व्यवस्थापन गरी काठ दाउरा उत्पादन गर्ने सरकारी निकाय वा समुदायहरु आफै विक्री वितरणमा संलग्न हुनु भन्दा वनको वैज्ञानिक व्यवस्थापन, प्रभावकारी संरक्षण, नियमन र वनको उत्पादकत्व वृद्धि गर्ने क्रियाकलापमा आफूलाई सीमित गर्नु उपयूक्त हुन्छ । काठ दाउरा विक्री वितरणको कार्य अन्य निकाय मार्फत गराउन सकेमा यसले आपूर्तिलाई सहज बनाउनुको साथै मूल्यमा एकरुपता, राजश्वमा वृद्धि, प्रक्रिया पारदर्शी, व्यवसाय प्रतिश्पर्धी बनाउन सहयोग पुग्ने छ । यसले समग्रमा वन क्षेत्रको सुशासनमा सुधार ल्याउन महत्वपूर्ण योगदान पुग्ने छ ।

उत्पादन र बिक्री कार्य अलग अलग निकायबाट सम्पादन गर्न सकेमा मात्र उत्पादन र बजारलाई प्रभावकारी व्यवस्थापन र नियमन गर्न सहज हुने अवधारणालाई राष्ट्रिय वन योजना २०३३, वन विकास गुरु योजना २०४६, व्यवस्थापिका संसद, प्राकृतिक स्रोत र साधन समिति लगायत अन्य छानबिन आयोग / समितिका प्रतिवेदनहरुले औंल्याए तापनि व्यवहारमा यसलाई लागू गर्न नसकिएको तितो यथार्थताले समस्यालाई निरन्तरता र जटिलता तर्फ उन्मूख गरेको महसुस हुन्छ ।

काठ दाउराको सहज आपूर्तिको व्यवस्था नहुंदा वन क्षेत्रबाट टाढा रहेका आम नागरिकहरुले भोगिरहेको समस्यालाई सम्बोधन गर्न हालको आपूर्ति व्यवस्थामा आमूल रुपान्तरणको आवश्यकता रहेको छ । यसको लागि वन क्षेत्रबाट उत्पादित काठ दाउराको केही अंश स्थानीय जनसमुदायलाई आन्तरिक खपतको लागि र केही अंश प्राकृतिक विपद्, स्थानीय जनसहभागितामा आधारित साना विकास आयोजना र धार्मिक तथा साँस्कृतिक क्रियाकलापको लागि छुट्याई बाँकी रहेको काठ दाउरा खुला बजारमा विक्री वितरण गर्ने प्रकृयालाई लागू गर्न सकेमा धेरै हद सम्म स्थानीय आपूर्तिलाई सहज बनाउन सकिने छ ।

# अध्याय ८

## नया संस्थागत संरचनाको प्रारुप

### ८.१ प्रस्तावित संरचनाको औचित्य

काठ दाउरा उत्पादन स्रोतको व्यवस्थापन गर्ने विविध किसिमका निकायहरु भए तापनि स्रोतको दिगो व्यवस्थापन पक्ष कमजोर रहेको छ । वनको व्यवस्थापन, काठ दाउरा उत्पादन र बिक्री वितरण कार्यमा एकल वा दोहोरो भूमिका निर्वाह गर्दै आएका संस्थाहरुको संस्थागत विश्लेषणबाट औल्याइएका सवल तथा दुर्बल पक्षहरुको मूल्याङ्कन गरी ती संस्थाहरुलाई प्रभावकारी रुपमा कार्य सम्पादन गर्न संस्थाको आन्तरिक संरचना एवम् व्यवस्थापकीय क्षमतामा आमूल सुधारको आवश्यकता छ । संस्थागत विश्लेषणबाट औल्याइएका अवसरहरुको उचित रुपमा उपयोग गरी जोखिमलाई व्यवस्थापन गर्न सकेमा ती संस्थाहरुको व्यवसायिक क्षमतामा अभिवृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भर बनाउन सकिन्छ ।

काठ दाउरा उत्पादन र विक्री प्रक्रियामा जिम्मेवारी तोकिएका निकायहरुको जिम्मेवारीपूर्ण तरिकाबाट संलग्नता नरहनु, अनधिकृत व्यक्ति वा निकायको प्रभावशाली भूमिका रहनु, व्यवस्थापनको जिम्मेवारी बोकेका निकाय आफै विक्री वितरणमा संलग्न रहनु, ठेकेदारहरुको प्रत्यक्ष लगानीमा काठ दाउरा संकलन हुनु, अनधिकृत व्यक्ति वा निकायबाट स्वतन्त्र रुपले काठ दाउरा संकलन तथा घाटगद्दी कार्यमा अवरोध पुऱ्याउनु जस्ता क्रियाकलापले काठ दाउरा संकलन प्रकृयालाई पारदर्शी बनाउन सकिएको छैन ।

उत्पादनमा संलग्न निकायहरुको प्रमुख भूमिका व्यवस्थापन र संरक्षणमा रहने हुंदा काठ दाउरा संकलनमा हुने गरेका कमी कमजोरीलाई नियमन गर्ने जिम्मेवारी सिद्धान्ततः सोही निकायले लिनु पर्ने हुन्छ । नियमनकारी निकाय आफै विक्री वितरणमा संलग्न भई दिंदा अनुगमन प्रभावकारी हुन नसक्ने भएकोले छपान, मूल्याङ्कन, कटान, मुछान र नाप पैमाइसमा वास्तविकता भन्दा फरक हुने गरेको विभिन्न अध्ययन एवम् छानबिन प्रतिवेदनहरुले समेत औंल्याएका छन् ।

उत्पादन र विक्री प्रकृयालाई भिन्दा भिन्दै निकायबाट कार्यान्वयन गर्न सकेमा उपरोक्त कमी कमजोरीलाई सुधार गर्न सकिन्छ । यसले वन प्रविधिकहरुको ज्ञान र सीपलाई वनको दिगो व्यवस्थापनमा उपयोग गरी, वनको संरक्षण र नियमन कार्यलाई प्रभावकारी बनाई वन क्षेत्रको सुशासनमा सुधार ल्याउन मद्दत गर्नेछ । यसबाट वन संगठनको मनोवल उच्च हुनुको साथै वन संगठन प्रति आम नागरिमा सकारात्मक सोंचको विकास गर्न सहयोग पुग्नेछ ।

सरकारद्वारा व्यवस्थित वनको हकमा उत्पादन र विक्रीको जिम्मेवारी भिन्दा भिन्दै निकायबाट सम्पादन गर्नु उपयूक्त देखिएकोले जिल्ला वन कार्यालयले हाल निर्वाह गरिरहेको भूमिकालाई पुनरावलोकन गरी वनको व्यवस्थापन, संरक्षण र नियमनमा केन्द्रित गरी रुखको छपान र मूल्याङ्कन कार्य सम्मको जिम्मेवारीमा सीमित गर्ने र तत्पश्चातका काठ दाउरा संकलन एवम् विक्री वितरणको प्रक्रियामा अनुगमनको भूमिकामा सिमीत गरी अन्य जिम्मेवारीबाट अलग गर्नु उपयूक्त हुन्छ ।

सहभागितामूलक वन व्यवस्थापनमा संलग्न निकायहरुको संस्थागत सवल र दुर्वल पक्ष एवम् मूल्य अभिवृद्धि श्रृखलाको विश्लेषणलाई सूक्ष्म रुपमा नियाल्दा स्थानीय समुदायहरुको आन्तरिक खपतको लागि व्यवस्थापकीय क्षमता सक्षम रहेको देखिन्छ । समूह बाहिर विक्री वितरण गर्न व्यवस्थापकीय क्षमता एवम् व्यवसायिक संस्कारको कमजोरीको कारणले विक्री वितरण प्रकृया पारदर्शी हुन सकेको छैन । फलस्वरुप समूहहरुले काठ दाउराको विक्रीवाट उचित लाभ लिन सकेका छैनन् । हिमाली एवम् उच्च पहाडी जिल्लाहरुमा सामुदायिक वनहरु आन्तरिक खपतमूखि रहेको र भौगोलिक कठिनाईको कारणले समूह बाहिर विक्री वितरणको संभावना हाललाई न्यून रहेकोले ती क्षेत्रहरुमा विद्यमान व्यवस्थालाई निरन्तरता दिनु नै उचित देखिन्छ ।

वन क्षेत्रसंग सम्वन्धित विज्ञ, पेशाकर्मी, अनुसन्धानकर्ता एवम् छानविन प्रतिवेदनहरुले तराई, भित्री मधेश र यातायातको सुविधा भएका मध्य पहाडी जिल्लाहरुमा सामुदायिक वनवाट उत्पादित काठ दाउराको समूह बाहिर विक्री वितरण प्रक्रियामा अनियमितता हुने गरेको औंल्याएका छन् । ती क्षेत्रका सामुदायिक वनहरुवाट उत्पादित काठ दाउराको आन्तरिक खपतवाट वचेको काठ दाउरालाई समूह वाहिर विक्री वितरण गर्दा काठ दाउरा विक्री वितरणको लागि गठन गरिने नयाँ संरचनालाई तोकिएको न्यूनतम मूल्यमा उपलब्ध गराउनु उपयुक्त हुनेछ । यसवाट उपभोक्ता समूहले उचित मूल्य प्राप्त गर्न सहयोग पुग्ने हुंदा भविष्यमा ऐनमा संशोधन गरी यसलाई संस्थागत गर्नु पर्ने देखिन्छ । यो प्रावधानलाई ती क्षेत्रका अन्य सहभागितामूलक पद्दतिवाट व्यवस्थापन भएका वनहरुमा (जस्तैः साझेदारी वन, सार्वजनिक क्षेत्रको वन, मध्यवर्ती क्षेत्र वन आदि) समेत लागू गर्न उपयुक्त हुनेछ ।

हाल आपूर्ति व्यवस्थापनमा संलग्न रहेका निकायहरुलाई एकद्वार प्रणाली मार्फत व्यवस्थापन गर्न एउटा छुट्टै संरचनाको टड्कारो आवश्यकता रहेकोले नयाँ संरचनाको निर्माण र कार्य क्षेत्र निर्धारण गर्दा उपलब्ध वन क्षेत्र र कारोवारको परिमाण (transaction volume) को आधारमा तोक्नु उपयुक्त हुनेछ । यो संरचनाले वजारको माग र मूल्यको नियमित अनुगमन गरी काठ दाउराको न्यूनतम खरिद एवम् बिक्री मूल्य पुनरावलोकन गरी तोकिएको संयन्त्रवाट स्वीकृति गराई नयाँ दररेट लागू गर्न उपयुक्त हुन्छ ।


नयाँ निर्माण गरिने सांगठनिक संरचनाको नाम **काठ दाउरा विक्री तथा वितरण प्राधिकरण (Wood Product Sales & Distribution Authority)** रहनेछ । यो संस्था आर्थिक रुपले आत्मनिर्भर र सेवामुखी हुनेछ । यस्तै प्रकृतिको संरचनाको परिकल्पना राष्ट्रिय वन योजना, २०३३ वन विकाश गुरु योजना, २०४६ तत्कालिन सहसचिव जमुना कृष्ण ताम्रकारको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदन, २०६३ जिल्ला वन अधिकृतहरुको चौथो राष्ट्रिय सम्मेलन, २०६६ व्यवस्थापिका-संसद, प्राकृतिक स्रोत र साधन समितिको वन संरक्षण समस्या अध्ययन प्रतिवेदन, २०६७ तथा अन्य उच्चस्तरीय आयोगका अध्ययन प्रतिवेदनहरुमा पनि पाइन्छ ।

**८.२ प्रस्तावित सांगठनिक संरचना**

यो संरचना तीन तहको - केन्द्रीय वोर्डको सचिवालय, प्रादेशिक कार्यालय र जिल्ला स्तरीय शाखा बनाउन उपयुक्त हुनेछ । वन तथा भू संरक्षण मन्त्रालय मातहत रहने गरी प्राधिकरणको केन्द्रीय बोर्ड स्थापना हुनेछ र सो को अध्यक्षता वन तथा भू संरक्षण मन्त्रालयका सचिववाट गरिने छ । प्रमुख कार्यकारी अधिकृतले यसको

सदस्य सचिवको भूमिका निर्वाह गर्ने छन् । प्रमुख कार्यकारी अधिकृतको पदमा नेपाल वन सेवा, जनरल फरेष्ट्रि समूह, सह सचिव प्राविधिक पदका लागि खुल्ला प्रतियोगिताबाट उम्मेदवार हुन योग्यता र अनुभव भएका व्यक्ति मध्येबाट खुल्ला प्रतिस्पर्धाबाट तोकिएको कार्यविधि अपनाई छनौट गरिनेछ । प्रमुख कार्यकारी अधिकृतले केन्द्रिय सचिवालयको नेतृत्व एवम् मातहत रहेका प्रादेशिक कार्यालयहरुको सुपरीवेक्षण समेत गर्नेछन् । केन्द्रीय वोर्डमा विषयगत विज्ञहरु (अर्थ शास्त्री, वन व्यवस्थापन विज्ञ, वन सदुपयोग विज्ञ, खरिद व्यवस्थापक, कानून विज्ञ) सदस्यको रुपमा रहने छन् । विषयगत निकाय / मन्त्रालयहरुवाट सहसचिव स्तरको कर्मचारी विज्ञ सदस्यको रुपमा मनोनयन गरिनेछन् ।

प्राधिकरणको प्रादेशिक सांगठनिक संरचना तोकिएको कार्यक्षेत्र र कार्यबोझको आधारमा निर्माण गरिने छ । यस संगठन मातहत चार शाखा र अन्तरगतका जिल्लाहरुमा एक एक वटा इकाई रहने गरी प्रस्ताव गरिएको छ । कर्मचारीको तह एवम् पद सोपान कार्यबोझको आधारमा तय गर्नुपर्ने छ ।




८.४ कर्मचारी व्यवस्थापन

प्राधिकरणको संरचना प्रतिष्पर्धी, व्यवसायी र जिम्मेवारीपूर्ण ढङ्गले कार्य सम्पादन गर्न सक्षम सांगठनिक स्वरुपको रुपमा परिकल्पना गरिएकोले यसलाई आवश्यक पर्ने जनशक्तिमा व्यवस्थापकीय सीप, पेशागत दक्षता एवम् निर्णय क्षमता हुन नितान्त जरुरी छ । प्राधिकरणलाई काठ दाउरा संकलनमा लगानी एवम् मूल्य पुनरावलोकन गर्ने अख्तियारी हुने हुंदा अनुभवि एवम् दक्ष व्यक्तिको स्वस्थ प्रतिष्पर्धाबाट छनौट गर्न उपयुक्त हुन्छ ।


प्राधिकरण एक स्वशासित संस्था हुने भएकोले यसका कर्मचारीहरु प्राधिकरण कै ऐन नियम अनुसार सेवा सुविधा प्राप्त गर्ने छन् । कर्मचारीको छनौट खुल्ला प्रतिष्पर्धाबाट हुने भए तापनि कतिपय प्राविधिक विषयहरुमा प्रयाप्त अनुभव र दक्षता महत्वपूर्ण हुने हुंदा त्यस्ता पदहरुमा हाल वन सेवामा कार्यरत वन प्राविधिक, टि.सि.एन. वा वन पैदावार विकास समितिमा कार्यरत इच्छुक दक्ष जनशक्तिहरुबाट तोकिएको प्रतिष्पर्धात्मक प्रक्रिया मार्फत छनौट गर्न सकिने छ । टि.सि.एन. र वन पैदावार विकास समितिवाट प्रतिष्पर्धामा सहभागी हुन नचाहने वा प्रतिशपर्धाबाट छनौट हुन नसकेका कर्मचारीलाई सम्बन्धित निकायको नियम तथा उपलब्ध स्रोत र साधनको आधारमा सुविधा दिई अवकाश दिनु पर्नेछ ।

प्राधिकरणलाई प्राप्त हुने कूल काठ दाउरा मध्ये वढिमा एक चौथाई भाग सहुलियत दरमा सम्बन्धित जिल्लाको स्थानीय आपूर्ति (घरकाज, कृषी औजार, जनसहभागितामा आधारीत साना विकास निर्माण कार्य, दैवीप्रकोप,

धार्मिक कार्य) को लागि छुट्याई बांकी ७५ प्रतिशत परिमाण खुल्ला प्रतिष्पर्धा मार्फत विक्री वितरण गरिने छ । सो मध्ये एक तिहाई भाग जिल्लाभित्र मात्र उपभोग गर्ने शर्तमा स्थानीय उद्योग/व्यवसायीलाई खुल्ला प्रतिस्पर्धा मार्फत उपलब्ध गराइने छ । बाँकीको हकमा खुल्ला प्रतिस्पर्धाबाट राष्ट्रिय आपूर्तिको लागि खुला वजारमा लिलाम बिक्री गरिने छ ।

प्राधिकरण सञ्चालन गर्न आवश्यक पर्ने वित्तिय स्रोत जुटाउन खुल्ला प्रतिष्पर्धावाट विक्री वितरण गरिने काठ दाउरामा शिरोभार खर्च थप गरी न्यूनतम विक्री मूल्य कायम गर्नु पर्नेछ । शिरोभारवाट प्राप्त हुने रकमवाट प्राधिकरण आत्मनिर्भर वन्नु पर्नेछ ।

प्राधिकरणको जिल्ला स्तरीय साँगठनिक संरचना तलको चित्रमा प्रस्तुत गरिएको छ ।




८.५ अन्तरिम व्यवस्था

प्राधिकरणको संरचना तयारी नभएको अवस्थामा बिद्यमान सरकारी संयन्त्रहरुले गर्दै आए वमोजिम काठ दाउराको आपूर्तिको व्यवस्था गर्ने छन् । टि.सि.एन. र वन पैदावार विकास समितिका चल अचल सम्पतिहरु र काठ दाउरा प्राधिकरण स्थापना भए पश्चात् सम्बन्धित प्राधिकरणको कार्यालयलाई हस्तान्तरण गरिने छ । त्यस्तै प्रकारले वन पैदावार विकास समितिले व्यवस्थापन गर्दै आएका वन क्षेत्रको व्यवस्थापन जिम्मा सम्बन्धित जिल्लाका जिल्ला वन कार्यालयलाई हस्तान्तरण हुनेछ । जिल्ला वन पैदावार आपूर्ति समितिको काठ दाउरा सम्वन्धित जिल्ला प्राधिकरण एकाइलाई र चल अचल सम्पति सम्बन्धित जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्नेछ ।

# अध्याय ९

## प्रतिवेदनको निश्कर्ष तथा सिफारिश

वन स्रोतको दिगो व्यवस्थापनको लागि अपनाउनु पर्ने नीति, वन विकासमा उचित लगानी र वन सम्बर्द्धनका क्रियाकलापहरुको सफल कार्यान्वयन हुन नसक्दा तराई तथा भित्री मधेशका उत्पादनशिल वनहरु व्यवस्थित हुन सकेका छैनन् । यी वनहरुमा राष्ट्रिय उत्पादन योजना अनुसार काठ दाउराको संकलन एवम् विक्री वितरण गर्न सके राजश्वमा वृद्धि हुने, आम नागरिकलाई आपूर्तिमा सहज हुने र समग्रमा वन क्षेत्रको सुशासनमा सुधार ल्याउन सहयोग पुग्ने देखिन्छ । काठ दाउरा संकलन र विक्रीमा देखिएका कमी कमजोरीलाई हटाउन उत्पादन र विक्री कार्यलाई भिन्दा भिन्दै निकाय मार्फत सम्पादन गर्न नितान्त जरुरी छ ।

उत्पादन प्रकृयामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने जिल्ला वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह आदि लाई वनको दिगो व्यवस्थापन एवम् प्रभावकारी संरक्षण, अनुगमन र वन ऐन/विधान र कार्ययोजनाको कार्यान्वयनमा केन्द्रित गराई विक्री वितरण कार्यबाट अलग गर्नु उपयुक्त हुन्छ । उत्पादक निकायहरु स्वयम् विक्रीमा संलग्न रहंदा अनुगमन एवम् नियमन कृयाकलापमा मानवीय कमी कमजोरीहरु बढ्ने भएकोले त्यस्ता निकायलाई दुबै कृयाकलापमा संलग्न गराउदा जोखिम बढ्नेछ । यस्तै प्रकृतिको विश्लेषण वन क्षेत्रसंग सम्बन्धित विभिन्न अध्ययन एवम् छानबिन प्रतिवेदनहरुमा समेत उल्लेख गरेको पाइन्छ । यसको विस्तृत विश्लेषण प्रस्तुत प्रतिवेदनको अध्याय २ मा रहेको छ ।

उपरोक्त विषयवस्तुलाई मध्यनगर गरी विक्री वितरण कार्यलाई व्यवस्थित गर्न प्रादेशिक स्तरमा नयाँ साँगठनिक संरचनाको परिकल्पना गरिएको छ । यसलाई सञ्चालन गर्न विद्यमान वन ऐन तथा नियमावलीले समेट्न नसक्ने हुंदा नयाँ ऐनको निर्माण पश्चात् कार्यान्वयनमा ल्याउन सकिनेछ । प्राधिकरण सञ्चालनमा नआएसम्म हाल कार्यरत रहेका निकायहरुले काठ दाउरा उत्पादन तथा विक्री वितरण प्रकृयालाई निरन्तरता दिने छन् ।

यस प्रतिवेदनले प्रस्ताव गरेको नयाँ संरचना स्थापना एवम् प्रभावकारी कार्यान्वयनका लागि विद्यमान वन क्षेत्रको नीति, ऐन, नियम एवम् कार्यविधिमा परिवर्तन एवम् परिमार्जनको आवश्यकता महसुस गरिएकोले यस कार्यदलबाट देहायका सुझावहरु प्रस्ताव गरिएको छ ।

- जिल्ला वन कार्यालयलाई काठ दाउरा विक्री वितरणको प्रकृयावाट अलग्याई वन व्यवस्थापन एवम् नियमन कार्यमा केन्द्रित गर्नुपर्ने,
- प्राधिकरणको कार्यक्षेत्र तोकिएको जिल्लाहरुमा जि.व.का.बाट सम्पादन गरिने छपान पश्चातका रुख कटान, मुछान, घाटगद्दी र विक्री वितरण कार्य काठ दाउरा विक्री तथा वितरण प्राधिकरण (Wood Product Sales & Distribution Authority) मार्फत गर्ने व्यवस्था मिलाउने,
- प्राधिकरणलाई आर्थिक रुपले आत्मनिर्भर र सेवामुखी बनाउनु पर्ने,
- वन क्षेत्रको दीर्घकालीन रणनीतिले प्रस्तावित प्राधिकरणको संरचना र यसको उद्देश्यलाई सम्बोधन गर्नुपर्ने,

- उपरोक्त सुझाव कार्यान्वयनको लागि आवश्यक पर्ने नयाँ ऐन नियमावलीको तर्जूमा एवम् वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ मा संशोधन गर्नुपर्ने,
- प्राधिकरण गठन भए पश्चात् यसको कार्यक्षेत्रमा कार्यरत रहेका सरकारी स्वामित्वका काठ दाउरा विक्री गर्ने निकायहरु खारेज गर्नुपर्ने,
- उच्च पहाड र हिमाली जिल्लाहरुमा रहेको विद्यमान काठ दाउरा आपूर्तिको व्यवस्थालाई निरन्तरता दिई बाँकी जिल्लाहरुमा प्राधिकरणको कार्य क्षेत्र तोक्ने,
- सरोकारवालाहरुसंग छलफल गरी प्रादेशिक कार्यालयको कार्यक्षेत्र निर्धारण गर्ने,
- पाँच वर्षको सिकाइ पश्चात् प्राधिकरणको कार्यक्षेत्र विस्तार गर्ने,
- प्राधिकरणलाई आर्थिक रुपमा आत्मनिर्भर एवम् सेवामुखी बनाउन काठ दाउराको विक्री मूल्यमा शिरोभार खर्च थप गरी मूल्य निर्धारण गर्ने एवम् विक्री डिपोहरु स्थापना गर्न अख्तियारी दिने,
- काठ दाउरा संकलनको लागि आवश्यक पर्ने आर्थिक स्रोत जुटाउन प्रत्येक प्रादेशिक कार्यालयमा वन तथा भू - संरक्षण मन्त्रालयले शुरुको वर्षमा घुम्ती कोष (revolving fund) को व्यवस्था गर्नुपर्ने ,सो रकम पाँच वर्ष भित्र नेपाल सरकारलाइ फिर्ता गुर्नपर्ने,
- प्राधिकरण कार्यरत रहेका क्षेत्रमा समुदायमा आधारित वन व्यवस्थापन पद्दतिबाट उत्पादित काठ दाउरा समूह बाहिर विक्री गर्दा प्राधिकरणको स्वीकृत न्यूनतम मूल्य भन्दा कम मूल्यमा विक्री गर्न नपाउने व्यवस्था हुनुपर्ने,
- समुदायमा आधारित वन व्यवस्थापन प्रणाली र निजी वनबाट उत्पादित काठ दाउरा प्राधिकरणलाई विक्री गर्न चाहेमा प्राधिकरणले स्वीकृत न्यूनतम दरमा खरिद गर्नुपर्ने,
- प्राधिकरणको गठन भए पश्चात् टि.सि.एन. र वन पैदावार विकास समितिका चल अचल सम्पतिहरु सम्बन्धित प्राधिकरणको कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने,
- वन पैदावार विकास समितिले व्यवस्थापन गर्दै आएको वन क्षेत्र सम्बन्धित जिल्लाका जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने,
- जिल्ला वन पैदावार आपूर्ति समितिको काठ दाउरा सम्बन्धित प्राधिकरणलाई र अन्य चल अचल सम्पत्ति सम्बन्धित जिल्ला वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने,
- प्राधिकरणलाई आवश्यक पर्ने कर्मचारीको छनौट खुल्ला प्रतिष्पर्धाबाट हुनुपर्ने,
- नेपाल वन सेवा, जनरल फरेष्ट्री समूहमा कार्यरत रहेका इच्छुक वन प्राविधिकहरुले तोकिएको प्रतिष्पर्धात्मक प्रक्रिया मार्फत एक तह माथिको पदमा उम्मेदवारी दिन पाउने व्यवस्था हुनुपर्ने,
- टि.सि.एन. र वन पैदावार विकास समितिमा कार्यरत इच्छुक दक्ष जनशक्तिहरुलाई तोकिएको प्रतिष्पर्धात्मक प्रक्रिया मार्फत छनौट गर्ने व्यवस्था हुनुपर्ने, प्रतिष्पर्धामा सहभागी हुन नचाहने वा प्रतिष्पर्धाबाट छनौट हुन नसक्ने कर्मचारीलाई सम्बन्धित निकायको नियम तथा उपलब्ध स्रोत र साधनको आधारमा सुविधा सहित अवकाशको व्यवस्था हुनुपर्ने ।

**सन्दर्भ सामग्री**


- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- राष्ट्रिय वन योजना, २०३३
- हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
- खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४
- वन विकास गुरु योजना, २०४६
- वन ऐन, २०४९ र वन नियमावली, २०५१
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- नवौं पञ्चबर्षीय योजना (सन् १९९६ - २०००)
- वन क्षेत्रको नीति, २०५७
- वन पैदावार काठ दाउरा लिलाम विक्री निर्देशिका, २०५७
- संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
- हाम्रो वन, २०५९, वन विभाग
- सहसचिव जमुनाकृष्ण ताम्राकारको संयोजकत्वमा वन क्षेत्रको लोकतान्त्रीकरण, सुशासन र दिगो व्यवस्थापन गर्न सुझाव पेश गर्न गठित कार्यदलको प्रतिवेदन, २०६३
- नेपालको अन्तरिम संविधान, २०६३,
- पूर्व सचिव सुशील भट्टराईको छानविन प्रतिवेदन, २०६७
- पूर्व मूख्य न्यायाधिशको अध्यक्षतामा गठित वन विनाश, वन अतिक्रमण र सामुदायिक वन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन, २०६७
- व्यवस्थापिका संसद, प्राकृतिक स्रोत साधन समितिको वन संरक्षण समस्या अध्ययन प्रतिवेदन, २०६७
- साझेदारी वन व्यवस्थापन निर्देशिका, २०६८
- हाम्रो वन, २०६८, वन विभाग

# अनुसूची १

## संस्थागत विश्लेषण

### क) कबुलियती वन

| निकाय | सवल पक्षहरु | कमजोर पक्ष | अवसरहरु | जोखिमहरु |
|---|---|---|---|---|
| कवुलियती वन समूह | वन ऐन २०४९, नियमावली २०५१<br>स्वीकृत कार्ययोजना | प्रभावकारी अनुगमन पृष्टपोषण व्यवस्था नहुनु । | छोटो समयमै घांस र वाख्रावाट आय, दिर्घकालमा काठ दाउरामा आत्म निर्भरको साथै वपाहय बिक्री ।<br>समूहको वचत कोष परिचालनवाट समहको जीवन सुधार । | प्रारम्भमा दैनिक मजदूरीको अवसरवाट वञ्चीतले जीवन गुजारामा कठीन । |

### ख) संरक्षण क्षेत्र प्रणाली

| निकाय | सवल पक्षहरु | कमजोर पक्ष | अवसरहरु | जोखिमहरु |
|---|---|---|---|---|
| रा.नि. र व.ज.स.आ.का | • राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन, २०२९ तथा राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण नियमावली, २०३० , वन्यजन्त आरक्ष नियमावली, २०३४ | • वरामद गरिएका काठ दाउराको लिलाम विक्रि भएतापनि राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु आरक्ष क्षेत्रको कोर एरियामा वन्यजन्तुको वासस्थान विस्तारका लागि कटान गरिएका रुखहरुका काठ दाउरा विक्री गर्ने व्यवस्था नभएको । | | • कार्यालयको ध्यान जैविक विविधता संरक्षणमा भन्दा काठ दाउरा विक्री वितरण तर्फ केन्द्रीत भई जैविक विविधता संरक्षणमा समेत दीर्घकालीन रुपमा असर पर्न सक्ने |
| मध्यवर्ती क्षेत्रको उपभोक्ता समिति | • मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२<br>• प्राकृतिक स्रोतको संरक्षण, वनपैदावारको उपयोग र सामुदायिक विकासको स्वीकृत कार्ययोजना | • काठ दाउरा संकलन तथा बिक्री सम्बन्धी कार्यको अनुगमनमा कमी । | | |
| मध्यवर्ती क्षेत्रसंग सम्बन्धीत रा.नी./वजस आका | • मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ | | | |
| | • वातावरण संरक्षण, वन पैदावारको सन्तुलित उपयोग, सामुदायिक विकास र भूउपयोगिता प्रणाली लाग गर्ने क्षेत्र सहितको स्वीकृत | | | |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापन कार्ययोजना । | | | |
| | • वातावरण संरक्षण, वन पैदावारको सन्तुलित उपयोग, सामुदायिक विकास र भू उपयोगिता प्रणाली लाग गर्ने क्षेत्र सहितको स्वीकृत व्यवस्थापन कार्ययोजना । | | | |
| | • मध्यवर्ति क्षेत्र वनको संरक्षण एवम्व्यवस्थापन संरक्षकको जिम्मेवार | | | |
| | • मध्यवर्ती क्षेत्रको उपभोक्ता समितिले लिन नचाहेमा काठ दाउरा वाहय बिक्री । | | | |
| | • संरक्षण क्षेत्र सरकारी व्यवस्थापन | | | |
| संरक्षण क्षेत्र को कार्यलय, सं क्षे व्यवस्थापन परिषद,,उपभोक्ता समिति | • नियमावली,२०५७<br>• जिविस प्रतिनिधि,, पिछडिएका वर्ग र संरक्षक रहेको संरक्षण क्षेत्र व्यवस्थापन परिषद । | • काठ दाउरा संकलन तथा बिक्री सम्बन्धी कार्यको अनुगमनमा कमी । | | |
| | • स्वीकृत एकिकृत योजना । | • काठ दाउरा संकलन तथा बिक्री<br>• सम्बन्धी कार्यको अनुगमनमा कमी । | | |
| | • प्रत्येक गाविसमा गाविसको अध्यक्ष पदेन सदस्या रहने बढीमा दुइवटा उपभोक्ता समिति । | | | |
| | • प्रत्येक समितिको प्राकृतिक वतावरणको संरक्षण, प्राकृतिक स्रोतको सन्तुलित उपयोग, सामुदायिक विकासको स्वीकृत व्यवस्थापन कार्ययोजना । | | | |
| संरक्षण क्षेत्र व्यवस्थापन गर्ने गैर सरकारी संस्था, प्रधान कार्यालय, संरक्षण व्यवस्थापन समिति | • प्रकृति संरक्षण कोष ऐन, २०३९ | | | |
| | • संरक्षण क्षेत्र व्यवस्थापन | | | |
| | • नियमावली,२०५३ | | | |
| | • संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ | | | |
| | • स्वीकृत विस्तृत व्यवस्थापन कार्ययोजना | | | |

| | | | | |
|---|---|---|---|---|
| | • प्रत्येक गाविसमा गाविसको अध्यक्षतामा एउटा संरक्षण क्षेत्र व्यवस्थापन समिति । | | | |
| | • समितिको स्वीकृत वन्यजन्तु लगायतका प्राकतिक स्रोतको संरक्षण, प्राकृतिक स्रोतको उपयोग, सामुदायिक तथा पर्यटन विकास सम्बन्धी व्यवस्थापन कार्ययोजना । | | | |

## ग) स्थानीय निकाय तथा सार्वजनिक जग्गाको वन व्यवस्थापन गर्ने निकाय

| निकाय | सवल पक्षहरु | कमजोर पक्ष | अवसरहरु | जोखिमहरु |
|---|---|---|---|---|
| स्थानीय निकायः गा.वि.स. ⁄नगरपालिका | • स्थानीय स्वायत शासन ऐन, २०५५ तथा नियमावली २०५६<br>• विक्री गर्दा वन नियमावली, २०५१ को मूल्यलाई आधार माने ।<br>• जिवकाको सहयोगमा काठ दाउराको मूल्यांकन | • दहत्तरवहत्तरका काठ दाउरा जिविस र जिवका दुवैले आआफनो निकायसंग सम्बन्धीत कानूनको पालना गरी संकलन र बिक्री गर्न पाउनाले कार्यक्षेत्रमा overlap<br>• सार्वजनिक सडक ऐनले सडक किनारका बृक्षारोपण क्षेत्रको संरक्षण गर्ने दायित्वमात्र गाविस⁄नगरपालिकालाई दिएको ।<br>• अनुगमन | • स्थानीय आवश्यकताको आपूर्तिको लागि समन्वय<br>• स्थानियस्तरमा काठ दाउरा उप्तादन तथा बिक्री व्यवसाय बृढीवाट राजस्वको अंश र व्यवसायिक करवाट स्थानीय निकायको आयमा बृढी ।<br>• काठ दाउरा चोरी निकासी रोक्ने काममा सहयोग गरेबापतवाट आय । | |
| सार्वजनिक जग्गामा रहेका वा लगाइएको वन व्यवस्थापन गर्ने निकाय ( स्थानीय निकाय, संस्था, समह), वा व्यक्ति | • मालपोत ऐन, २०३४<br>• वन ऐन २०४९ तथा वन नियमावली २०५१<br>• स्थानीय स्वायत शासन ऐन, २०५५ तथा नियमावली २०५६<br>• सिंचाई विभाग र वन विभाग वीच नहर किनार बृक्षारोपण समबन्धी सम्झौता<br>• समहको स्वीकृत कार्ययोजना वमोजिम आन्तरिक र वाहय बिक्री ।<br>• व्यक्तिले लगाएको रुख स्वयं प्रयोग । | | • नदि वगर तथा उकास, खेर गईरहको पर्ति जग्गाको संरक्षण भई<br>• सामुदायिक र कवुलियती वनको रुपमा विकास ।<br>• विपन्न वर्गको उत्थान र वातावरण संरक्षणमा योगदान ।<br>• नहर किनारको संरक्षण एवम् वातावरण संरक्षणमा योगदान ।<br>• सार्वजनिक जग्गाको वनको वयवस्थापन | • छाडा चरिचरण ।<br>• विकास निर्माण आयोजनाको सन्दर्भमा अपरिपक्व अव्सामानै रुखहरुको कटान ।<br>• चोरी । |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्ने निकाय वा व्यक्तिको आर्थिक बृढी ।<br>• काठ दाउरा माग आपूर्तिमा योगदान । | |
| सडक विभाग | • सार्वजनिक सडक ऐन,२०३१<br>• रुखको काटछाट एवम्‌आवागमनमा बाधा पयाएमा हटाउने ।<br>• सडक किनारका रुखको संरक्षण गर्ने जिम्मा गाविस/ नगरापालिकाको भएतापनि कनै व्यक्ति वा संस्थाद्वरारा गराउन सक्ने ।<br>• अखतीयार दरुपउपयोगले निवारण आयोगले सडकका रुखको कटान तथा बिक्री सम्बन्धी कार्य गर्दा सदक विभागले जिल्ला वन कार्यालयसंग अनिवार्य रुपमा समन्वय गरी गर्न आदेश दिएको (काठमाण्डौ जिवका) | • सडक किनार बृक्षारोपण तथा रुखको व्यवस्थापन सम्बन्धी व्यवसायीक पक्ष कमजोर ।<br>• सडक विभाग, जिल्ला वन कार्यालय र स्थानीय निकाय वीच समझदारी र समन्वयको कमी<br>• अनुगमन | • सडक विभागको आयमा बृढी<br>• सडकको सरक्षा<br>• अतिक्रमणवाट सडक सिमाको सुरक्षा | • खुला चरिचरण |

# अनुसूची २

## मूल्य अभिवृद्धि श्रृंखला

क) दहत्तर वहत्तर

| विवरण/ कार्यहरु | सरोकारवालाहरु | | समस्या/चुनौतिहरु |
|---|---|---|---|
| | तोकिएका निकायहरु | सहभागी हुने गरेका निकायहरु | |
| छपान | • रे पो र इ व का<br>• जि.वि स | • रे पो र इ व का<br>• जि.वि.स.<br>प्रायजसो थप सहभागी हुने गरेका<br>• ठेकेदार<br>• पेटी ठेकदार | |
| कटान, मुछान | • रे पो र इ व का<br>• जि.वि स<br>• जि.व.का. वाट कटान गर्ने अनुमति पाएको ठेकेदार | • रे पो र इ व का<br>• जि.वि.स.<br>• जि.व.का. वाट कटान गर्ने अनुमति पाएको ठेकेदार। | • खोला छेउ छाउको वन क्षेत्रबाट लडेको ढलेको मरेको रुखहरु कटान गरी चाृरी हुने जोखिम। |
| काठको ढुवानी | • रे पो र इ व का<br>• जि.वि स<br>• जि.व.का. वाट कटान गर्ने अनुमति पाएको ठेकेदार। | • रे पो र इ व का<br>• जि.वि.स.<br>• जि.व.का. वाट कटान गर्ने अनुमति पाएको ठेकेदार। | |
| घाटगद्दी | • रे पो र इ व का<br>• जि.वि स<br>• जि.व.का. वाट कटान गर्ने अनुमति पाएको ठेकेदार। | • रे पो र इ व का<br>• जि.वि.स.<br>• जि.व.का. वाट कटान गर्ने अनुमति पाएको ठेकेदार। | |
| लिलाम | • जि. व. का.<br>• जि.वि.स.<br>• वन विभाग<br>• काष्ठ व्यवसायी | • जि. व. का.<br>• जि.वि.स.<br>• वन विभाग<br>• काष्ठ व्यवसायी<br>प्रायजसो थप सहभागी हुने गरेका निकायहरु :<br>• स्थानीय प्रभावशाली अनौपचारीक संघ संस्था वा व्यक्ति आदि। | |

ख) नेपाल सरकारको निर्णयले विभिन्न विकास आयोजना सञ्चालनको लागि कटान गरिने रुखहरु

| विवरण / कार्यहरु | सरोकारवालाहरु | | समस्या/चुनौतिहरु |
|---|---|---|---|
| | तोकिएका निकायहरु | सहभागी हुने गरेका निकायहरु | |
| छपान | • सम्बन्धित निकाय<br>• क्षे. व नी.<br>• रे पो/ इ व का/जि व का | • सम्बन्धित निकाय<br>• क्षे व नी<br>• रे पो/ इ व का/जि व का | • कमजोर अनुगमन तथा सम्झौताको प्रभावकारी कार्यान्वयन नहुंदा वन क्षेत्रको निरन्तर ह्रास हुनुको साथै आपूर्तीमा समेत नकारात्मक प्रभाव |
| कटान, मुछान | • सम्बन्धित निकाय<br>• रे पो, इ व का<br>• टी सी एन/ठेकेदार | • सम्बन्धित निकाय<br>• रे पो, इ व का<br>• टी सी एन/ठेकेदार | |
| ढुवानी तथा घाटगद्दी | • सम्बन्धित निकाय<br>• रे पो/ इ व का/जि व का<br>• क्षे. व. नि. | • सम्बन्धित निकाय<br>• रे पो/ इ व का/जि व का<br>• क्षे. व. नि | |

## अनुसूची ३

### बहुसरोकारवालाहरुसंगको अन्तरक्रियाको संक्षिप्त टिपोट

**क) उत्पादन स्रोत (आपूर्ति परिमाणमा प्राथमिकता)**

(१) राष्ट्रिय वन

- सरकारद्वारा व्यवस्थित वन
- सामुदायिक वन
- साझेदारी वन
- मध्यवर्ती सामुदायिक वन
- धार्मिक वन

(२) निजी वन (दर्ता/वेदर्ता)
(३) निजी आवादी
(४) वन क्षेत्रमा विकास आयोजना सञ्चालनवाट प्राप्त काठ दाउरा
(५) दरियावुर्दि
(६) चोरी कटानी / जफती वा मुद्दा
(७) पुरानो घर - चिरान विक्री
(८) सार्वजनिक जग्गामा रहेको वन - सडक/नहर किनारा आदि
(९) वन पैदावार विकास समिति

**टि.सि.एन.. को स्रोत**

- राष्ट्रिय वन सरकारद्वारा व्यवस्थित वन
- सामुदायिक वन र साझेदारी वन
- निजी वन (दर्ता/वेदर्ता) -दाउरा र पोल
- विकास निर्माणको लागि नेपाल सरकारको निर्णयले हटाएका रुख वस्ती स्थानान्तरण
- वन पैदावर विकास समिति सागरनाथ वन विकास परियोजना

**(ख) उत्पादन स्थलबाट विक्री भएका काठ दाउरा बजार सम्म पुऱ्याउने कार्यमा के कसता कठिनाईहरु छन् ? समाधान उपाय के ?**

- प्रस्तावित सामुदायिक वनद्वारा सरकारद्वारा व्यवस्थित वन सरह ओसार पसारमा अवरोध ।
- सुरक्षित स्थानमा घाटगद्दी स्थान छनौटमा स्वतन्त्र रुपमा वन ऐन, नियमानुसार कार्य गर्न बाधा अवरोध ।

- गोलिया काठ घाटगद्दीस्थानबाट उठाई बजार तथा स:मील सम्म लैजान स्थानीय क्लव, समूह आदि चन्दा सहयोग भन्दै अवराध पु¥याउने ।
- काठ दाउरा संकलन प्लट लिन प्रति एकाई रु. ५०-९० सम्म कवोल गरी कब्जा गर्ने नियतले अनैतिक वा अस्वस्थ्य प्रतिस्पर्धा हुने ।
- ठेक्काद्वारा काठ दाउरा संकलनमा सिन्डीकेट ।
- सामुदायिक वन उपभोक्ता समूहमा काठ प्रशोधन अधिकार नभएको ।

सामुदायिक वन विशेष - Forest Action

- प्रक्रियामा लामो धेरै पटक जिल्ला वन कार्यालय धाउनु पर्दा Trasaction cost high
- स्वच्छ प्रतिस्पर्धा नहुनु (अनौपचारिक क्षेत्रको अवरोध)
- Technology efficient नहुदा र प्रक्रिया लामो हुंदा सडी गली गुणस्तरमा ह्रास हुंदा खेर जाने
- अनौपचारिक खर्चको थप मूल्यमा चाप - उपभोक्ताले सहज र सरल रुपमा नपाउने ।

सुझावः

- E-Bidding
- काठ दाउरा विक्री गर्ने सहकारी व्यवसायी केन्द्र विकास हुनु पर्ने - हाल भएका सकार र समुदाय व्यवसायिक प्रकृतिका छैनन् ।
- संकलन दर रु ५६ पर्छ तर सामुदायिक वनले रु. ३००-५०० प्रति ईकाई लागत अनुमान गर्छ तसर्थ सरकार र सामुदायिक वनले संकलनमा लगानी गरी खुल्ला प्रतिस्पर्धामा विक्री हुनु पर्ने ।
- नप पैमाइ्स, लट निर्धारण, लिलाम अनुमानयोग्य र पारदर्शी हुनु पर्ने ।
- संकलन र व्यवसायीक खरिदकताए फरक हुनु पर्ने ।(काट्नेले किन्नु हुन्न)
- घाटगद्दी स्थल सुगम र सुरक्षित हुनु पर्ने ।
- संरक्षण गर्ने र बच्ने निकाय एउट हुनु हुदैन ।
- समूह र व्यवसायीलाई एक नीति हुनु पर्ने (उदाहरणका लागि उद्योगको वनक्षेत्रबाट हुने गरी)
- समूहमा स:मील भए AAH Axceed गर्दा स्रोत Exploit बढ्छ । यसमा check & balance रहन पर्छ ।
- Cost analysis गरेर लागत मूल्यमा खरिद व्यवस्था ।
- स्रोतमा सवैको समान पहुंच हुनु पर्ने, सिन्धुलीमा साल रु. २५।क्यू.फि. साग भन्दा सस्तो यस्तो विकृत Incentive ले सवैलाई चुप गराउछ ।
- विक्री वितरणमा CF उत्पादन, Government processing private dealer तेल जस्तो ।
- CF Forest management मा सरकार भन्दा सवल छ , सरकार नियमनमा सिमित हुनु पर्ने - व्यवस्थित प्रकृति नभएकोले वजार छोड्नु पर्ने ।
- प्रविधि- CF has neither purchase technology nor govt. provides.
- TCN मा competing छैन ।

उत्पादन र वजार मूल्य अन्तर

- Externality – threst to price rise .
- Govt. has monopoly on policy decision & not accountable to irrationality (eg. Grading – force technitian to grade B class to A, C class to B – खयर विक्री भएन, खयर जरा काठ भन्दा महंगो छ ।
- राजस्व Revied
- मूल्य अन्तर क मगर्न - सरक्षा, सही नाप पैमाईस र सुरक्षित उठाउने वातावरण हुनु पर्ने ।

आपूर्ति सुधार

- राज्यको नीति संरक्षण मात्र जस्तो भयो सदुपयोग वा आपूर्ति जिम्मेवारी फितलो छ ।
- नापी कठिनाई १/२" भए १" गर्ने ।
- टेण्डर प्रक्रिया हाकिममुखी - सेवा प्रदायक भएन ७ दिन भित्र गर्ने धेरै दिन लाग्छ यसले मूल्य बढाउछ, आपूर्ति व्यवस्था निरुत्साहित हुन्छ ।
- त्यसै गरी शिलवन्दी अविलम्ब गरिनु पर्ने विमार्का तुरुन्त पैसाको मूल्य छ ।
- विक्री सूचना खुल्ला, सुरक्षित दाखिला, १०% धरौटीलाई ५% गराइनु पर्ने ।
- काठ सःमीलवालाले मात्र खरिद गरिनु पर्ने ।
- टेण्डर स्वीकृत अख्तियारी फराकिलो जिल्लामा स्वीकृत हुने व्यवस्था ।
- Stock holding time
- संकलन खर्च पर्याप्त
- आफ्नो खरिद सम्पत्ति आफु खुशी चिरान पाउनु पर्ने ।
- प्रजाति प्रतिवन्ध गरिनु भएन ।
- आपूर्ति समितिमा व्यवसायी (Pvt.) प्रतिनिधि छैन - जिम्मेवार को ?
- माग आपूर्ति योजना तयार गरी कार्यान्वयन हुनु पर्ने।
- काठ काट्नेलाई वजार नदिने ।
- प्रविधि सिकाउन सवल पार्न निजी क्षेत्रलाई International nation exposure दिनु पर्ने ।

## Forest Action

- आपूर्तिमा सरकारको केन्द्रीय भूमिका छ तसर्थ बढी Constructive, inclusive र Practical हुनु पर्ने ।
- निकासी प्रतिवन्ध लगाउन नपाउनु पर्ने - जिम्मेवार हुनु पर्छ ।
- सूचना र तथ्यांक आधारमा निर्णय हुनु पर्छ ।